## आभार

प्रदेश नं ५ भित्र रेहका पुरातात्विक, एतिहासिक, धार्मिक सम्पदाहरुको अभिलेखाङ्कन का लागी यस टोलिलाई विश्वास गरी सो कार्य अगाडि बढाउन जिम्मा प्रदान गरीदिनु भएकोमा सर्वप्रथम उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं ५ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छौँ । साथै अध्ययनका क्रममा आवश्यक समन्वय तथा सहयाग गरीदिनु भएकोमा श्रीमान् सचिव डा राधा वाग्ले, महाशाखा प्रमुख ज्युहरु श्री विजय सुबेदी, श्री रुद्र प्रसाद ज्ञवाली र शिव बहादुर के.सी. (अधिकृत सातौं) ज्यु प्रति आभार प्रकट गर्न चाहान्छौं ।

त्यसै गरी, अध्ययन टोलिलाई विभिन्न तथ्याङ्क तथा सूचनाहरु, आवश्यक मार्गदर्शन तथा सुझावहरु प्रदान गरी सहयाग पुर्याउने प्रदेश नं ५ मा कार्यरत संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छौं । कार्य क्षेत्रको अध्ययन टोली संग सहकार्य गरेर सकारात्मक दृष्टिकोण प्रदान गर्नुहुने सम्पूर्ण प्रदेश नं ५ का जिल्ला समन्वय समिति प्रमुखहरु, स्थानीय तहका प्रमुखहरु र स्थानिय बासिन्दाहरु प्रति हामि हृदय देखि नै कृतज्ञता प्रकट गर्न चाहान्छौं ।

अन्तमा, यस कार्यका लागी आ-आफ्नो क्षेत्रबाट योगदान पुर्याउनु हुने मन्त्रालयमा कार्यरत सम्पूर्ण व्यक्तित्वहरु प्रति धन्यवाद व्यक्त गर्न चाहान्छौ ।

अध्ययन टोली ।

# विषय सूचि


आभार ....... १

१. अध्ययन पृष्ठभूमि ....... ८

२. अध्ययनको उद्देश्य ....... ९

३. अपेक्षित नतिजा ....... १०

४. अध्ययन सिमा ....... ११

५. स्थलगत अध्ययन क्षेत्र ....... १२

६. प्रदेश ५ को पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पृष्ठभूमि ....... १४

७. प्रदेश ५ मा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको विवरण ....... १७

बाँके जिल्लमा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक क्षेत्र ....... २६

१. बागेश्वरी मन्दिर ....... २६

२. भुँवरभवानी मन्दिर ....... २८

३. हजरत बाबा कम्मल शाह धार्मिक क्षेत्र ....... ३१

४. छोटी मस्जिद ....... ३३

५. बौद्ध विहार, वैजनाथ ....... ३६

बर्दिया जिल्लामा पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु ....... ३८

१. ओम कोदारेश्वर धाम ....... ३८

२. ठाकुद्वारा धार्मिक क्षेत्र ....... ४१

३. सदाशिव मन्दिर ....... ४४

४. कोटही भगवती मन्दिर ....... ४६

५. बङ्गलामुखि मन्दिर ....... ४८

दाङ्ग जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु ....... ५०

१. श्री गोरक्षा पात्र देवता सिद्धरत्ननाथ मठ ....... ५०

२. पाण्डवेश्वर महादेव धाम ....... ५३

३. अम्बिकेश्वरी मन्दिर क्षेत्र ....... ५५

४. छिल्लीकोट ............ ५७
५. थारु राजा दङ्गी शरणको दरबार अवशेष ............ ५९
६. रामजानकी मन्दिर ............ ६१
७. बगार बाबा धार्मिक स्थल ............ ६३
कपिलवस्तु जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा क्षेत्र ............ ६५
१. सोनवागढी ............ ६५
२. विकुलिको पुरातात्विक ढिस्को ............ ६७
३. सिसनियाकोट ............ ६९
४. हर्दैवा पुरातात्विक क्षेत्र ............ ७१
५. लम्तियाकोट ............ ७३
रुपन्देही जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा ............ ७५
१. मणिमुकुन्द सेन दरबार अवशेष ............ ७५
२. बञ्जराहि पुरातात्विक स्थल ............ ७७
३. सैनामैना पुरातात्विक क्षेत्र ............ ७९
४. मदारथान ............ ८१
५. कुमारवर्तिमाई ............ ८३
नवलपरासी पश्चिमका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु ............ ८५
१. मदारबाबा ............ ८५
२. बाबा बर्दगोरीया ............ ८७
३. शिवपुरगढी ............ ८९
४. पण्डितपुर पुरातात्विक स्थल ............ ९१
५. कन्यामाई मन्दिर ............ ९३
६. बैरीमाई मन्दिर ............ ९४
पाल्पा जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु ............ ९५
१. अमरनारायाण मन्दिर ............ ९५

२. रानी महल....................................................................................................................९७

३. भैरवस्थान ....................................................................................................................९९

४. ऋषिकेशव मन्दिर...........................................................................................................१०१

५. रम्भादेवि/रमापानी ........................................................................................................१०३

रोल्पा जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु.................................................१०५

१. त्रिपुरेश्वरी देवि मन्दिर क्षेत्र ........................................................................................१०५

२. गजुलकोट .......................................................................................................................१०७

३. पारीङ्ग मारिङ्ग भैरव मन्दिर ..........................................................................................१०९

४. रुन्टी स्वर्गद्वारी महाप्रभुको जन्मस्थल..........................................................................११०

प्यूठान जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु.......................................................११२

१. भित्रीकोट .......................................................................................................................११२

२. भिमसेन मन्दिर...............................................................................................................११४

३. तुसारकोट .......................................................................................................................११५

४. स्वर्गद्वारी धार्मिक क्षेत्र...................................................................................................११७

५. उदयपूरकोट .....................................................................................................................१२०

६. सारीकोट..........................................................................................................................१२१

७. बाग्दुला गैरा गुफा ऐतिहासिक तथा पर्यटकिय क्षेत्र ..........................................................१२३

८. रानीकुवा (रानीपौवा गढी).................................................................................................१२५

गुल्मी जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु...............................................१२७

१. रेसुङ्गा यज्ञशाला .............................................................................................................१२७

२. रुरु क्षेत्र............................................................................................................................१२९

३. सुगन्ध विहार....................................................................................................................१३१

४. शिव मन्दिर.......................................................................................................................१३३

अर्घाखाँचि जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु...................................................१३४

१. श्री छत्र (वरुवरेक) महाराज कोट दरबार ..........................................................................१३४

२. सुपादेउरालि मन्दिर क्षेत्र ....... १३६
३. पर्शुरामेश्वर शिवालय ....... १३८
४. अर्घा भगवती मन्दिर ....... १४०
५. केरुङ्गा कालिका भगवति मन्दिर ....... १४२
६. बाईस खुट्टे लामपाटी तथा गोपेश्वर मन्दिर ....... १४४
रुकुम पूर्वमा रहेका पुरातात्विक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु ....... १४६
१. बराहा मन्दिर ....... १४६
२. रुकुमकोट दरबार ....... १४८
पुरातात्विक, ऐतिहासिक तथा धार्मिक अध्ययन गरीएका क्षेत्रमा देखिएका चुनौतिहरु ....... १५०
प्रदेशमा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको सम्भावना ....... १५१
प्रदेश ५ मा अध्ययन गरीएका सम्पदा क्षेत्रमा तत्काल गर्न सकिने कार्यहरु ....... १५३
निष्कर्ष ....... १६०
परीशिष्ट ....... १६१
प्रदेश ५ का अन्य पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाका सम्भावना भएका क्षेत्र ....... १६१
प्रदेश ५ का अध्ययन गरीएका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा क्षेत्रका नक्साहरु ....... १७०
स्थलगत अध्ययनमा संकलन गरीएका चेकलिष्टहरु ....... १७१

Photograph 1 : बागेश्वरी मन्दिर ........ २६
Photograph 2 : भुँवरभवनी मन्दिर ........ २८
Photograph 3: हज्रत् बाबा कम्मल शाह दर्गा ........ ३१
Photograph 4: छोटी मस्जिद ........ ३३
Photograph 5: बौद्ध विहार ........ ३६
Photograph 6: ओम केदारेश्वर धाम शिवलिङ्ग ........ ३८
Photograph 7 : १०८ गौ मुखि ओम केदारेश्वर धाम ........ ३८
Photograph 8 : ठाकुर द्वारा मन्दिर ........ ४१
Photograph 9: सदासिव मन्दिर ........ ४४
Photograph 10 : कोटही देवि मन्दिर ........ ४६
Photograph 11: बङ्गलामुखि मन्दिर परिसर ........ ४८
Photograph 12 : गोरक्षा पात्र देवता मुल मठ ........ ५०
Photograph 13 : पाण्डवेश्वर मन्दिर नजिकको त्रिशुल (द्वितिय श्रोत) ........ ५३
Photograph 14 : अम्बिकेश्वरी मन्दिर (द्वितिय श्रोत) ........ ५५
Photograph 15: छिल्लीकोटमा रहेको ऐतिहासिक सम्रचना ........ ५७
Photograph 16 : थारु राजा दङ्गिशरण को दरबार रहेको क्षेत्रमा निमाणा भइरहेको भ्यू-टावर ........ ५९
Photograph 17 : राम जानकी मन्दिर ........ ६१
Photograph 18 : बगार बाबा धार्मिक स्थल ........ ६३
Photograph 19 : सोनवा गढमा रहेका ढुङ्गाका अवशेष ........ ६५
Photograph 20 : विकुलिको पुरातात्विक अवशेष रहेको क्षेत्र ........ ६७
Photograph 21 : सिसनियाकोट ........ ६९
Photograph 22 : हर्देवा कोट ........ ७१
Photograph 24: लम्तिया कोट ........ ७३
Photograph 26 : मणिमुन्द राजाको दरबार अवशेष ........ ७५
Photograph 28 : बञ्जराहि क्षेत्रमा रहेको पुरातात्विक अवशेष ........ ७७
Photograph 30 : प्राचिन अवशेषहरु ........ ७९
Photograph 32: रानी कुवा ........ ७९
Photograph 34 : मदारस्थान ........ ८१
Photograph 36 : कुमारवर्ति माता मन्दिर (द्वितिय श्रोत) ........ ८३
Photograph 38 : मदारबाबा क्षेत्रमा रहेका संरचना ........ ८५
Photograph 40 : बाबा बर्दयोरीया मन्दिर क्षेत्र ........ ८७
Photograph 42 : शिवपुर गढी ........ ८९

Photograph 44 : पण्डितपुरमा अवस्थीत प्राचिन अवशेष मथिको स्थानीयको खेत ........ ९१
Photograph 46 : कन्यामाइ मन्दिर क्षेत्र ........ ९३
Photograph 48 : बैरीमाई मन्दिर क्षेत्र ........ ९४
Photograph 50 : मुख्य मन्दिर अमरनारायण ........ ९५
Photograph 52 : मन्दिर परिसरको एक पाटि ........ 95
Photograph 54 : रानी महल ........ ९७
Photograph 56: भैरव स्थान मन्दिरको दृश्य ........ ९९
Photograph 58 : मुख्य मन्दिर ........ १०१
Photograph 60 : रम्भा देवि मन्दिर क्षेत्र ........ १०३
Photograph 62 : त्रिपुरेश्वरी मुख्य मन्दिर ........ १०५
Photograph 64: गजुलकोट (द्वितिय श्रोत) ........ १०७
Photograph 66 : पारिङ्गमारिङ्ग क्षेत्रमा रहेको मन्दिर (द्वितिय श्रोत) ........ १०९
Photograph 68 : रुन्टी क्षेत्र (द्वितिय श्रोत) ........ ११०
Photograph 70 : कोट क्षेत्रमा रहेको मन्दिर (द्वितिय श्रोत) ........ ११२
Photograph 72 : तुसारकोट मा रहेको मन्दिर (द्वितिय श्रोत) ........ ११५
Photograph 74 : स्वर्गद्वारी यज्ञशाला (द्वितिय श्रोत) ........ ११७
Photograph 76 : सारीकोटमा रहेको कोटघर (द्वितिय श्रोत) ........ १२१
Photograph 78 : बाग्दुलामा रहेको पिक्निक स्पट ........ १२३
Photograph 80 : रानी कुवा ........ १२५
Photograph 82 : रेशुङ्गा यज्ञशाला (द्वितिय श्रोत) ........ १२७
Photograph 84 : रुरु क्षेत्रमा रहेको गुफा ........ १२९
Photograph 86 : सुगन्ध विहार ........ १३१
Photograph 88 : छत्र वरुबरेक महाराज कोट दरबार ........ १३४
Photograph 90 : सुपादेउरालि मन्दिर ........ १३६
Photograph 92: पर्शुरामेश्वर मन्दिर ........ १३८
Photograph 94 : अर्घाभगवती माँन्दिर (द्वितिय श्रोत) ........ १४०
Photograph 96 : कालिका मन्दिर ........ १४२
Photograph 98 : गापेश्वर नजिक २२ खुट्टे पाटी ........ १४४
Photograph 100 : बराह मन्दिर (द्वितिय श्रोत) ........ १४६

## १. अध्ययन पृष्ठभूमि

देशको समानरुपले विकास गर्न भनि छुट्टाएको सात प्रदेश मध्यको एक, प्रदेश नं ५ सांस्कृतिक सम्पदाका दृष्टीले महत्वपुर्ण छ । यस प्रदेशमा अर्गाखाँचि, बाँके, बर्दिया, दाँङ्ग, पूवी रुकुम, गुल्मी, कपिलवस्तु, परासी, पाल्पा, प्युठान, रोल्पा, रुपन्देही जस्ता १२ वटा जिल्ला छन् भने ३२ नगरपालीका र ७३ गाँउपालिका रहेका छन् । उत्तर तर्फ गण्डकी र कर्णाली प्रदेश, पष्चीममा सुदुर पष्चिम प्रदेश र दक्षिणमा भारतको उत्तर प्रदेश राज्यको सिमाना रहेको छ ।

राष्ट्रिय सम्पदा कुनै पनि देशका लागी आफनो संस्कृतिको पहीचान दिलाउने माध्यम हुन् । नेपालमा रहेका यस्तै पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा हरु ले यस क्षेत्रमा परापूर्व काल देखि विकसित भएका सभ्यता तथा कलाको प्रमाण दिने गर्दछन् । यस प्रकारका सम्पदाहरुमा हामी नेपालको ईतिहासका शासक वंश, धर्म, वातावरण तथा भौगोलिक बिविधताको प्रभाव पाउँन सक्छौ । काठमाडौंमा उपत्यका तथा आसपासका क्षेत्र गरी ७ वटा, लुम्बिनी, सगरमाथा राष्ट्रिय निकुञ्ज तथ चितवन राष्ट्रिय निकुञ्ज सहित आजको मिती सम्म १० वटा सम्पदा क्षेत्रहरु UNESCO World Heritage sites को सूचिमा रहेका छन् । यस्को माध्यमबाट स्थानिय तथा विश्व जनसमुदायमा नेपालको मौलिक ईतिहास, संस्कृति तथा कलाको बारेमा जानकारीका साथै शिक्षा प्रदान गरीएको छ । यसरी प्राचिनकाल देखि विकसित हुँदै आएका सम्पदाहरु लाई जोगाइ राख्नु र भावि पुस्ताहरुलाई नासोको रुपमा हस्तानतरण गर्नु आज हरेक जिम्मेवार नागरीकको कर्तव्य बनेको छ ।

नेपालमा विशेष गरी चल, अचल ,मूर्त र अमूर्त जस्ता धेरै सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरु छन् जसको व्यवस्थीत अभिलेखाङ्कन गर्न सके यिनै सम्पदाहरुलाई सांस्कृतिक पर्यटनको स्रोतका रुपमा विकास गर्न सकिन्छ । सम्पदा क्षेत्र र यस संग सम्बन्धीत विभिन्न घटना, कथा, मेला तथा जात्राहरुले कुनै पनि पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको महत्व बढाइरहेका हुन्छन् । लुम्बिनी, तिलौराकोट, रामग्राम, बुटवल, रुरु क्षेत्र, स्वर्गद्वारी जस्ता ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाहरुले यस क्षेत्रको पर्यटनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस्ता महत्व बोकेको क्षेत्र भ्रमण गर्ने पर्यटकको चाहाना लाई मध्य नजर गर्दै, नेपालमा पर्यटन योजनाहरु बन्दै आएका छन् । यस प्रकारको सांस्कृतिक पर्यटनले नेपालको आर्थिक स्थीति को उत्थान गर्नुका साथै, रोजगारका लागी नयाँ स्रोतहरुको सृजना गर्न समेत सहयोग पुर्याएको छ ।

यसरी सम्पदा सूचिमा रहेका विश्व सम्पदा क्षेत्रहरु लाई प्रमुख पर्यटकिय गन्तव्यका रुपमा विकास गरी नेपालमा वर्षेनि सांस्कृतिक तथा अन्य पर्यटकहरु भित्राउन सहयोग मिलेको छ । विश्व पर्यटन बजारमा भ्रमणका लागी निकै योग्य राष्ट्रका रुपमा परिचित भएता पनि काठमाडौं र आसपासका जिल्लामा मात्र बढि केन्द्रित भएको नेपालको सांस्कृतिक पर्यटन तथा संरक्षणकार्य लाई सात वटै प्रदेशमा समान रुपले विकास गर्ने योजानका साथ सम्पदा अभिलेखिकरण कार्यको थालनि भएको छ । यसै कार्यलाइ अघी बढाउँदै प्रदेश ५मा पनि पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको अभिलेखाङ्कन कार्य गर्नका लागी यस प्रारम्भीक प्रतिवेदन तयार पारीएका हो ।

भौगोलिक बिविधताले भरीएको यस प्रदेशमा जाति, धर्म तथा संस्कृतिको पनि बिविधता पाइन्छ । यस प्रदेशका १२ जिल्लाहरु मध्य बाके, बर्दिया, दाँङ्ग, कपिलवस्तु, रुपन्देहि, परासी जस्ता ६ वटा जिल्ला तराइ भागमा पर्दछन् भने पूर्वी रुकुम, रोल्पा, पष्चिम बाग्लुङ्ग, गुल्मी, प्यूठान, अर्घाखाचि, पाल्पा जस्ता जिल्ला पाहाडी भूभागमा पर्दछन् । यस बाहेक यस प्रदेश ५ मा ४ उप-महानगरपालिका, ३२ नगरपालिका तथा ७३ वटा गाँउपालिकाहरु रहेका छन् ।

## २. अध्ययनको उद्देश्य

नेपालमा भएका धार्मिक एवम् सांस्कृतिक महत्वका सम्पदाहरुको उचित व्यवस्थापन र विकास गर्नको लागी नेपाल सरकारद्वारा विभिन्न स्तरको कार्यक्रमहरु समय समयमा संचालन भइरहेका छन् । तर्सथ प्रदे्श सरकारको नेतृत्वमा यस प्रदेश ५ मा, पहिचानमा, निर्माणको समयबाट १०० वर्ष वा सो भन्दा अघि स्थापना भएका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक संम्पदाका क्षेत्रको अभिलेखाङ्कन तयार गर्नको लागी गरिने यस अध्ययनको प्रमुख उद्देश्य निन्न प्रकारका छन् ;

- यस क्षेत्रमा अभिलेखाङ्कन कार्यको सूचिमा रहेका सांस्कृतिक तथा पुरातात्विक सम्पदास्थलको स्वामित्वको अध्ययन गर्ने ।
- यस प्रदेशका सांस्कृतिक र पुरातात्विक सम्पदाको ऐतिहासिकताका अध्ययन गर्ने ।
- यहाँका सम्पदाको भौगोलीक अवश्थाको अध्ययन गर्ने ।
- सम्पदा क्षेत्र र पुरातात्विक क्षेत्रको नक्सा तयार पारी विस्तृत विवरण सहितको अभिलेखाङ्कन प्रतिबेदन तयार पार्ने ।
- फोटोग्रफ, भिडीयोग्राफ, नक्साका माध्यमबाट आवश्यक जानकारी संकलन गरी त्यसको व्यवस्थित कागजात तयार गर्ने ।
- सामाजिक संलग्नतालाइ मध्य नजर गरी स्थानियको सहभागीतामा अभिलेखाङ्कन कार्यको थालनी गर्ने ।
- स्थानिय लाई सांस्कृतिक र पुरातात्विक महत्वका बारेमा जनकारी दिइ अभिलेखाङ्ककन कार्यमा जानकारी प्रदान गर्न उत्साहित गर्ने ।
- यस प्रदेश ५ मा पहिचान हुन नसकेका सांस्कृतिक तथा पुरातात्विक सम्पदाको पहिचान र अध्ययन गर्ने ।
- अभिलेखिकरण कार्य पछि यस्ता सम्पदाको उचित संरक्षण, विकास र प्रर्वद्धनका लागी गर्न सकिने सम्भावितकार्यको संक्षिप्त अध्ययन गर्ने ।
- यस्ता सांस्कृतिक तथा पुरातात्विक सम्पदालाइ पर्यटकिय स्रोतकारुपमा विकास गर्नसकीने सम्भावनाको अध्ययन गर्ने ।

## ३. अपेक्षित नतिजा

यस प्रदेश ५मा अवस्थीत पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको अभिलेखाङ्कन कार्यको अध्ययनका लागी अपेक्षित नतिजा निम्न प्रकारका छन् :

- प्रदेश ५का १२ वटै जिल्लका भौगोलिक दृष्टिकोणले अध्ययन गर्न सहज पुरातात्विक, ऐतिहासिक तथा धार्मिक क्षेत्रको अध्ययन गर्ने ।
- अध्ययनमा सम्पदा क्षेत्रको भौगालिक अवस्थीति, क्षेत्रफल, लम्बाई, चौडाई, निर्माण सामाग्री का अध्ययन गर्ने ।
- सम्पदा क्षेत्रको महत्वको बारेमा अध्ययन गर्ने ।
- सम्पदाको ऐतिहासिकता तथा सम्पदा संग जोडिएका सांस्कृतिक क्रियाकलापको अध्ययन गर्ने ।
- सम्पदा तथा क्षेत्रको भौगोलिक नक्सा तथा फोटो तयार पार्ने ।
- सम्पदा क्षेत्रको विकासका लागी गर्न सकिने कार्यहरु बारे उल्लेख गर्ने ।
- सम्पदा क्षेत्रमा आवश्यक पुरातात्विक अनुशन्धान तथा संरक्षणका कार्यहरु उल्लेख गर्ने ।

## ४. अध्ययन सिमा

यस प्रदेश ५को पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको अभिलेखाङ्कन गर्ने कार्यका लागी निम्न प्रकासका अध्ययन सिमाहरु रहेका छन् :

- अध्ययन गरीने पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा १०० वर्ष नाघेको हुने छ तर पर्यटकी दृष्टिकोण तथा सामाजिक महत्वका स्थल भए सो को पनि अध्ययन गरीने छ ।
- धार्मिक स्थलको अध्ययन गर्दा त्यस संग जाडीएर आउने जात्रा, पर्वको विस्तृत अध्ययन गरीने छैन ।
- सम्पदा क्षेत्र भौगोलिक दृष्टिकोणले पुग्न नसकिने स्थानमा भए त्यस क्षेत्रम स्थलगत अध्ययन नगरी सो सम्बन्धी जानकारी सम्बन्धीत व्यक्ति बाट प्राप्त गरीनेछ ।
- अभिलेखाङ्कन गरीने सम्पदाका बारेमा पूर्व प्रकाशित पुस्तक, प्रतिवेदन तथा तस्विरहरु भएका खण्डमा उक्त श्रोतका बारेमा जानकारी अध्ययनमा उल्लेख गरीने छ ।

## ५. स्थलगत अध्ययन क्षेत्र

यस पुरातात्विक, ऐतिहासिक तथा धार्मिक क्षेत्रको अिभिलेखाङ्कनका लागी प्रदेश ५का बाँके, बर्दिया, दाङ, पूर्वि रुकुम, रोल्पा, प्यूठान, गुल्मी, पाल्पा, कपिल्वस्तु, रुपन्देहि र नवलपरासी का कम्तीमा पाँच वटा सम्पदा क्षेत्रहरुलाई अध्ययन क्षेत्रका रुपमा विभाजन गरी स्थलगत अध्ययन गरीएको छ जुन निम्न प्रकारका छन् ;

| जिल्ला | अध्ययन गरीएका सम्पदाहरु |
|---|---|
| अर्घाखाँचि | केरुङ्गा कालिक मन्दिर, श्री छत्र (वरुवरेक) महाराज कोट दरबार,<br>सुपादेउरालि मन्दिर, बाईस खुट्टे लाम्पाटी तथा गोपेश्वर धार्मिक क्षेत्र, अर्घा भगवती, परशुरामेश्वर शिवालय |
| बाँके | बौद्ध विहार बैजनाथ, छोटी मस्जिद, हजरत् बाबा कम्मल शाह धार्मिक क्षेत्र, बागेश्वरी मन्दिर, भुवंरभवानी देवि मन्दिर |
| बर्दिया | ओम केदारेश्वर धाम, कोटही देवि मन्दिर, बङ्गलामुखि मन्दिर, ठाकुरद्वार धार्मिक क्षेत्र , सदाशिव मन्दिर |
| दाँङ्ग | श्री गोरक्षा पात्रदेवता सिद्धरत्ननाथ मठ, छिल्लीकोट, थारुराजा दङ्गी शरणको दरबार, पाण्डवेश्वर महादेव, अम्बिकेश्वरी, रामजानकी मन्दिर, बगारबाबा |
| पूवी रुकुम | उत्तर गंगा बराह मन्दिर,माई भगवती मन्दिर सिस्ने, विर्गुम सामुदायिक गुम्बा, , देवरकाजी मन्दिर, रुकुमकोट |
| गुल्मी | रुपाकोट, शुगनध विहार, रेशुङ्गा यज्ञशाला,  शिव मन्दिर वेलटारी, खङ्कोट,<br>रुरु धार्मिक क्षेत्र |

| | |
|---|---|
| कपिलवस्तु | सोनवा गढी, विकुलिको पुरातात्विक ढिस्को, सिसनिया कोट, हरदेवा पुरातात्विक क्षेत्र, लम्तिया कोट |
| परासी (बर्दाघाट) | मादरबाबा, शिवपुर गढी, पण्डितपुर पुरातात्विक स्थल, वर्दगोरिया प्राचिन स्थल, कन्यामाई, बैरीमाई |
| पाल्पा | रम्भा देवि मन्दिर, रानीमहल, अमरनारायण मन्दिर, भैरवस्थान मन्दिर, हृषिकेशव मन्दिर |
| प्यूठान | तुसारा कोट, स्वर्गद्वारी धार्मिक क्षेत्र , उदयपुरकोट, भित्रीकोट, भिमसेन मन्दिर, सारीकोट, बागदुला गुफागैरा धार्मिक तथा पर्यटकीय क्षेत्र, रानी कुवा (रानी पौवागढी) |
| रोल्पा | त्रिपुरेश्वरी देवि मन्दिर, पाटेश्वरी मन्दिर, बराह क्षेत्र बडा चौर,गजुलकोट, पारीङ्गमारीङ्ग, रुन्टी स्वर्गद्वारी महाप्रभु जन्मस्थल |
| रुपन्देही | मणिमुकुन्द सेन दरबार, बञ्जराहि पुरातात्विक स्थल, सैनामैना, कमावर्ति माई, मदारथान |

## ६. प्रदेश ५ को पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पृष्ठभूमि

नेपालको पश्चिम भागमा रहेका यस प्रदेश ५ को इतिहास हेर्ने हो भने यस क्षेत्रका पौराणिक काल देखिनै मानव बसोबास रहेको शास्त्रहरुले बताउँछन् । पुरातात्विक अध्ययन तथा अनुशन्धान बाट यस क्षेत्रमा प्राग्ऐतिहासिक काल देखिका प्रमाणहरु भेटीएका छन् । यसै क्रममा प्रारम्भिक अध्ययनका आधारमा निम्न अनुसार यहाँका जिल्लाहरुको ऐतिहाकि पृष्ठभूमि तयार पारिएको छ ;

| जिल्ला | पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पृष्ठभूमि | |
|---|---|---|
| अर्घाखाँचि | राज्य स्थापना | प्राचिन, वि.स १४९० (चौविसी राज्य) |
| | राज वंश | चितौडका मीन सिंह-हम्वीरसिंह,जयभूपाल सिंह(शाह), सेन, शाह,राणा |
| | ऐतिहासिक पृष्ठभूमि | प्राचिन, मध्यकाल,उत्तर मध्यकाल, आधुनिक |
| | | |
| बाँके | राज्य स्थापना | प्राचिन(अनुमान) |
| | राज वंश | थारु, मुगल, शाह, राणा |
| | ऐतिहासिक पृष्ठभूमि | प्राचिन, मध्यकाल,उत्तर मध्यकाल, आधुनिक |
| | | |
| बर्दिया | राज्य स्थापना | प्राचिन(अनुमान) |
| | राज वंश | थारु, मुगल, शाह, राणा |
| | ऐतिहासिक पृष्ठभूमि | प्राचिन, मध्यकाल,उत्तर मध्यकाल, आधुनिक |
| | | |
| दाङ | राज्य स्थापना | प्रग्ऐतिहासिक प्रमाण (११,५०० वर्ष पहिले), वि.स १४८०-१५५० वि.स १८४३ नेपाल ऐकिकरण, बाईसि राज्य |
| | राज वंश | थारु, मल्ल, सिंहवशी, शाह, राणा |
| | ऐतिहासिक पृष्ठभूमि | प्राग्ऐतिहासिक, पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |

| | | |
|---|---|---|
| **पूर्वी रुकुम** | राज्य स्थापना | सिंजा राज्य पछि २२से राज्य वि.स १४३३-७५, वि.स १६०० मा राज्य विभाजन |
| | राज वंश | खस, मंगोलियन-बोक्सेजार, दारेजैतम( जयत बम) |
| | ऐतिहासिक पृष्ठभूमि | प्राचिन, मध्यकाल, उत्तर मध्यकाल, आधुनिक |
| | | |
| **गुल्मी** | राज्य स्थापना | वि.स १४९३ चौविसि राज्य |
| | राज वंश | शाह, मगर, भूरेटाकुरे |
| | ऐतिहासिक पृष्ठभूमि | पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |
| **कपिलवस्तु** | राज्य स्थापना | ई.शा पूर्व पाँचौ शताब्दी |
| | राज वंश | शाक्य, कोशल, थारु |
| | ऐतिहासिक पृष्ठभूमि | प्राग्ऐतिहासिक, पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |
| **नवलपरासी पश्चिम** | राज्य स्थापना | ई.शा पूर्व पाँचौ शताब्दी |
| | राज वंश | शाक्य, कोशल, थारु |
| | ऐतिहासिक पृष्ठभूमि | प्राग्ऐतिहासिक, पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |
| **पाल्पा** | राज्य स्थापना | वि.स १५५०, १७८६, १८०२ (चौविसी राज्य |
| | राज वंश | सेन, शाह, राणा |
| | ऐतिहासिक पृष्ठभूमि | पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |
| **प्यूठान** | राज्य स्थापना | वि.स ११५७-१४६१ खस राज्य संग समर्पित, वि.स १५६० ( चौविसी राज्य) |
| | राज वंश | खस मल्ल, भूरेटाकुरे (बाईसे-चौविशे राजा) शाह, राणा |
| | ऐतिहासिक पृष्ठभूमि | पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |

| | | |
|---|---|---|
| **रोल्पा** | राज्य स्थापना | वि.स १५१५ वा १५६० (बाइसी राज्य) |
| | राज वंश | चन्द्र वंशी राजाहरु, खस, भूरेटाकुरे (बाईसे-चौविशे राजा) शाहि, शाह, |
| | ऐतिहासिक पृष्ठभूमि | पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |
| | | |
| **रुपन्देहि** | राज्य स्थापना | ई.शा पूर्व पाँचौ शताब्दी |
| | राज वंश | शाक्य, कोशल, थारु |
| | ऐतिहासिक पृष्ठभूमि | प्रागऐतिहासिक, पौराणिक, प्राचिन, मध्यकाल, उत्तरमध्यकाल, आधुनिक |

## ७. प्रदेश ५ मा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको विवरण

| क्र.स | पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा | जि.आई.एस | क्षेत्रफल | स्वामित्व |
|---|---|---|---|---|
| | | **अघाखाँचि** | | |
| १ | केरुङ्गा कालिक मन्दिर | 27°59'14.87"N<br>83°13'46.26"E | ५ रोपनी | कालिका भगवती मन्दिर<br>गुठि |
| २ | श्री छत्र (वरुवरेक) महाराज कोट दरबार | 28° 1'28.33"N<br>83°12'14.21"E | २७ फिट लम्बाई-१७ फिट चौडा-१७ फिट उचाई | गणेश भिमसेन मन्दिर गुठि |
| ३ | सुपादेउरालि मन्दिर | 27°54'0.86"N<br>83° 8'10.58"E | करिब २ विगाहा | सुपा देउराली मन्दिर संरक्षण<br>समिति |
| ४ | बाईस खुट्टे लाम्पाटी तथा गोपेश्वर धार्मिक क्षेत्र | 27°58'7.86"N<br>83°12'29.95"E | ३ रोपनी,<br>करिब १५<br>रोपनी | गोपेश्वर पिठ<br>व्यवस्थापन<br>समिति |
| ५ | अर्घा भगवती | 28° 0'43.11"N<br>83° 6'28.52"E | २२×२२ फिट, उचाई २५ फिट | स्थानीय, पूजारी |

| | | | | |
|---|---|---|---|---|
| ६ | परशुरामेश्वर शिवालय | 27°58'0.34"N<br>83°14'25.87"E | ११×११ फिट,<br>८० रोपनी | परशुरामेश्वर शिवालय मन्दिर<br>व्यवस्थापन<br>समिति |
| | | **बाँके** | | |
| ७ | बौद्ध विहार बैजनाथ | 28°15'21.11"N<br>81°39'15.13"E | करिब ४ कट्ठा | बौद्ध विहार बैजनाथ व्यवस्थापन<br>समिति, स्थानिय |
| ८ | छोटी मस्जिद | 28° 1'51.85"N<br>81°36'4.57"E | ४ विगाहा | छोटी मस्जिद<br>व्यवस्थापन<br>समिति, स्थानिय |
| ९ | हजरत् बाबा कम्मल शाह<br>धार्मिक क्षेत्र | 28° 4'21.32"N<br>81°42'16.11"E | ४ विगाहा | स्थानीय, पुजारी |
| १० | बागेश्वरी मन्दिर | 28° 3'41.49"N<br>81°37'27.39"E | २ विगाहा | गुठि, तथा व्यवस्थापन<br>समिति |
| ११ | भुवंरभवानी देवि मन्दिर | 28° 1'5.91"N<br>81°55'19.11"E | १० विगाहा | मन्दिर व्यवस्थापन<br>समिति, स्थानिय |
| | | **बर्दिया** | | |
| १२ | ओम केदारेश्वर धाम | 28°14'14.22"N<br>81°31'49.85"E | ६ हेक्टर ९ विगाहा | ओम केदारेश्वर धाम ट्रष्ट |

| | | | | |
|---|---|---|---|---|
| १३ | कोटही देवि मन्दिर | 28°13'8.82"N 81°20'55.35"E | ४ कठ्ठ २ विगाहा | मन्दिर व्यवस्थापन समिति, स्थानिय |
| १४ | बङ्गलामुखि मन्दिर | 28°12'13.77"N 81°20'26.96"E | २ विगाहा | मन्दिर व्यवस्थापन समिति, स्थानिय |
| १५ | ठाकुरद्वार धार्मिक क्षेत्र | 28°26'59.54"N 81°15'16.96"E | १७ हेक्टर | पुरातात्व विभाग, समिति, बर्दिया राष्ट्र निकुञ्ज |
| १६ | सदाशिव मन्दिर | 28°18'48.56"N 81°23'35.39"E | यकिन हुन बाकि | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| | | **दाङ** | | |
| १७ | श्री गोरक्षा पात्रदेवता सिद्धरत्ननाथ मठ | 28° 1'23.30"N 82°29'47.99"E | २५० विगाहा | मठ व्यवस्थापन समिति, पुरातात्व विभाग |
| १८ | छिल्लीकोट | 28° 9'13.06"N 82°23'48.25"E | ८ विगाहा | स्थानिय, समिति |
| १९ | थारुराजा दङ्गी शरणको दरबार, | 28° 4'39.64"N 82°13'7.88"E | २ विगाहा | स्थानिय |
| २० | पाण्डवेश्वर महादेव | 27°58'17.73"N 82°26'42.76"E | ४९ विगाहा | स्थानिय, मन्दिर संचालक समिति |
| २१ | अम्बिकेश्वरी | 28° 2'34.17"N 82°30'3.27"E | ३५० विगाहा | स्थानिय, मन्दिर समिति, नेपाल पुरातत्व विभाग |

| | | | | |
|---|---|---|---|---|
| २२ | रामजानकी मन्दिर | 27°41'46.30"N 82°31'29.93"E | २ विगाहा | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| २३ | बगारबाबा धार्मिक क्षेत्र | 27°54'24.46"N 82°20'8.95"E | जनकरी उपलब्ध हुनबाँकि | स्थानिय, बगारबाबा धार्मिक क्षेत्र |
| | | **पूर्वि रुकुम** | | |
| २४ | बराह मन्दिर | 28°36'53.57"N 82°37'29.90"E | जनकरी उपलब्ध हुनबाँकि | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| २५ | माई भगवती मन्दिर सिस्ने | 28°39'10.38"N 82°32'31.03"E | जनकरी उपलब्ध हुनबाँकि | स्थानिय, मन्दिर व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| २६ | विर्गुम सामुदायिक गुम्बा | यकिन भएको | जनकरी उपलब्ध हुनबाँकि | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| २७ | देवरकाजी मन्दिर | यकिन नभएको | जनकरी उपलब्ध हुनबाँकि | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| २८ | रुकुमकोट | 28°36'0.93"N 82°36'57.26"E | करिब १५ रोपनी | स्थानिय |
| | | **गुल्मी** | | |
| २९ | रुपाकोट | इकिन नभएको | यकिन जानकरी नभएका | स्थानिय |

| | | | | |
|---|---|---|---|---|
| ३० | शुगनध विहार | 27°56'2.53"N<br>83°26'15.71"E | यकिन जानकरी नभएका | स्थानिय, मन्दिर व्यवस्थापन समिति |
| ३१ | रेशुङ्गा यज्ञशाला | 28° 3'52.74"N<br>83°16'10.45"E | 1200×1200×6<br>50×1357×135<br>7 centimeters | मन्दिर व्यवस्थापन समिति, स्थानिय |
| ३२ | शिव मन्दिर वेलटारी | 28° 1'49.95"N<br>83°33'1.50"E | ७ रोपनी | मन्दिर व्यवस्थापन समिति, स्थानिय |
| ३३ | खड्गकोट | यकिन जानकरी नभएका | यकिन जानकरी नभएका | स्थानिय |
| ३४ | रुरु धार्मिक क्षेत्र | 27°56'16.36"N<br>83°26'23.07"E | यकिन जानकरी नभएको | गुठि, स्थानिय |
| **कपिलवस्तु** | | | | |

| **३५** | **सोनवा गढी** | **27°40'39.57"N<br>82°54'48.21"E** | **२ वर्ग किलोमिटर** | **स्थानिय, पुरातत्व विभाग** |
|---|---|---|---|---|
| **३६** | विकुलिको पुरातात्विक ढिस्को | 27°37'38.24"N<br>83° 6'48.61"E | ९ कठ्ठ | स्थानिय, पुरातत्व विभाग |
| **३७** | सिसनिया कोट | 27°28'33.66"N<br>83° 5'22.27"E | २६० मिटर,<br>२०० मिटर | स्थानिय, पुरातत्व विभाग |
| **३८** | हरदेवा पुरातात्विक क्षेत्र | 27°30'39.12"N<br>83° 2'35.04"E | करिब २०० मिटर | स्थानिय, पुरातत्व विभाग |

| | | | | |
|---|---|---|---|---|
| ३९ | लम्तिया कोट | 27°31'10.74"N 83° 3'46.34"E | जानकरी नभएको | स्थानिय, पुरातत्व विभाग |
| नवलपरासी सुस्ता बर्दाघाट पश्चिम | | | | |
| ४० | मदारबाबा | 27°30'3.22"N 83°53'55.76"E | जानकरी नभएका | स्थानिय, धार्मिक क्षेत्र व्यवस्थापन समिति |
| ४१ | शिवपुर गढी | 27°27'14.51"N 83°54'17.42"E | १.५ विगाहा | स्थानिय, पुरातत्व विभाग |
| ४२ | पण्डितपुर पुरातात्विक स्थल | 27°33'26.62"N 83°36'5.86"E | यकिन हुन बाकि | स्थानिय, पुरातत्व विभाग |
| ४३ | वर्दगोरिया प्राचिन स्थल | 27°36'3.34"N 83°41'55.23"E | यकिन हुन बाकि | वर्दगोरिया मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| ४४ | कन्यामाई | 27°38'29.88"N 83°34'42.24"E | यकिन हुन बाकि | स्थानिय, पुरातत्व विभाग |
| ४५ | बैरीमाइ | 27°38'26.82"N 83°34'34.16"E | यकिन हुन बाकि | स्थानिय, पुरातत्व विभाग |
| पाल्पा | | | | |
| ४६ | रम्भा देवि मन्दिर | 27°50'22.84"N 83°42'23.10"E | सामुदायिक वन अन्तर्गत | सामुदायिक वन अन्तर्गत |
| ४७ | रानीमहल | 27°55'36.53"N 83°31'40.19"E | ५-१५-०-२ रोपनी | पुरातत्व विभाग |

| | | | | |
|---|---|---|---|---|
| ४८ | अमरनारायण मन्दिर | 27°52'3.76"N<br>83°32'52.31"E | १४,००० रोपनी जग्गा अनुमान | स्थानिय, मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| ४८ | भैरवस्थान मन्दिर | 27°52'11.08"N<br>83°28'43.62"E | :१४ फिट वर्गाकार, ४७ फिट चौडाई | स्थानिय, मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| ५० | हृषिकेशव मन्दिर | 27°56'3.95"N<br>83°26'15.12"E | ५०० रोपनी | स्थानिय, मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| | | **प्यूठान** | | |
| ५१ | तुसारा कोट | 28° 9'36.29"N<br>82°56'59.88"E | २२'६ ×१३'१० | स्थानिय, कोट व्यवस्थापन समिति |
| ५२ | स्वर्गद्वारी धार्मिक क्षेत्र | 28° 7'16.08"N<br>82°40'26.62"E | २२,४८२ रोपनी ६ आना, १दाम वन समेटेर | स्वर्गद्वारी आश्रम व्यवस्थापन समिति |
| ५३ | उदयपुरकोट | 28° 3'58.53"N<br>82°43'45.58"E | यकिन हुन बाकि | स्थानिय, कोट व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| ५४ | भित्रीकोट | 28° 6'31.64"N<br>82°51'5.91"E | यकिन हुन बाकि | स्थानिय, कोट व्यवस्थापन समिति |
| ५५ | भिमसेन मन्दिर | | १० फिट अग्लो | स्थानिय, मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| ५६ | सारीकोट | 28°11'23.92"N<br>82°42'33.51"E | करिब २० रोपनी | स्थानिय, कोट व्यवस्थापन समिति |
| ५७ | बागदुला गुफागैरा धार्मिक तथा पर्यटकीय क्षेत्र | 28° 7'36.04"N<br>82°52'55.43"E | ४ रोपनी | बागदुला गुफागैरा धार्मिक तथा पर्यटकीय क्षेत्र व्यवस्थापन समिति |
| ५८ | रानी कुवा (रानी पौवागढी) | 2757'’7.1"N<br>82˚50'’6.8"E | ६ विगाहा | स्थानिय |
| | | **रोल्पा** | | |
| ५९ | त्रिपुरेश्वरी देवि मन्दिर | 28°11'48.04"N<br>82°41'6.00"E | २ विगाहा | मन्दिर व्यवस्थापन समिति |
| ६० | पाटेश्वरी मन्दिर | 28°19'8.12"N<br>82°41'56.19"E | ८०० वर्ग किलोमिटर | मन्दिर व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| ६१ | बराह क्षेत्र बडा चौर | यकिन हुन बाँकि | यकिन हुन बाँकि | मन्दिर व्यवस्थापन समिति |
| ६२ | गजुलकोट | यकिन हुन बाँकि | यकिन हुन बाँकि | स्थानिय |
| ६३ | पारीङ्गमारीङ्ग | 28°27'27.14"N 82°35'30.20"E | यकिन हुन बाँकि | स्थानिय |
| ६४ | रुन्टी स्वर्गद्वारी महाप्रभु जन्मस्थल | 28°13'28.62"N 82°31'46.04"E | यकिन नभएको | स्थानिय |
| | | **रुपन्देहि** | | |
| ६५ | मणिमुकुन्द सेन दरबार, | 27°42'23.58"N 83°27'19.31"E | १३३ फिट लम्बाइ-६५ फिट चौडा जवमन बाट २५ फिट अग्लो | पुरातत्व विभाग |
| ६७ | बञ्जराहि पुरातात्विक स्थल, | यकिन हुन नसकेको | यकिन हुन बाकि | पुरातत्व विभाग |
| ६८ | सैनामैना, | 27°41'29.03"N 83°22'53.93"E | यकिन हुन बाँकि | पुरातत्व विभाग |
| ६९ | कमावर्ति माइ | 27°37'55.91"N 83°31'31.24"E | यकिन हुन बाँकि | मन्दिर व्यवस्थापन समिति, पुरातत्व विभाग |
| ७० | मदारथान | 27°42'27.34"N 83°27'14.99"E | ७ मिटर अग्लो | पुरातत्व विभाग |

## बाँके जिल्लमा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक क्षेत्र

### १. बागेश्वरी मन्दिर



*Photograph 1 : बागेश्वरी मन्दिर*

परिचय

बाँके जिल्लाको सदरमुकाम नेपालगंज वडा नँ २ मा अवस्थीत यस बागिश्वरी मन्दिर ऐतिहासिक सांस्कतिक तथा पुरातात्वीक हिसाबले निकै महत्वपूर्ण छ । स्थानीय का अनुसार “बाघि” अर्थात बाघ र “ईश्वरी” अर्थात देवि भएकाले हिन्दु धर्मावलम्बीमा बाघेश्वरीलाई सतिदेवि, पार्वति तथा दुर्गाको रुपमा पूजा गरीन्छ । बर्षौं देखि शक्ति पिठका रुपमा पूजा गरींदै आएको यस मन्दिरमा सतिदेविको जिब्रो पतन भएको भन्ने किम्बदन्ती प्रचलित छ ।

ऐतिहासिकता

यस मन्दिर स्थापना भएको मिती एकिन नभएता पनि यसै मन्दिरका गुठि व्यवस्थापन समितीका अध्ययक्ष राजु के.सीका अनुसार विभिन्न समयमा पुन निर्माणका कार्यहरु भइरहेका छन् । उनको अनुसार यस मन्दिर लगभग १०० वर्ष पुरानो रहेको र प्राचीन काल देखिनै यहाँ पुजाआजा हुनेगरेको छ । वि.स २०५७ सालमा स्थापना भएको यस बाघिश्वरी मन्दिर गुठि व्यवस्थापन समितिले मन्दिर संग सम्बन्धीत विभिन्न संरक्षण तथा सरसफाइका कार्य गर्दै आएको छ । अध्ययक्ष के.सी का अनुसार प्राचिन कालमा यस स्थानमा सतिदेविको जिब्रो पतन भएको स्थानमा कुण्ड र पानीको मुहान रहेको छ जस्लाइ शक्ति पिठका रुपमा पूजा गरी उत्त स्थानमा खरको छाना र कटेरो थियो भन्ने जनविश्वास पाउन सकिन्छ ।

## मन्दिर क्षेत्रको भौगोलीक अवस्थीति

बाँके जिल्लाको सदरमुकाम नेपालगंजको मध्य बजारमा अवस्थीत यस मन्दिर भौगोलिकरुपमा पुर्व-पश्चिम राजमार्ग तथा नेपालगंज सडकबाट सजिलै पुग्न सकिन्छ । यस मन्दिर परिसरको संरक्षणका लागी सम्पुर्ण क्षेत्रफललाई व्यवस्थीत रुपमा तार र इट्टे पर्खालले घेरीएको छ । मन्दिरको ठिक अगाडी चारकुनाको पोखरी रहेको छ जसको मध्यभागमा महादेवको उभिएको प्रतिमा छ। यस महादेव मन्दिर सम्म पुग्न पुल निर्माण गरीएको छ। मन्दिरमा धार्मिक तथा सांस्कृतिक कार्य गर्न व्यवस्था मिलाइदिने मन्दिर व्यवस्थापन समितिको कार्यालय र धर्मशाला राखिएको भवन पनि यहाँ देख्न सकिन्छ। यस मन्दिर परिसर बाहिर थुप्रै साना फेन्सी, उपहार, फलपूल तथा पुजाका सामाग्रीका पसलहरु पनि छन्। यस मन्दिर संगै उत्तर पटि हर्ष कृति महाविहार पनि रहेको छ।

## मन्दिरको कला तथा बास्तुकला

प्राचिन कालमा खरको छाना तथा वासको टहराले निर्माण भएको यस मन्दिर हाल आधुनिक वास्तुकला सामाग्रीले निर्माण भएको छ जस्मा ईट्टा, सिमेन्ट, गीट्टि, बालुवा, फलाम, काठ र धातुको प्रयोग भएको छ। नेपालमा प्राचिनकाल देखि प्रचलित तल्ले शैलिमा यस मन्दिरको वास्तुकलाको निर्माण भएको छ। झट्ट हेर्दा निकै भव्य र विशाल देखिने यस मन्दिर काठमाडौं उपत्यकामा पइने मन्दिरको कला भन्दा भिन्न प्रकारको भएता पनि जसरी तल्ले शैलिमा मन्दिरको छानो घट्दो किसिमले थपिएको हुन्छ यस मन्दिरको पनि त्यसै किसिमले निर्माण भएको छ। मन्दिर गभगृहमा बाघको आसनमा बसेकी देविको चांदि र सुनको जलप लागमएको दुइ प्रकारको प्रतिमा छ। प्रतिमा राखिएको स्थानको मुनि पट्टि गोलाकार काठ ले सति देविको अंग पतन भएको स्थान लागी छोपिएर राखिएको छ। भनिन्छ यस स्थानमा पानीको सानो कुण्ड रहेको छ कहिलै सुक्दैन। मन्दिर वरपर गणेश, शनि, शिव, चामुण्डा, ब्रम्हा, काली, भैरव जस्ता देविदेवताको प्रतिमा तथा मन्दिर बनाएर स्थापना गरीएको छ। मन्दिरको सजावटका लागी भने सेतो र रातो रंग प्रयोग गरीएको छ ।

## मन्दिर संग सम्बन्धीत धार्मिक क्रियाकलाप

यस मन्दिर मा दैनिक नित्य पुजाका साथै विशेष पुजा पनि हुने गर्दछ । यहाँ वडा दशैंका बेला नवरात्री, चैत्र दशैं, पुर्णिमा जस्ता चाडपर्वमा भव्य मेला सहित पुजाआजा हुन्छ। भाकल राखेर पुजा गर्दा यहाँ बलि दिएर पनि पुजा गरीन्छ । यस बाहेक यहाँ विवाह, प्रतबन्ध, पास्नी, पूजा, यज्ञ तथा चण्डीपाठ जस्ता धार्मिक तथा सांस्कृतिक कृयाकलाप पनि गरीन्छ।

## मन्दिर संरक्षण तथा योजना

यस मन्दिर क्षेत्रको विकास, संरक्षण तथा व्यवस्थापनका लागी बागेश्वरी मन्दिर व्यवस्थापन समिति तथा गुठि संस्थानले कार्य गर्दै आएको छ । यसका लागी मन्दिर क्षेत्रको डि.पि.आर पनि निर्माण भइसकेको छ । हाल मन्दिरमा आवश्यक पुन निमार्ण, सरसफाई तथा सम्पदा संरक्षणका कार्यहरु भइरहेका छन् ।

## २. भुँवरभवानी मन्दिर



*Photograph 2 : भुँवरभवनी मन्दिर*

परिचय

बाँके जिल्लाको राप्ती सोनरी गाँउपालिका वडा नं ३ मा रहेको यस भुँवार भवानी मन्दिर यस क्षेत्रका स्थानियको आस्थाको केन्द्र रहेको छ । लगभग १० विघा क्षेत्रफल रहेको यस धार्मिक सम्पदामा परमपूर्व काल देखि पूजा गरीादै आइएको छ । स्थानिय भाषामा भुँवरको अर्थ र भवानीको अर्थ देवि हो । विशेष गरी थारु चौधरी, हिन्दुधर्मावलम्बी तथा शाक्त सम्प्रदायले पूजा गर्ने यस मन्दिरमा वडादशैं, अगाहन (मंसिर) महिना तथा जेष्ठ महिनाको पञ्चमीका दिन विशेष पुजा गरीन्छ । यस अवधिमा मन्दिर परिसरका खुल्ला ठाँउमा मेला, नाजगान, मनोरञ्जनका क्रीयाकलाप र पसलहरु राखि विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरीनछ । यस मन्दिरमा सम्पन्न हुने नित्य पुजा पुजारी बलराम रेग्मीले विहान ७ बजे तथा साँाझ ६ बजे गर्दै आएका छन् । उनका भनाइ अनुसार उनि भन्दा पहिले यस मन्दिरका पुजारी चौधरी समुदायका गुर्वा थिए । हाल मनिदरकोगर्भगृहमा रहेको देविको प्रतिमा भाने वि.स २०१३ सालमा गोपाल नाथ योगी द्वारा स्थापना गाराइएको हो । यस भन्दा पहिले मन्दिर केवर खर तथा बाँसले घेरिएको देवि थानको स्वरुपमा थियो पछि मन्दिर संचालक समिति तथा स्थानिय गाँउपलिकाको सहयोगमा मन्दिर संरक्षण र निर्माण कार्य समपन्न गरीएको हो । मन्दिरमा आइ स्वच्छ मनले पुजा गरी वरमागे चिताएका कुरा पुग्ने जनविश्वास छ । देविको पुजा गर्नाले कहिले दुख नहुने र प्राकृतिक प्रकोप, जंगली जनावारको आक्रमण तथा भुत, प्रेत जस्ता दुष्टात्माबाट पनि बच्न सकिने गहिरो विश्वास रहेको छ ।

## मन्दिर क्षेत्रको ऐतिहासिकता

स्थानिय गुरुवा चिन्ताराम चौधरीका अनुसार परापूर्वकालमा यस बेजापुर क्षेत्रमा धेरै प्रयास गर्दा पनि मानव बस्ती बस्न सकेको थिएन । मानिसहरु बस्न भनि यस क्षेत्रमा आउदा कहिले जंगली जनावारको आक्रमण, कहिले प्राकृतिक प्रकोप त कहिले भुत प्रेतले दुख दिने भएकाले समथर र खेति योग्य जमिन भए पनि अन्नबालि उब्जाइ बास बस्न कसैले पनि सकेको थिएन । यस परीस्थीतीका मारेमा बाँके जिल्ला तथा अन्य क्षेत्रका मानिसहरुले पनि चाल पाएका थिए त्यैले उनिहरु कहिले यहाँ रात बस्न भनि आउँदैन थिए । एक दिन अचान एक गरुवा आफनो पत्निका साथ यस क्षेत्रमा आए, साँझ पर्ने लागेकाले गाँउलेहरुले जंगलमा बास नबस्न आग्रह गरे तर ति दम्पतीले त्यसै जंगलमा रात विताउने निर्णय सुनाय । भोलिपल्ट सकुसल त्यहाबाट फर्केको देखि गाँउलेहरु आचर्य मान्दै पकै ति गुरुवा दम्पती अलौकिक शक्ति भएका मानिस हुनुपर्ने कुराको चर्चा गरी भट्न गए । उनिहरुको प्रश्नमा गुरुवाले आपुले दवि भगवतिको नाममा रातभर बत्तिबालि पुजा गरेका र अव यस स्थानमा देविको कृपा रहेकोले बस्ती बसाउदा कुनै बाधा नआउने बताए । गाँउलेहरुले ति गुरुवाको कुरा मानि बस्ती बसाइ खेतिपाति गर्न थाले र चौधरी गुरुवालाई त्यस मन्दिरमा पुजारी राखि, चिराग (बत्ति) बालि भुँवर भवानी देवि स्थापना गरे र यो परम्परा हाल सम्म जिवितनै छ ।

## मन्दिर क्षेत्रको भौगोलि अवस्थीति

प्रदेश नं ५ बाँके जिल्लाको बेजापुर गाँउ पालिका वडा नं ३मा अवस्थीत यस मन्दिर भौगोलिक रुपमा उत्तर पट्टि बाँके राष्ट्रि निकुञ्ज दक्षिण देखि पूर्वमा भारतको सुहेल्वा वन्य जन्तु आरक्षण सम्म फैलिएको सामुदायिक वन तथा पष्चिममा राप्ती नदि र भुँवर भवानी गाँउ रहेको छ । भ्रमणका लागी भने यस मन्दिर सम्म नेपालगञ्ज बजारबाट कच्चि बाटो र पुर्व-पष्चिम राजमार्ग रहेका छन् । यस मन्दिरको वरपर घना जंगल भएका कारण विभिन्न वन्य जन्तु, चराचुरुङ्गी तथा हरीयाली वातावरण देख्न सकिन्छ । मन्दिर परिसरमा मेला तथा अन्य मनोरञ्जनात्मक कार्यक्रमका लागी प्रसस्त ठाँउ उपलब्ध छन् । भुँवर भवानी मुख्य मन्दिरको उत्तर पट्टि दर्शणर्थिका लागी विस्राम स्थल, पूर्व पट्टि खानेपानीको धारा र शौचालय, पश्चिम मा पुजारीका लागी वस्न दुईकोठा तथा धोनि कुण्ड स्थलको एक तल्ले भवन, मन्दिर सम्म पुग्ने बाटो संग जोडीएको यज्ञ शाला र यसकै अगाडी रहेको शिवलिङ्ग सहितको मन्दिरहरु रहेका छन् । यसका साथै यहा प्राचिन इनार र पानीको स्रोतलाई व्यवस्थीत गर्दै बनाइएको नहर पनि रहेको छ ।

## मन्दिर क्षेत्रको कला तथा वास्तुकला

यस मन्दिरको वास्तुकला नेपालको तराइ भागमा प्रचलित कला ले निर्माण भएको छ । मध्यकालमा प्रचलित काठमाडौं उपत्यकाको भन्दा भिन्न प्रकारको वास्तुकला यहाँ देख्न सकिन्छ । आधुनिक वास्तुकला सामाग्री ईट्टा, गिट्टि, सिमेन्ट, बालुवा तथा फलामे छडबाट निर्माण भएको यस मन्दिरको हालको स्वरुप पुन निर्माण पछिको हो । तिन तल्लाको पेटिमाथि रहेको यस मन्दिरको गर्भ गृहमा धातु तथा माटोबाट निर्माण भएको प्रतिमा रहेको छ । उत्त प्रतिमा वि.स २०१३ सालमा गोपाल नाथ योगीले दानका रुपमा स्थापना गराएका हुन् । यस मन्दिर जमिन भन्दा केहि माथि उचाइमा रहेकोले पशचिम, उत्तर र दक्षिण दिशामा भर्याङ्ग रहेको छ जस्को माध्यम बाट गर्भगृहमा पुजा गर्न सकिन्छ । गर्भगृहमा भने पूर्व पट्टि भित्ता रहेको छ जस्का दुइ छेउमा अरु देवताका माटो बाट निर्माण भएको प्रतिमाहरु रहेका छन् । यस

बाहेक पश्चिम, उत्तर तथा दक्षिाण दिशा भने खुला रहेका छन् जस्लाई ढोकाको रुपमा प्रयोग गरीएको छ । त्यसका साथ साथै गर्भ गृहमा अरु देवि देवताका प्रतिमा तथा तस्विर पनि देख्न सकिन्छ । मन्दिरको वास्तुकला अरुभन्दा सादा र सरल देखिन्छ । आउँदै गएको चाडबाडलाई मध्य नजर गरी यस मन्दिरको सजावटका लागी रातो, सेतो र हरियो रंगको प्रयोग गरीएको छ । अन्डआकारको छानामा घोप्टो परेको कमल र त्यसमाथि गजुर र गजुरको माथी धातुको तरा पनि रहेको छ ।

## मन्दिर संग जोडीएको धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा देवि तथा शिवजि को पुजा गरीन्छ । विशेष गरी वडा दशैं, माघि, चैत्र दशैं, मङ्सिर पूर्णिमा जस्ता अवसरमा यहा धर्मावलम्बिको घुँइचो लाग्ने गर्दछ । यस मन्दिरमा पूजा गर्दा देविलाई अभिर, केसरी, फूलमाला, चुनरी, धुप तथा नैवेध्य चढाइन्छ । साथै कसैले भाकल गरी पूजा चढाउन आउँदा भने बलि दिइ पूजा गर्ने चलन पनि छ ।

## मन्दिर संरक्षण तथा योजनाहरु

यस मन्दिर हालको संरचना सम्म आईपुग्दा विभिन्न समयमा दान तथा दाताहरुको योगदान बाट पुननिर्माण तथा संरक्षण कार्य भइरहेको छ । यसका साथै राप्ती सोनरी गाँउपालीका बाट संरक्षणका लागी टहरा, प्राङ्गण तथा भवन निर्माण गरी मन्दिरको सम्पूर्ण क्षेत्रफल तारबार ले घेरीएको छ ।

## ३. हजरत बाबा कम्मल शाह धार्मिक क्षेत्र



*Photograph 3: हज्रत् बाबा कम्मल शाह दर्गा*

परिचय

प्रदेश नं ५को कम्दी गाँउपालिका वडा नं ७ बाँके जिल्लामा अवस्थीत यस हज्रत् बाब कमल शाह धार्मिक क्षेत्र हिन्दु र मुसलमान दुबै धार्मिक समुदायमा प्रशिद्ध क्षेत्र हो । ऐतिहासिक रुपमा बाँके जिल्ला नेपालको क्षेत्रमा सामेल हुनु भन्दा पहिले मुगल साम्राज्यको अधिनमा भएको विभिन्न ऐतिहासिक दस्तावेजहरुले पुस्टी गरेको छ जस्ले गर्दा यस जिल्लामा मुसलमान समुदायको बाहुल्यता पाईन्छ । करिब ४ विघामा फैलिएको यस धार्मिक क्षेत्र संरक्षणका निमित्त गाँउपालिका तथा स्थानिय दाताले दिने दानका संकलनबाट विभिन्न संरक्षणकार्य गरीएको छ । मुस्लिम समुदायको दैनिक धार्मिक क्रियाकलाप सम्पन्न हुने यस स्थानमा दैनिक नमाज पाठ, ध्यान, मृत धर्म गुरुको सम्झना र आशिर्वाद थाप्ने गरीएको छ । यस बाहेक यहाँ विभिन्न ठाँउबाट भूतप्रेत, पिचास वा नजरलागेमा पुजारीले फुके निको हुने जनविश्वासले पनि यस क्षेत्र जनसमुदायमा निकै प्रसिद्ध छ ।

ऐतिहासिकता

ईस्लाम धर्म को एक पाटोका रुपमा रहेको सुफिवाद संग यस धार्मिक क्षेत्रको ईतिहास जोडिएको छ । ईस्लाम मा दुई प्रकारको धार्मिक वास्तुकला महत्वपूर्ण छ । एक मस्जिद र अर्को दर्गा जस्मध्य दर्गा यस्तो स्थानलाई भनिन्छ जहाँ धार्मिक गुरुको चिहानमा प्रार्थनाका लागी धार्मिक भवन निर्माण गरीएको हुन्छ । यस हजरत् बाबा कम्मल शाह क्षेत्रमा पनि हुसैनि बाबा, अमिर शाह बाबा र स्वारा बाबाको चिहान देख्न सकिन्छ । मुजावर नजीर मुहम्मद शाहका अनुसार यस दर्गा १००-२०० वर्ष पुरानो रहेको छ । ऐतिहासिक समयमा यि बाबाहरु अलौकिक शक्ति भएका थिए जो मोहम्मदका अनुयायि थिए । उनिहरुले स्थानियलाई बिरामि हुदा औषधी तथा झारफुक गरीदिन्थे । यसरी झार पुक गरेपछि भूतप्रेत र प्रकोकको समस्था नरहने विश्वासले आज पनि मानिसहरु यहाँ उपचारका लागी आउँछन् । यहाँ गुरुहरुको सम्झनामा गीत तथा भजन गाइ कृतज्ञता प्रकट गरीन्छ यसो गर्दा मनको इच्छा पुरा हुने र अल्लाह संग निकट हुने विश्वास मुस्लीम धर्मावलम्बीमा छ । यस बाहेक हिन्दु धर्मावलम्बी पनि यहाँ रहेका मृत गुरुको सम्झनामा प्रार्थना गरे मनले चिताएको पुराहुने विश्वासले यहाँ आउँछन् ।

## भौगोलिक अवस्थीति

बाँके राष्ट्रीया निकुञ्जको बफर जोन संग जोडीएको यस धार्मिक क्षेत्र पूर्व- पश्चिम राजमार्ग तथा नेपालगंज बाट सजिलै पुग्न सकिन्छ । यस मस्जीद परिसरमा रहेको सम्पूर्ण क्षेत्र फलामे तार प्रयोग गरी घेरीएको छ । दर्गा वरीपरी विभिन्न रुख विरुवाहरु भएकोले वातावरण निकै रकणिय छ । यहाँ दर्गा संगै हातमुख घुन धारा, शौचालय, मुजावर ( पुजारी) बस्ने घर, पानी ट्याङ्की, धारा र ईनार रहेका छन् । यस प्रकारका पुर्वाधारहरुले यहाँ तिर्थयात्री लाई चाइने सबै सुविधाका स्रोत भएको र भर्खरै मात्र दर्गाको पुन निर्माणको काम समाप्त भएको देखिन्छ ।

## दर्गाको वास्तुकला

मुगल वास्तुकला बाट प्रभावित यस दर्गाको गर्भगृहमा बाबा कम्मल शाहको चिहान रहेको छ । यस लाई सुरक्षित राख्न वरीपरी स्टीलको बार लगाइएको छ । वर्गाकार दर्गाको छाना भने आधा अण्डआकार रहेको छ जस्को गजुरमा धार्मिक झण्डा राखिएको छ । यसका साथै दर्गाको चारै कुनाबाट छाना भन्दा लगभग १ फिट अग्ला, टुप्पोमा अण्डआकार भएका चारवटा पिल्लरहरु रहेका छन् । यस किसिमको वास्तुकला भारतमा रहेका दर्गामा पनि देख्न सकिन्छ । यस दर्गाको मुल ढोकाको देब्रे पट्टि भने दर्गा संगै जोडिएको आँगन छ जस्मा भजन, लङ्गर तथा अन्य धार्मिक कार्य गरीन्छ ।

## दर्गा संग जाडिएका धार्मिक क्रियाकलाप

यस दर्गामा प्रार्थाना, नमाजपाट, कवालि तथा ईद जस्ता चाड पर्वहरु मनाइन्छ । त्यसबाहेक यहाँ आउने हिन्दु तथा मुसल्मान धर्मावलम्बिहरुले यहाँ मन्नतका धागा, काचका चुरा तथा चादर चढाइ आफुले झाँक्री कार्य गर्दै दर्गाका बाबा चिताएको वरदान माग्ने गरेका छन् ।

## दर्गा संरक्षण तथा योजना

यस दर्गाको सुरक्षाका निम्ती किम्दी गाँउपालिकाले बाँके राष्ट्रीय निकुञ्जको सहकार्यमा तार बार प्रयोग गरी जंगली जनावार र अन्य हस्तक्षेप हुन बाट जोगाउन सहयोग गरेको छ । यस बाहेक यहाँ आउने भक्त जनहरुको दान र दक्षिणले दर्गा भवन, आँगन र फर्सको निर्माण तथा सजावट गरीएको छ ।

## ४. छोटी मस्जिद



*Photograph 4: छोटी मस्जिद*

### परिचय

नेपालगंज, जैसपुर वडा नं १६ मा रहेका यस छोटी मस्जिद यहाँ रहेका मुस्लीम समुदायका लागी महत्वपूर्ण धार्मिक स्थल हो। यहाँ धैरै संख्यामा साना तथा ठुला मस्जिद देख्न सकिन्छ। भारतको सिमाना संग निकै नजिक रहेको यस सहर निकै पुरानो बस्तीका रुपमा पनि चिचिन्छ। यसै कारणले यहाँ मुगल कला तथा वास्तुकलाका अवशेषहरु देख्न सकिन्छ जुन काठमाडौं उपत्यका र पश्चिम नेपालका पहाडी जिल्ला भन्दा भिन्न छन्।

### ऐतिहासिकता

मस्जिदका इमाम मोहम्मद ताहिरका अनुसार यस मस्जीद करिब १०० बर्ष पहिले बनेको हो। उनका अनुसार यस क्षेत्रमा मुस्लीम बस्ती बसे देखिनै यहाँ मस्जीदहरु बनेका थिए र बन्ने क्रममा छन्। उनी भन्दा पहिले यस मस्जिदका काजी का परिवारको निधन पछि यहाँ उनीलाई नियुत्ति गरीएको हो। भारतमा मुगल साम्राज्यको सासनको बेला देखि यस मस्जीद मस्जीदमा नमाज पाठ, प्रार्थना तथा अन्य धार्मिक क्रियाकलाप गरीदै आएको हुन

सक्ने उनको अनुमान छ । यस बाहेक उनी संग यस मस्जीदका बारेमा अन्य लिखित प्रमाण नभएको बताएका छन् ।

## मस्जिदको भौगोलिक अवस्थीती

बाँके जिल्लाको जैसपुर वडा नं १६ मा अवस्थीत यस छोटी मस्जीद नेपालगंज सडक र पूर्व पश्चिम साजमार्ग बाट सजिलै पुग्न सकिन्छ । मोटरबाटो लाई छोडी मस्जीद सम्म पुग्न बस्तीको गल्लीको बाटो हुँदै लगभग १० मिनेट पैदल हिडे पछि ७ फिट ५ इनचको बाटो को सामुन्ने यस मस्जीद रहेको छ । लगभग १ कट्टा जमिनमा बनेको यस मस्जीद भवनको संरक्षण तथा संचालन कार्यको लागी छोटी मस्जीद संचालक समिति संचालन गरी स्थानिय समुदायले आधिकारी निर्णयहरु गरीरहेको छ । धर्मावलम्बीको सुविधाको लागी यहाँ खाने र सरसफाइका लागी पानी, शौचालय, बत्ति तथा आराम गर्ने स्थलको पनि निर्माण गरीएको छ ।

## मस्जिदको वास्तुकला

आधुनिक वास्तुकला बाट पुन निर्माणकार्य भइरहेको यस मस्जीद ईट्टा, सिमेन्ट, बालुवा, गिट्टि तथा फलाम बाट निमार्ण भइरहेको छ । मस्जिद भवनको सुरक्षा तथा संरक्षणका लागी स्टील तथा फलामे बार र कम्पाउण्ड भित्ता बनाइएको छ । कम्पाउण्ड भित्र चार पाटे फराकिलो आँगन रहेको छ जहाँ सामुहिक धार्मिक तथा सांस्कृतिक कृयाकलाप गर्न प्रसस्थ स्थान छ । मस्जिद भवन भने एक तल्लाको फराकिलो छ जहा सेतो रंग भएको संगेमरमरको फर्स रहेको छ । मस्जिदको छानामा भने एक छेउका दुइ किनारमा मिनारत भनिने पिल्लर जस्तो देखिने अग्लो स्तम्भको निर्माण भइरहेको छ । यस मस्जिदका झ्याल र ढोकामा भने काठ प्रयोग गरी कलात्मक स्वरुप दिइएको छ । साथै मस्जिद भित्र भने ईमामका लागी प्रार्थनाका लागी छुट्टाइएको ठाउँ र अन्य सर्वसाधारणका लागी फराकिलो हल रहेको छ । भित्र फर्समा भने बस्नका लागी दरी आछ्याइएको छ भने बाहिर आँगनमा रातो र कालो संगको ठूलो चारपाटे टायलले सजाइएको छ ।

## मस्जिद सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस मस्जीदमा मुस्लीम समुदायमा मनाइने वक्र ईद, ईद अल फितर, रम्जान ईद जस्ता चाडहरु मनाइन्छ । यस बाहेक यहाँ दैनिक ५ पटक नमाज पाठ गरी अल्हा को प्रार्थाना गरीन्छ । यहाँ रहेक शुक्रबार ठूलो संख्यामा जम्मा भई प्रार्थना गरीन्छ जस्लाई यस समुदायमा निकै महत्वका साथ हेरिन्छ । उत्त प्रार्थनामा मस्जीदका ईमामको उपस्थीत पनि हुन्छ । उनले उपस्थीत भएका सबै भत्तजनलाई यसै अवसरमा ईस्लाम र यसको महत्वका बारेमा शिक्षा दिने गर्दछन् ।

## मस्जिद संरक्षण तथा योजना

मस्जिद संरक्षण तथा पुन निर्माणका कार्य समय समयमा भई रहेका छ । वि.स २०७५ सलमा पनि स्थानीय गाँउपालिका र जनसमुदायको सहकार्यमा मस्जीद भवन पुन निर्माण तथा सजावटका कार्यहरु भएका थिए जुन यस

वर्ष पनि भइरहेको छ । ईमाम मोहम्मद ताहिरका अनुसार मस्जीद समितिले प्राप्त दान तथा बजेटको आधारमा यि कार्यहरु गर्दै आएका हुन् ।

## ५. बौद्ध विहार, वैजनाथ



*Photograph 5: बौद्ध विहार*

परिचय

बाँके जिल्लाको बैजनाथ गाँउपालिका पितामरीमा रहेको यस बैजनाथ शान्ति विहार यहा बसोबास गर्ने मगर समुदायको बौद्धधर्म मार्गिका लागी महत्वपूर्ण स्थल हो । यस धार्मिक क्षेत्रको स्थानीयमा पुरातात्वीक भन्दा पनि पर्यटकिय र धार्मिक महत्वको स्थानका रुपमा रहेको छ । धार्मिक तथा सांस्कृतिक बिविधता रहेको यस बाँके जिल्लामा यस बौद्ध विहारको निर्माणले धार्मिक सहिस्णुता तथा संस्कृतिक भिन्नताको उदाहरण दिएको छ ।

ऐतिहासिकता

वि.स २०६७ साल फाल्गुण महिनाको ११ गते स्थापना गरीएको यस विहार धैरै पुरानौ नभएता पनि यस समुदायका बौद्ध धर्मावलम्बीका लागी आस्थाको केन्द्र रहेको छ । यस क्षेत्रमा बौद्ध विहारको कमिले स्थानिय बौद्ध धर्मावलम्बीका लागी धार्मिक तथा सांस्कृतिक कार्यकम आयोजना गर्न, बौद्ध धर्म सम्बन्धी शिक्षा प्रदान गर्न र अन्य धार्मिक मेला आयोजना गर्न सजिलो होस भन्ने विचारले यस धार्मिक सम्पदाको स्थापना गरीएको हो ।

विहारको भौगोलिक आवस्थीति

प्रदेश नं ५मा अवस्थीत बाँके जिल्लाको बैजनाथ गाँउपालिका पितमारीमा रहेका यस विहार पर्यटकिय दृश्टिकोणले निकै रमणिय स्थानमा रहेको छ। विहारको क्षेत्रफल संगै जोडीएको शसस्त्र प्रहरीबल तालिम केन्द्रको इलाका संग जोडीएको छ। यहाँ बाट देख्न सकिने स्थानिय मगर गाँउ, चुरे पहाडको दृश्य, स्थानीय कृषि बालि, शान्त वातावरणले भ्रमणका लागी आउन योग्य स्थानका रुपमा यस धार्मिक स्थललाई लिन सकिन्छ। यस विहार क्षेत्रको संरक्षणका लागी यहाँको श्री बौद्ध शान्ति विहार कार्य समितिले विहारको कूल क्षेत्रफलमा फलामे तारको घेरा लगाइ संरक्षण समेत गरेको छ।

## विहारको वास्तुकला

नेपालको काठमाडौं उपत्यकामा पाइने विहार वास्तुकला भन्दा फरक तथा भिन्न रहेका यस विहारमा सरल तथा सादा किसिम को वास्तुकला देख्न सकिन्छ। विहार सानो चारपाटे भवन र मण्डपका साथ बनाइएको छ। यसको गभगृहमा पद्मासनमा, धर्मचक्रप्रवर्तन मुद्रमा बसेको शाक्यमुनि बुद्धको प्रतिमा रहेको छ जस्मा सजावटका लागी पहेलो तथा सेतो रंगको प्रयोग गरीएको छ। विहारको छत भने स्वयम्भू तथा बौद्धमा अवस्थीत स्तुपको जस्तो देखिन्छ  जस्मा बुद्धका आँखा, भुवन तथा गजुर छन्। यसको सजावटका लागी रातो, सेतो, पहेलो तथा कालो रंग को प्रयोग गरीएको छ। विहारको गभगृहको मुल ढोकाको अघाडी भने तिर्थयात्री, भक्तजन र पर्यटकका लागी आराम स्थल रहेको छ। यहाँ विभिन्न धार्मिक प्रवचन तथा सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरीन्छ।

## विहार संग सम्बन्धीत धार्मिक तथा सांस्कृति क्रियाकलाप

यस विहारमा बैसाख पुर्णिमा (बुद्ध जयन्ती), लोसार र अन्य मगर तथा गुरुङ्ग चाडपर्वका बेला भव्य कार्यक्रम हुने गरेको छ। यसका साथै यस स्थानमा बौद्ध धर्म ग्रन्थ सम्बन्धी शिक्षा, मगर भाषा लेख्न र पढ्न पनि सिकाइन्छ। यस समुदायका लागी नेतृत्व दिने मापा तथा वापाको शिक्षा पनि यहाँ दिइन्छ।

## विहार सम्बन्धी संरक्षण तथा योजना

यस विहारको संरक्षण, विकास तथा योजनाका कार्यहरु विहार कार्य समिति को निर्देशनबाट हुने गरेको छ भने अन्य योजनामा प्रदेश ५को सामाजिक विकास मन्त्रालयको नेतृत्वमा हुने गरेको छ। स्थानीय जनसमुदायको पनि सहभागीता देखिएता पनि उनीहरु कार्य समिति संग त्यति सन्तुस्ट भने देखिदैनन्

## बर्दिया जिल्लामा पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. ओम कोदारेश्वर धाम



*Photograph 6: ओम केदारेश्वर धाम शिवलिङ्ग*



*Photograph 7 : १०८ गौ मुखि ओम केदारेश्वर धाम*

परिचय

बर्दिया जिल्लाको बाँसगढी गाँउपालीका मा रहेको यस ओम केदारेश्वर धाम निकै रमणिाय स्थानमा निर्माण गरीएको छ। नेपाली हिन्दुधर्मावलम्बीका लागी चारधामको यात्रा महत्वपूर्ण रहेको र यहि केदारनाथ (चारधाम मध्य एक) स्थापना गर्न सके सबैको कल्याण हुने विचारले यस धामको निर्माण गरीएको मन्दिरका हाल नियुक्त पुजारी खेम प्रसाद आचार्यको भनाइ छ। उनका अनुसार यहाँ स्थापित केदारेश्वर शिवलाई प्राणप्रतिष्टा गरी स्वयम् केदारनाथ स्वरुपले राखिएको छ जस्को निन्य पूजा गरी दर्शन गर्नाले केदारनाथको दशन गरे सरहको फल प्राप्त हुन्छ।

## धामको ऐतिहासिकता

पुजारी खेम प्रसाद आचार्यका अनुसार परापूर्वकालमा यस धाम नजिकैको वनमा कस्तुरी मृगको बास थियो । स्थानीयले उक्त कस्तुरीलाई पुराणका कथामा जस्तै शिवजिको प्रतिक मान्दथे । पछि शिवजिको सम्झनामा उनिहरुले नजिकैको पिपलको रुखको फेदमा शिवलिङ्ग जस्तो देखिने शिला स्थापना गरे र यसै शिलालाई भगवान शिवजीको प्रतिमा सम्झी पूजा गर्न लागे । पछि यस स्थानमा अलौकिक शक्ति भएको र केदारेश्वर धाम स्थापना गर्न सुभ स्थान रहेको भनी स्वामी लोकानन्दजी माहाराजले भने पछि यहाँ वि.स २०७६ साल बैशाख १२ गते पुन निर्माण गरी उपराष्ट्र पति नन्द बहादुर पुन द्वारा धामको उद्घाटन गरीयो ।

## धामको भौगालिक अवस्थीति

लगभग ६ हेक्टर, ९ विघा क्षेत्रफलमा फैलिएको यस धाम भौगोलिक दृश्टिकोणले यातायात तथा सडकको माध्यमबाट सजिलै पुग्न सकिन्छ । पूर्व- पश्चिम राजमार्ग को छेउमा रहेको यस धाममा दर्शनार्थीको सुविधाका लागी प्रतिक्षालय, खानेपानी र शौचालयको पनि निर्माण गरीएको छ । प्रदेश ५ कै मुख्य धार्मिक तथा पर्यटकिय गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले यस क्षेत्रको विकास गरीएको छ । संगै रहेको घना वन तथा नित ठूला पोखरीको पनि उपयोग गरी विकास गर्न सके यस धार्मिक क्षेत्र निकै प्रसिद्व हुन सक्ने स्थानिय को विश्वास छ ।

## ओम केदारेश्वर धाम क्षेत्रको कला तथा वास्तुकला

धार्मिक वास्तुकलालाई मध्यनजर गर्दै निर्माण गरीएको यस क्षेत्रमा गोलाकार पर्खालको खुला स्थानको केन्द्रमा १०८ फिट अग्लो शिवलिङ्ग स्थापना गरीएको छ । कालो रंगको शिवलिङ्गको शिरमा तत्पुरुष, सद्योजात, अघोर, वामन र निराकार स्वरुप प्रतिमा सहित अङ्कित गरीएको छ । यहाँ शिवलिङ्ग अभिसेकका लागी १०७ फिटनै अग्लो भर्याङ्ग शिवलिङ्गको ठिक पछाडी निर्माण गरीएको छ । शिवलिङ्गको वरीपरी भने १०८ तुलसाको मठ को घेरालगाईएको छ भने यसको बाहिर पर्खालमा शिवलिङ्ग तर्फ फकाए र १०८ गौमुखि धाराको पनि निर्माण गरीएको छ । मन्दिर निर्माणमा प्रयोग भएका सामाग्री भने बालुवा, सिमेन्ट, इट्टा, फलाम र धातु रहेका छन् । सजावटका लागी भने सेतो, रातो, पहेँलो, सुनौला तथा सुन्तला रंग हरु प्रयोग गरीएको छ ।

## धाम संग सम्बन्धीत धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस धाममा शिव रात्रीका बेला भव्यपूजा, भजन किर्तन तथा मेला लाग्ने गर्दछ । यस बाहेक स्रावण महिनाको सोमबार र हरितालिका तिजमा दिनमा पनि यहाँ भक्त जनको घुइचो लाग्ने गर्दछ । यहाँ शिवलिङ्ग लाई जल, दुध तथा अर्घका साथ अभिसेख गरी वैदिक हिसाबले पुजा गरीन्छ । यसका साथै यहाँ श्रीमदभागवद पुराण, यज्ञ, धार्मिक कथा वाचन तथा अन्य सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरीन्छ ।

## धाम संरक्षण तथा योजना

यस ओम केदारेश्वर धामको विकास तथा संरक्षणका लागी यस धामका नाममा स्थापना भएको ओम केदारेश्वर धाम ट्रष्ट जिम्मेवार निकायका रुपमा कार्य गर्दै आएको छ । यसकार्य लाई सहयोग गर्न बाँसगढी गाँउपालिका र स्थानिय दाताहरुको पनि उत्तिकै योगदान रहेको छ । भविष्यमा यस धार्मिक क्षेत्रलाई बर्दिया जिल्लाकै प्राकृतिक तथा सांस्कृतिक सम्पदा पर्यटन स्थलका रुपमा विकास गर्ने योजना यहाँका सरेकारवालाहरुको रहेको छ ।

## २. ठाकुद्वारा धार्मिक क्षेत्र



*Photograph 8 : ठाकुर द्वारा मन्दिर*

परिचय

प्रदेश ५ को बर्दिया जिल्ला ठाकुरद्वार वडा नं ९, नेवलापूरमा अवस्थीत यस ठाकुर द्वार मन्दिर क्षेत्र हिन्दु धर्मावलम्बी र थारु जातका समुदायका लागी आस्थाको केन्द्रका रुपमा रहेको छ । यस मन्दिरमा विशेष गरी विष्णु भगवानको प्रतिमालाई पूजा गरीन्छ । बर्दिया राष्ट्रिय निकुञ्जको बफरजोनमा पर्न जाने यस धार्मिक क्षेत्र नेपाल तथा भारतका वैष्णव तथा हिन्दुधर्मावलम्बीका लागी महत्वपूर्ण सम्पदा हो । स्थानी थारु भाषा "ठाकुर" को अर्थ विष्णु भगवानको नाम र "द्वार" शब्दले प्रवेश गर्ने ढोका भन्ने अर्थ दिन्छ । यस अर्थमा ठाकुर द्वार भन्नाले भगवान विष्णुको द्वार अथवा बैकुण्ठ जाने ढोकाका रुपमा बुझ्न सकिन्छ ।

ऐतिहासिकता

प्राचिन समयमा यस क्षेत्रमा अभिर (भैंसी पालन गर्ने समुदाय) को बसोबास रहेको र उनीहरु वैष्णव धर्म सम्प्रदायका भएकाले भगवान विष्णु प्रति निकै आस्था राख्दथे । यसै बेलादेखि यहाँ विष्णुको पुजा गरीन्छ । विशेष गरी सन्तान प्राप्तीका लागी भाकल गरी माघी अर्थात माघ महिनाको १ गते पुजा गर्नाले निसन्तानको पनि सन्तान हुने विश्वासले यहाँ ठाकुरको दर्शन गर्न नेपाल तथा भारत बाट दर्शनार्थीहरु आउने गर्दछन् । मन्दिर व्यवस्थापन तथा विकास समीतीका अध्यक्ष खड्ग बहादुर खड्काका अनुसार यस मन्दिरको गभगृहमा भएको भगवान विष्णुको प्रतिमा पुरातत्व विभाग द्वारा करिब ६०० वर्ष पुरानो भनिएको छ । तर यस भनाइलाई विद्वान योगी नरहरी नाथ खण्डन गर्दै यस प्रतिमा लिच्छवी

काल भन्दा पनि पहिलेको भन्ने तर्क व्यत्त गरेका छन् । यसै भनाइलाई समर्थन गर्दै यस प्रतिमाको उत्पत्ति भने प्राचिनकामा नै भएको हो भन्ने मन्दिरका हाल नियुत्त पुजारी राम अवतार थारु ले बताएका छन् ।

## मन्दिरको भौगोलिग अवस्थीती

बर्दिया राष्ट्रिय निकुञ्जको बफर जोन अन्तर्गत पर्नआउने यस मन्दिर वरपरको वनले यस धार्मिक क्षेत्रमा प्राकृतिक सुन्दरता पनि थपिदिएको छ । पूर्व-पश्चिम राजमार्गको छेउमै रहेको यस मन्दिर क्षेत्र यातायात तथा पैदल बाट सजिलै पुग्न सकिन्छ । प्रदेश सरकारको निर्माण पछि यस मन्दिर क्षेत्र ठाकुरबाबा नगरपालीकामा अवस्थीत छ । करिब १७ हेक्टर क्षेत्रफलमा फैलिएको यस धार्मिक क्षेत्रमा धार्मिक तथा सांस्कृतिक कार्यक्रमका लागी प्रसस्त स्थान पाइन्छ । मुख्य मन्दिरमा पुग्न अगाडी देखिने प्रवेश द्वार, ढुङ्गा छापिएको बाटो तथा प्राङ्गण, शौचालय, खानेपानीको धारा, मन्दिर व्यवस्थापन समितिको भवन र पुजारीको वास स्थानले यस मन्दिरमा उपलब्ध सुविधाको बारेमा अड्कल गर्न सकिन्छ ।

## मन्दिर क्षेत्रको कला तथा वास्तुकला

मन्दिर व्यवस्थापा अध्यक्ष खड्ग बहादुर खड्काका भनाई अनुसार प्राचिन समयमा यहाँ विष्णुको प्रतिमालाई केवल ढुङ्गा र माटोको घेरामा खरको छाना रहेको थियो र यसलाई नै मन्दिरका रुप मनिदै आएको थियो । पछि वि.स २०३५-२०३६ साल तिर नेपाल सरकार, स्थानीय तथा मन्दिरबाट प्राप्त दानको सहयोग मा यसमनिदर को पुन निर्माण कार्य गरीयो । यसमा मुख्य मन्दिरको वास्तुकला भाने भारतबाट आएका एक दर्शनाथीले हेर्दा गुड्न लागेको रथ जस्तो अलग किसिमको बनाउने जिम्मा लिए र अहिले देख्न सकिने वातुकला त्यहि रहेको छ । मन्दिरको गर्भगृहमा पूर्वतर्फ राखिएको विष्णुभगवानको प्रतिमा छ जस संगै हनुमानको प्रतिमा पनि छ । मन्दिरको दक्षिण तथा पूर्व पट्टि ढोका बनाइएको छ । मन्दिर वरीपरी प्रदक्षिण पथ पनाइएको जस्को फर्समा सेतो मार्वल ओछ्याइएको छ । प्रदक्षिणा पथ संगै मन्दिरको बाहिरी घेरा वरपर १६ वडा गोलाकार पिल्लरहरु छन् जस्को छाना संगको माथिल्लो भाग र जमिन संगको तल्लो भागमा पाङ्गा जस्तो छन् । मन्दिरको छाना भने निकै सजावट गरी शिखर जस्तो बनाइएको छ जस्को माथिल्ले स्थानमा गजुर छ । नेपालमा पाइने वैष्णव मन्दिरको वास्तुकलामा निकै भिन्न र आकर्षक यस मन्दिरको सजावटका लागी विभिन्न आकर्षक बुट्टाहरु बनाइएको छ जस्लाई सजाउन रातो, हरीयो, सेतो, कालो, सुनौला र अरु रंग प्रयोग गरीएको छ । मन्दिरको दक्षिण पट्टि प्राचिन इनार रहेको छ जस्को मुख्लाई छोपि साँडेको प्रतिमा राखेको छ । यस संगै मन्दिरको दक्षिण उत्तर कुनामा एक शिवलिङ्ग रहेको छ । मन्दिरको उत्तर पटि भने यस क्षेत्रमा भेटिएको पहिचान गर्न गारो देखिने मूर्ति हरु छन् । यस को टिक पछि भने चारकुने पोखरी रहेको छ । यस बाहेक मन्दिर वरपर सरस्वती र दुर्गाका मन्दिरहरु र अखण्ड ध्वनीको यज्ञशाला पनि रहेको छ ।

## मन्दिर संग सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा विशेष गरी माघीमा ठूलो मेला लाग्ने गर्दछ । विशेष गरी पूसको मसान्त देखि माघको महिनाको ६ गते सम्म लाग्ने यस मेलामा करिब ५० भन्दा बढि पसल थापि सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरुको आयोजना पनि हुन्छ । यस बाहेक यहा बाला चतुर्दशि, कृष्णअष्ठमी र अन्य वैष्णव चाड का बेला पूजा र मेला लाग्ने गर्दछ । यस बाहेक हरेक दिन यहाँ दर्शनका लागी नेपाल तथा भारत बाट दर्शनार्थी हरु आउने गर्द छन् ।

## मन्दिरको संरक्षण तथा योजना

यस मन्दिरको संरक्षण का लागी मन्दिर संचालक समिति तथा गाँउपालिकाले सहकार्य गर्दै मन्दिरको क्षेत्रफल वरपर पखाल तथा तारले बार्ने कार्य भएको छ । बर्दिया राष्ट्रिय निकुञ्ज नजिक रहेकाले यस क्षेत्रलाई मुख्य सम्पदा क्षेत्रका रुपमा विकास गरी धेरै संख्यामा पर्यटक भित्राउन सकिने मन्दिर संचालक समिती को भनाइ रहेको छ ।

## ३. सदाशिव मन्दिर



*Photograph 9: सदासिव मन्दिर*

### परिचय

बर्दिया जिल्लामा रहेको यस सदाशिव मन्दिर एक प्राचिन मन्दिर हो । स्थानीय थारु समुदायको बस्तीमा रहेको यस मन्दिरमा एक प्राचिन शिव लिङ्ग सहितको मन्दिर रहेको छ । स्थानीय भाषामा सदा को अर्थ सधै र शिव ले भगवान शिवलाई बुझाउने भएकोले सदाशिव मन्दिरमा रहेको शिवलिङ्ग सदा रहने र रहिआएकोले यस मन्दिरको नामाकरण गरीएको हुन सक्ने स्थानीयको भनाई छ ।

### ऐतिहासिकता

मन्दिरका पुजारी बजराम थारुका अनुसार प्राचिन कालमा यस मन्दिर भएको स्थानमा एक योगीबाबा बस्दथे । उनी यस स्थानमा बसेर गाँउलेहरुलाई चोर र डाँकाहरुको आक्रमण हुन लाग्दा डमरु बजाएर सचेत गराउथे । यसरी गाँउलेहरु लाई हरेक प्रकारको खतराबाट जोगाइ सहयोग गरेकाले गाँउलेहरु पनि उनीलाई सम्मान गदर्थे । तर यस कुराको चाल पाएर ति डाँकाले आइ रिसको झोकमा ति योगीका टाउकोमा तरबारले हान्नलाग्दा उक्त तरबारले उनको एका तर्फ हात सम्म चोट लागी धेरै रगत बग्यो । पछि हेर्दा उक्त स्थानमा एक शिवलिङ्ग बिच बाट फुटेको र त्यस बाट रगत बगेको गाँउलेले देखे तथा ति योगी लाई त्यस स्थानमा नदेखे पछि पकै ति बाबा यस शिवलिङ्गको स्वरुपमा अर्न्तध्यान भएको अनुमान गरे । त्यसैले यस शिवलिङ्ग तथा यस क्षेत्रलाई लगभग १००-२०० वर्षको ऐतिहासिक विशेषसता रहेको मानिनछ ।

## मन्दिर क्षेत्रको भौगोलिक अवस्थीती

बर्दिया जिल्लाको बारबर्दिया गाँउपालिकामा अवस्थीत यस मन्दिर स्थानीय बस्ती भन्दा केहि लगभग २ किलामिटर पर रहेको छ । यस धार्मिक क्षेत्रमा पुग्न पूर्व-पश्चिम रजमार्ग बाट बारबर्दिया गाँउपालिका सम्म जोडीएको कच्चि सडक प्रयोग गरी जान सकिन्छ । मन्दिरको प्राङ्गणमा आँप, जामुन, पिपलको रुख तथा अन्य फलफूलबा बोट भएकाले शितल वातावरण पाइन्छ । शदाशिव मन्दिर को छेउमा यहाँ बाँसले बनाएको मुल द्वार, ध्वनीका लागी यज्ञशाला, पुजारीका लागी बस्न घर, शौचालय, प्रतिक्षालय, राम मन्दिर, मनिदरको पूर्व पट्टि तुलसाको मठ र ब्रम्हा र गणेशको प्रतिमा सहितको साना मन्दिरहरु पनि रहेका छन् । यस धार्मिक क्षेत्रको सुरक्षाका लागी धने काठको बार बारेर संरक्षण गरीएको छ ।

## मन्दिरको वास्तुकला

प्राचिन समयमा खरको छाना तथा बाँसका पर्खाल लगाएर बनाईएको यस मन्दिरमा हालभने आधुनिक वास्तुकला सामाग्रीले बनाएको मन्दिर भवनहरु देखन सकिन्छ । यसको निर्माणका लागी ईट्ट, बालुवा, सिमेन्ट, गिट्टी र फलामे छडको प्रयोग गरीएको छ । चारपाटे स्वरुपमा यस शदाशिव मन्दिर एक तल्लाको रहेको छ जहाँ वरीपरी प्रदक्षिण पथ रहेको छ । मन्दिरको गर्भगृहमा भने शिवलिङ्ग वरीपरी चारैदिशामा प्रवेशद्वार रहेका छन् । यस शिवलिङ्ग भने करिब ३ फिट अग्लो र हेको छ । मन्दिरको छाना भने अर्धगोलाकार स्वरुपमा रहेको छ  जस्को टुप्पोमा ढलोटको गजुर रहेको छ । मन्दिरको दक्षिण पट्टि भने एक तल्लेको राम, लक्ष्मण ,सिता र हनुमानको प्रतिमा रहेको मन्दिर रहेको छ । मन्दिरको सजावटका लागी भने पहेँलो र रातो रंगको प्रयोग गरी आकर्षक स्वरुप दिइएको छ ।

## मन्दिर संग सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा विशेष गरी शिवरात्रीका बेला विशेष पुजार मेला लाग्ने गर्दछ । स्थानीय समुदाय थारु भएकाले यहाँ माघिका बेला पनि पुजा गर्ने गरीन्छ । यस बाहेक मन्दिरका पुजारीका अनुसार प्रत्यक सोमबार र हरितालिका तिजका बेला दर्शनार्थिको घुईचो लाग्ने गर्दछ ।

## मन्दिर सम्बन्धी योजना तथा संरक्षण

यस मन्दिरको संरक्षणका लागी शदाशिव मन्दिर संचालक समितको गठन भई संरक्षण तथा विकासका विभिन्न कार्यहरु भइरहेका छन् । यस कार्यका विस्तृत विवरण मन्दिरको योजना तथा विधानमा हेर्न सकिन्छ ।

## ४. कोटही भगवती मन्दिर



*Photograph 10 : कोटही देवि मन्दिर*

### परिचय

बर्दिया जिल्लाको गुलरीया नगरपालीका वडा नं ४मा रहेको यस मन्दिरमा भगवतीको पूजा गरीन्छ । कोट सब्द ले किल्ल वा संरक्षण गरीएको क्षेत्र बुझाउछ भने भगवतीले देवि । यस अर्थलाई मध्य नजर गर्ने हो भने यस मन्दिर ऐतिहासिक समयमा कोटको सुरक्षाका लागी बनाइएको भगजवतीको मन्दिरका रुपमा लिन सकिन्छ । यहाँ भगवती लगाएत अन्य पाञ्चायन देवताको पनि मन्दिर देख्न सकिन्छ ।

### ऐतिहासिकता

मन्दिरका हालका पुजारी फर्सुराम ज्ञवालीका अनुसार यस मन्दिर नेपालको सिमामा गाँसिए पछि जंगबहादुर राणाका समयमा हतियार संचय गर्न र लडाँइका लागी चाइने अन्य सामाग्री का लागी प्रयोग गरीन्थ्यो । यस भनाई लाई समर्थन गर्ने प्रमाण नभेटिए पनि मन्दिरमा राणा परिवार तथा राज परिवारले बेला बखत पूजा गर्न आउने कुरा उने बताए । यस बाहेक यस कोटही भगवती मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष हरि प्रसाद न्यौपानेका अनुसार पहिले यहाँ स्वयम् उत्पत्ति भएकि देवि प्रतिमा को पुजा गरीन्थ्यो जुन प्राचिनकाल देखि यस समयमा रहेको थियो । यस भनाईलाई हेर्दा मन्दिरको ऐतिहासिक महत्व कमितिमा पनि १०० वर्ष पुरानो भन्ने अड्कल गर्न सकिन्छ ।

### मन्दिरको भौगोलिक अवस्थीती

बर्दिया जिल्लको गुलरीया बस्ती संगै रहेको यस मन्दिर पूर्व पश्चिम राजमार्ग तथा जिल्ला सम्नवय कार्यलय संगैको पिच सडक बाट सजिलै पुग्न सकिन्छ । ४ कट्ठा २ विघा समथर जमिनमा भएकोले यस मन्दिर वरपरको स्थानीय बस्ती,

खेत तथा हरीया बगैचाको दृश्य पनि देख्न सकिन्छ । मन्दिर संगै ऐतिहासिक समय देखि रहेको भनिएको पोखरी पनि रहेको छ । मन्दिरको प्रवेश द्वार संगै जोडीएको क्षेत्रलाई भने बगैंचाका रुपमा विकास गर्न खोजिएको छ ।

## मन्दिरको वास्तुकला

ऐतिहासिक समयमा यस स्थानमा एउटा जग र मोलौके स्पमा देविलाई पूजा गरीएको थियो । पछि सपनामा एक स्थानीयलाई देविको प्रतिमा यतै रहेको र खन्नेर निकालि स्थापना गर्न अराएको कुरा उनले अरु गाँउले लाई सुनाए । खनेर हेर्ने क्रममा उनले देविको जिब्रो निकालेको प्रतिमा आफुले देखेको बताए  तर त्यस राता धेरै आधीँ र वर्षा बेसरी परेकाले खन्ने कार्यलाई अघि बढाउन नसके पछि त्यस प्रतिमालाई ननिकालि मन्दिर स्थापना गरी देविको नयाँ प्रतिमा राखने निर्णय भएपछि वि.स २०४१ र वि.स २०४४ सालमा पुन निर्माणको कार्य गरीयो । अहिले देख्न सकिने मन्दिरको वास्तुकला भने यसै भर्खरै पुन निर्माणकार्य पछिको हो । मन्दिर तल्लेशैलिमा निर्माण भएको देखिए पनि अरु भन्दा निकै फरक देखिन्छ । मन्दिरको दस्रो तल्ला समान रुपले थपिएको भएता पनि तेस्रो तल्ला भने निकै साँघुरो गरी बनाएर सुनको जलप लगाएको पित्तलको गजुर राखिएको छ । मन्दिर वरपरी घेरामा गोलाकार ठुला पिल्लर राखिएको छ भने यसको भित्र पट्टि प्रदक्षिण पथको निर्माण गरीएको छ । मन्दिरको गर्भगृहमा भने १८ बाहु भएकी, सिंह बाहान र महिसासुरको वध गरीरहेकि देविको प्रतिमा छ । मन्दिरको पश्चिम पट्टि मूल द्वार छ भने यसको ठिक अगाडी भजन किर्तनका लागी मण्डिप बनाइएको छ । यसका साथै मन्दिरको वरीपरी गणेश, पशुपति, सरस्वती, सुर्य, राम, लक्ष्मण, राधा कृष्ण को प्रतिमा सहितको साना मन्दिरहरु रहेका छन् । यसका साथै यहा हवनकुण्ड, पुजारी निवास, निर्माणधिन धर्मशाला पनि रहेका छन् । मन्दिरलाई रातो तथा सेतो रंगको प्रयोग गरी निकै आकर्षक तरीकाले सजाइएको छ ।

## मन्दिर संग सम्बन्धीत धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

भगवतीको मन्दिर भएको ले यस स्थानमा नेपालीहरुको महान चाड वडा दशैंका बेला नौ दिन सम्म विशेष पूजा गरीन्छ । उत्त अवसरमा यहाँ मेला तथा सांस्कृतिक कार्यकमकमे आयोजना गरिन्छ  जस्मा सहभागी हुन नेपाल तथा भारतकाट दर्शनार्थिहरु आउने गर्द छन् । यस बाहेक यहाँ हरितालिका तिज, चैते दशैं, शिवरात्री, जनैपूर्णिमा र हरेक दिन भत्तजन दर्शनका लागी आउने गर्दछन् । यस मन्दिरमा आइ पूजा गर्नाले चिताएको मनेकांक्षा पुराहुने जन विश्वास रहि आएको छ ।

## मन्दिर संरक्षण तथा योजना

मन्दिर संरक्षणमा गुलरीया गाँय पालिका, मन्दिर व्यपस्थापन समिती तथा स्थानीयले निकै ध्यान दिएको यस मन्दिरको हाको संरचनाले देख्न सकिन्छ । मन्दिर निकै संरक्षित अवस्थामा भएकाले निकै सफा र सुरक्षित अवस्थामा दखिन्छ । यस बाहेक यस मन्दिर क्षेत्रलाई गुलरीयाको मुख्य पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न विभिन्न्न योजनाह बनिआएको कुरा पनि जिल्लाका अधिकृतबाट जानकारी भयो ।

## ५. बङ्गलामुखि मन्दिर



*Photograph 11: बङ्गलामुखि मन्दिर परिसर*

### परिचय

बर्दिया जिल्लाको अर्को महत्वपूर्ण धार्मिक स्थलका रुपमा रहेको बङ्गलामुखि देवि मन्दिर यहाँका स्थानीयको आस्थाको केन्द्रका रुपमा रहेको छ । प्राचिन हिन्दु ग्रन्थका अनुसार देवि बङ्गलामुखि तन्त्र तथा दशमहाविध्या संग सम्बन्धीत भएकाले यस क्षेत्रमा पनि मध्यकालमा तन्त्रीक पूजा हुने गरेको अनुमान गर्न सकिन्छ। देवि बङ्गलामुखिलाई विशेष गरी अलौकिक ज्ञान तथा शक्ति प्रदान गर्ने देविका रुपमा नेपाल तथा भारतका शाक्त र हिन्दु समुदायमा पूजा गरीन्छ।

### ऐतिहासिकता

यस मन्दिरका पुजारी डील्ली प्रसाद उपाध्यायका अनुसार मन्दिर प्राचिन समय देखि अस्तीत्वमा रहेको थियो । मन्दिर स्थापना भएको मिति ठ्याक्क थाहा नभए पनि उनका अनुसार यस मन्दिर कम्तीमा पनि १०० वर्ष अगाडी निर्माण भएको हो । यस मन्दिरको अगाडी रहेको शिला स्तम्भ र मेटिएका अक्षरहरुले पनि यस मन्दिर पूर्व लिच्छवी कालको हुनुपर्ने संकेत दिन्छ। वि.स १९९४ र वि.स २०४५ सालमा भएको पून निर्माणकार्यको शिलालेख र बडा महारानी सत्न राज्य देवि शाहाको ६०औं जन्मेत्सवमा गरीएको पुन निर्माणको शिलालेखले यस मन्दिर को तत्कालीन राज परिवार तथा राणा परिवार संगको सम्बन्धलाई पनि जनाउछ।

### मन्दिरको भौगोलिक अवस्थीति

बर्दिया जिल्लाको गुलरीया नगरपालीका वडा नं २मा आवस्थीत यस मन्दिर पूर्व पश्चिम राजमार्ग तथा गुलरीया सडकबाटसजिलै पुग्न सकिन्छ। स्थानीय बस्तीको माझमा रहेको ले यस मन्दिरमा दर्शनाथीको उपस्थीती दैनिक देख्न

सकिन्छ। करिब क्षेत्रफलमा फैलिएको यस मन्दिरको संरक्षण ईट्टाको पर्खाल लगाइ गरीएको छ। मन्दिर वरपर खानेपानी, विजुलि, शौचालय, प्रतिक्षालय तथा पुजारी घर पनि देखन सकिन्छ । मन्दिर वरपर विभिन्न फलफूलको बगैंचा रहेको ले वातावरण निकै सफा र रमणीय छ।

## मन्दिरको वास्तुकला

यस बङ्गगलामुखि भगवती मन्दिर काठमाडौं उपत्यकामा देख्न सकिने नेपाली तल्लेशैलिमा निर्माण गरीएको छ। तिन तल्लाको यस मन्दिरको तल्ला घट्दो किसिमले निर्माण गरीएको छ जस्को शिरमा सुनको जलप लागाइएको गजुर राखिएको छ। मन्दिरको पहिलो तल्ला चारपाटे आकारमा निर्माण गरीएको छ जस्को वरपर प्रदक्षिण पथ बनाईएको छ। उत्तपथको बाहिरी भागमा गोलाकार ठूला ठूला पिल्लरहरु रहेका छन्। मन्दिरको गर्भगृहमा भने स्वर्ण जलपलगाएको, रातो कपडाले शिर भन्दा तलको भाग छोपिएको बङ्गलामुखि देविको प्रतिमा रहेको छ। मन्दिरको मूल ढोका भने पश्चिम पट्टि फर्काइउको छ । जस्को दायाँ बाँया ढलोटका ठूला घण्टहरु राखिएका छन् । मन्दिर वरपर विष्णु, पशुपतिनाथ शिवलिङ्ग, सूर्य, गणेश, बटुक भैरव, राम जानकी, सरस्वती मन्दिर, पिताम्बरेश्वर भगवानका प्रतिमा सहितको मन्दिर रहेका छन्। मन्दिर प्राङ्गणको बिच भागमा यज्ञकुण्ड पनि रहेको छ। मन्दिरलाई कलात्मकरुपमा सजाउनुका साथै कलेजी तथा सेतो रंगले सजाईको छ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा विशेष गरी बिहिवारका दिन देविको पूजा गरीन्छ। यसबाहेक यहाँ वडा दशैं, कृष्ण अष्ठमी, रामनवमी, ऋषि पञ्चमी, शरितालिका तिज तथा शिवरात्रीका दिन विषेश पूजा सहित मेला लाग्ने गर्दछ । जस्मा सहभागी हुन बर्दिया जिल्ला लगायत नेपाल तथा भारतबाट दर्शनार्थीको घुँयचो लागने गर्दछ।

## मन्दिर संरक्षण तथा योजना

यस मन्दिरको संरक्षणकार्य ऐतिहासिक समय देखि निकै व्यवस्थीत तरीकाले भएको कुरा यहाँ रहेका पुन निर्माण शिलालेखहरु बट प्राप्त हुन्छ। त्यसबाहेक मन्दिरको व्यवस्थापनका लागी यहाँ बङ्गलामुखि मन्दिर व्यवस्थापन समितीले संरक्षण कार्य गर्दै आइरहेको छ। यस बाहेक मन्दिर क्षेत्रको विकासका लागी गुलरीया नगरपालीका र स्थानीय समुदायको पनि उत्तिकै सहभागीता देख्न सकिन्छ।

## दाङ्ग जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. श्री गोरक्षा पात्र देवता सिद्धरत्ननाथ मठ



*Photograph 12 : गोरक्षा पात्र देवता मुल मठ*

परिचय

गोरक्षा सिद्ध रत्ननाथ मठ घोराही नगरपालिका वडा नं ४ चौघेरामा अवस्थित छ। यो मठ घोराही- लमाही राजमार्गबाट डेढ किलोमिटर पूर्व तर्फ जाँदै पुग्नसकिन्छ। यो स्थान नाथा पूजापद्धति ९अगति०को पुरानो प्रज्ञा प्रतिष्ठान ९बअबमभ्कथ० हो । यो मठको विशेष मुख्यतया इतिहास हुनका साथै योग, कला र आध्यात्मिक सोचको केन्द्र पनि हो । यो मठले समस्त हिन्दुमात्रको धार्मिक भावलाई आध्यात्मिक टेवा प्रदान गरिराखेको छ। मानव मात्रमा प्रेम र स्नेहको सिंचन गरी भौतिक जीवनबाट मुक्ति प्राप्त गर्न लोकलाई योग शिक्षा प्रदान गर्दै सिद्ध रत्ननाथले पेशावर, काबुल, कन्धार देखि उत्तराखण्ड नेपालसम्म करुणा कृपादृष्टि पुराउनु भएको इतिहास छ।

ऐतिहासिकता

सिद्ध रत्ननाथका प्राचीनताका बारेमा किटेर भन्न नसकिए पनि केही तथ्यहरुले सिद्धको अवतरण आज भन्दा करिब १२०० वर्षअघि भएको तर्फ इंगित गर्दछन्। वि.सं. ८०९ मा शिव गोरक्षका शिष्य श्री रत्ननाथले सिद्धि प्राप्त गरेर सात सय वर्षसम्म योग प्रचारप्रसार गर्दै यस भूमण्डलको भ्रमण गरेको प्राचिन ग्रन्थहरुमा उल्लेख छ। सिद्धबाट प्रभावित भई फलावाङका राजाले थानागाउँ तुल्सीपुर) छिल्लीस्थान र थरकोटमा पीठ स्थापना गरेको र सिद्धको सेवाका लागि पचुर्खामा

तीर चढाउने प्रथा चलाएको पनि इतिहासमा प्रसंगहरु पाइन्छ । यसका साँक्षी ती स्थानहरुमा रहेका मठ, मन्दिर र पीठहरुमा अद्यापी रहेको छ ।

## मठको भौगोलिक अवस्थीति

वि.सं. २०७६ अक्षय तृतीयामा पुनः आरम्भ भएको श्री गोरखनाथ वैदिक गुरुकुलमा अहिले दैनिक अखण्ड रुपमा बटुक तथा कन्याहरुबाट रुद्राभिषेक भइरहेको छ । त्यसको साथमा बटुक, कन्या तथा अन्य संस्कृत भाषा पढ्न चाहनेहरुले पनि अध्ययन गर्न सकिन्छ ।

## मठको वास्तुकला

यस मठको प्रवेशद्वारको देब्रे पट्टि योग भवन संगै एउटा राणा कालिन सत्तल पनि छ । यस बाहेक जिर्ण अवस्थामा रहेको  गोरक्षापात्र देवता रत्ननाथको मन्दिर पुन निर्माण कार्य भइ रहेकोले पहिलेको वास्तुकला देख्न सकिन्न । यस मठ परिसरमा भैरव मन्दिर, पर्वस्थल, कालसेन भैरव मन्दिर, गोरखनाथ नवनाथ मन्दिर, ऐतिहासिक रत्नेश्वर मन्दिर, कोटिहवन यज्ञशााला, सिद्ध वैजनाथ जिवित समाधि, गोरक्षापुस्तकालय, प्रभात चित्रकला, ऐतिहासिक गलैंचाको वृक्ष र ऐतिहासिक कुवा रहेका छन् ।

## मठ सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मठमा नाथयोगको तांत्रिक बिधिद्वार पूजा अर्चना गरिन्छ । २४ घण्टामा लगभग १२ घण्टासम्म पूजा अर्चना गरिने यो मठ नाथयोग विद्या केन्द्र हो । यस मठको सम्बन्ध भरत स्थित देवीपाटन मन्दिर संग पनि रहेको छ । हरेक वर्ष यस मठबाट गोरक्षपात्रदेवता सिद्धरत्ननाथजीको सवारी चैत्र पञ्चमीका दिन देवीपाटन मन्दिर पुगि चैते दशमीसम्मा पूजन गरी फिर्ती सवारी हुने चलन छ । यो यात्रालाई देवीपाट न धामिक यात्रा पनि भनिन्छ र यो यात्रा २३ दिनको हुन्छ ।

- पीरफेरे मेला हरेक वर्ष विजया एकादशीका दिन अर्थात शिवरात्रीभन्दा दुई दिन अगाडि योगीहरुको सर्वसहमतिबाट आबाल ब्रह्मचारी, अविवाहित योगीलाई पीर मठाधीशका रुपमा एक वर्षका लागि चयन गरिन्छ । यो अवसरमा मन्दिर परिसरमा भव्य मेला लाग्दछ र यहाँको सबैभन्दा ठूलो पर्व मानिन्छ ।
- पात्रदेवताको महा स्नानपूजा पात्रदेवताको महा स्नानपूजा यस मठको शिवशक्तियुक्त परम्परा हो । हरिबोधनी एकादशीका दिनमा रात्रिकालको समय पात्रदेवता भगवानलाई विभिन्न अमृतमय तिर्थको जल, अक्षता, बेलको चन्दनको शिवलिङ्ग, बत्ती, बेलपत्र, श्रीखण्डको अत्तर, जस्ता पवित्र सामाग्रीले गरिने महा पूजालाई नै महास्नान पूजा भनिन्छ । यो पूजाका दिन सर्वसाधारणका लागि खुला दर्शन र बाहिरी पूजा गर्ने अवसर पाइन्छ ।
- कालीरोटि महाभण्डारा पर्व कालीरोटि महाभण्डारा पर्व यहाँको दोश्रो ठूलो पर्व हो । पुत्रदा एकादशीका दिनदेखि शुरु भएर चार रातसम्म अखण्ड रुपमा ५ मरी भन्दा बढी पिठो त्यसैका साथमा त्यहि अनुपातमा घ्यु,

भेली, सोफ, मरिचको मिश्रण गरेर बनाईएको एक विशेष प्रसादलाई कालिरोटी भनिन्छ । विभिन्न स्थानबाट भक्तजनहरु कालिरोटि प्रसाद लिन आउँछन् ।

## मठ संरक्षण तथा योजना

हाल यस मठमा सरकार र DOA को मद्दतबाट पुनर्निर्माणको कार्य चलिरहेको छ ।

## २. पाण्डवेश्वर महादेव धाम



*Photograph 13 : पाण्डवेश्वर मन्दिर नजिकको त्रिशुल (द्वितिय श्रोत)*

### परिचय

पौराणीक महत्व बोकेको यस धार्मिक क्षेत्र ६१ फिट अग्लो त्रिशुल स्थापना भए संगै हाल निकै चर्चामा रहेको दाङ जिल्लाकै मुख्य पर्यटकीय स्थलका रुपमा प्रसिद्ध छ ।

### भौगोलिक अवस्थीति

दाङ जिल्लाको घोराही उपमाहानगरपालीका वडा नं ५, धारपानीमा अवस्थीत यस धार्मिक तथा पौराणीक क्षेत्र घोराइ बजार दखि दक्षिण तर्फ ९ किलो मिटर पक्की सडको यात्रा गरी सजिलै पुग्न सकिन्छ । बबई नदिको

किनार तथा चुरे पर्वतको काखमा पाण्डवेश्वर मन्दिर नजिक रहेको ६१ फिट अग्लो अवस्थीत यस मन्दिर क्षेत्र बाट पहाड त्रिशुल तथा नदिका मनोरम दृश्य अवलोक गर्न पनि सकिन्छ ।

## ऐतिहासिकता

पौराणिक कालमा महाभारतको युद्ध पछि द्रोपती सहित पाँचपाण्डवहरु उत्तरा पन्थिको यात्रामा गएको र त्यस क्रममा यस स्थानमा आई शिवको आराधना गरेका थिए भन्ने किंवदन्ती सुन्न पाइन्छ। पाण्डवहरु द्वारा आराधना गरीएका शिव भएकाले यस क्षेत्रको नाम पाण्डवेश्वर रहन गएको भन्ने भनाइ छ । आज भन्दा करिब १५० वर्ष अघि स्थनीय थारु समुदायका एक व्यक्तिले साजको रुख काट्नलाग्दा नसकी भोलि पल्ट आएर हेर्दा उत्त रुखमा लागेको बञ्चराको डोभ आफै मेटिदै गए पछि यसो हुनु पछाडीको रहस्य खोतल्ने क्रममा पात पतिङ्गर पन्छाएर हेर्दा शिवलिङ्ग, पादुका र छेउमै जलकुण्ड भेटिए पछि यस क्षेत्रमा केहि अलौकिक शक्ति रहेको कुरा गाँउलेहरुले अनुमान गरे ।

## मन्दिरको वास्तुकला

यस धार्मिक क्षेत्रको महिमा र प्रचारप्रसार बढ्दै गए पछि प्राकृतिक स्पमा प्राप्त भएको शिवलिङ्गलाई मध्यनजर गरी तल्लेशैलिको तिन तल्ले मन्दिर निर्माण गरीएको छ । मन्दिर परिसरमा गणेश मन्दिर, लक्ष्मी मन्दिर, नारायण मन्दिर, भगवती मन्दिर, हवन कुण्ड, जलकुण्ड, र पाकशाला निर्माण गरीएको छ। यसै गरी हालका दिनमा यस स्थनमा १००८ जोडी वरपिपल रोपण, १०८ शिवलिङ्ग, ढुङ्गेधारा निर्माण गरीएको छ । यसका साथै यहाँ कलात्मक प्रवेश द्वार, बगैंचा, विश्वकै सर्वाधिक अग्लो ६१ फिटको त्रिशुल पनि निर्माण गरीएको छ ।

## मन्दिर सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस क्षेत्रमा शिवरात्रीका दिन विशेष पूजा र मेला लाग्ने गर्दछ। यसका साथै अक्षय तृतिया, बाला चतुर्दशि, ऋषितर्पणी र अन्य पर्वहरुमा विशेष पूजा अनुष्ठान सम्पन्न गरीन्छ। यस बाहेक प्रत्येक दिन वैदिक मन्त्रले हवन र रुद्राभिषेख पनि गरिन्छ ।

## मन्दिर व्यवस्थापन र संरक्षण

यस मन्दिर तथा वरपरका जैविक विविधताको संरक्षण तथा संवर्दनका लागी नेपाल सरकार, सरकारी निकाय, भत्तजन, दाता, मन्दिर क्षेत्र व्यवस्थापन समितिको विशेष योगदान पाइन्छ ।

## ३. अम्बिकेश्वरी मन्दिर क्षेत्र



*Photograph 14 : अम्बिकेश्वरी मन्दिर (द्वितिय श्रोत)*

परिचय

अम्बापुरको नामले पनि प्रसिद्ध यस अम्बिकेश्वरी मन्दिर दाङ जिल्लाको आस्थाको केन्द्रको रुपमा पनि चिनिन्छ। नेपालका विभिन्न शक्तिपीठ मध्य एक यस देविको मन्दिरमा प्राय सधै भक्तजनको घुंइचो लाग्ने गर्दछ। स्थानीय भाषामा माईको थानका रुपमा पनि चिनिने यस मन्दिर देविको कृपाले मागेको मनोकांक्षा पूर्ण हुन्छ भन्ने विश्वास रहेको छ।

भौगोलिक अवस्थीती

घोराही उपमाहानगरपालीका वडा नं १८ अम्बापुर मा अवस्थीत यस धार्मिक स्थल पुग्न घोराही बजार देखि उत्तर पूर्व १.५ किलोमिटर यात्रा गर्नु पर्दछ। निजी सवारी साधन तथा अटो रिक्साबाट पुग्न सकिने यस मन्दिर घोड्दौरा पहाडको फेदीमा अवस्थीत छ जस्को पश्चिम पट्टि कटुवा खोला र पूर्वमा अम्बापुर गाँउ हुँदै सिस्नेखौला रहेको छ।

ऐतिहासिकता

यस मन्दिरको उत्पत्तिको विषयमा विभिन्न प्रकारको किम्बदन्तीहरु पाइन्छ जस मध्य श्रीस्वस्थानी व्रत कथामा उल्लेख गरीएको भनाई प्रसिद्ध छ। यसै भनाई अन्तर्गत सतिदेविको दाहिने कान पतन भएको स्थानमा अम्बिका भगवती उत्पत्ति भएको हुँदा "अम्बापौर" रहन गएको हो। यस स्थानमा भगवती उत्पत्ति भएको मुख्य स्थानमा कर्णाकार सागर रहेको छ। त्यसबाहेक मन्दिर स्थापना भएको बारे कुनै स्पष्ट मिति नपाईएता पनि मन्दिरमा रहेका घण्टामा चौतारिया रणभीम शाहले वि.स १८६२मा पश्चिम क्षेत्र बाहिनी द्वारा चढाएको उल्लेख भएको हुँदा यसलाई मन्दिर स्थापना भएको प्रमाणित मिति मान्न सकिन्छ। त्यसै गरी वि.स १९२२ बैशाख १ गते रोज ४ लेखिएको श्री ५ लोकेन्द्रको ब्रतबन्ध र

विवाहको उपलक्षमा धीर शमशेरे चढाएको सिंहका दुई वटा पिलको मूर्ति बाट पनि यस मन्दिर क्षेत्रको महत्व तथा ऐतिहासिकता को अनुमान गर्न सकिन्छ ।

## मन्दिर वास्तुकला

यस धार्मिक क्षेत्रमा अम्बिका भगवतीको मन्दिरलाई मुख्य मन्दिरका रुपमा पूजिन्छ । यसका साथै मन्दिर परिसरमा रामजानकी, राधाकृष्ण, सरस्वती, गणेश, शिव जस्ता मन्दिरहरु रहेका छन् । गत वर्ष वि.स २०७६ माघ महिनाको १८ गतेका दिन पुन निर्माण सम्पन्न मन्दिरको उद्घाटन गरीएको थियो । हाल यस मन्दिर तल्ले शैलिमा निमार्ण भएको छ जसमा दुई छाना छन् । मन्दिर को सबैभन्दा तल्लो भाग जमिन भन्दा तिन खुट्कीला माथी उठाइएको छ । गर्भगृह वरपर प्रदक्षिण पथ छ भने पहिलो तल्ला चारपाटाको फराकिलो, वरपर चार दिशामा तिनवटा काठका झ्याल भएको छ भने सबै भन्दा माथिल्लो तल्ला अलिक साँघुरो हुँदै छानामा ढलौटको गजुर रहेको छ ।

## मन्दिर सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस मन्दिर क्षेत्रमा साँझ विहान दैनिक पूजा हुने गर्दछ । विशेष गरी वडा दसैं नवरात्र र चैत्र दसैको नवरात्र मा भक्तजनको घुँयचो लाग्ने गर्दछ। यसै गरी मंगलबार र शनिवारका दिन पनि यहाँ उल्लेख्य रुपमा दर्शनार्थिको उपस्थीति देख्न सकिन्छ । यस मन्दिर परीसरमा विवाह, व्रतबन्ध तथा सप्ताह जस्ता सांस्कृतिक क्रियाकलापको पनि आयोजना गरीन्छ ।

## मन्दिर व्यवस्थापन तथा संरक्षण

यस मन्दिरको संरक्षण तथा व्यवस्थापनमा स्थानीय, गाँउ पालिका तथा मन्दिर संग जोडीएका बुढाथोकी परिवारको प्रमुख भुमिका रहेको छ ।

## ४. छिल्लीकोट



*Photograph 15: छिल्लीकोटमा रहेको ऐतिहासिक सम्रचना*

### परिचय

छिल्लिकोट दरबार दाङ जिल्लाको तुल्सीपुर उपमहानगरपालिका वडा नं. १९ मा अवस्थित छ । बाइसे- चौविसे राज्यकालमा छिल्लिकोट अस्तित्व आई एक शत्तिशालि राज्यका रुपमा परिचित थियो । यो दरबारको कुल क्षेत्रफल करिब ८ विगाहाको परिसर रहेको छ ।

### ऐतिहासिकता

छिल्लि राज्यको स्थापना समय वि.स. १५५० भएको र संस्थापक मेघराज बहादुर शाह थिए भनिएको छ । त्यसपछि राज्य स्थापना मिति वि.स. १७३० उल्लेख छ । त्यही मितिदेखि राज्यका प्रमाणहरु प्राप्त भएको विश्वास गरिएको छ । छिल्लिकोटमा चन्द्रवंशी समाल घरानाका शासक थिए । छिल्लिको अधिनको उर्वर दाङभूमि चन्द्रराजा आफ्नो राज्यमा गाभ्न चाहन्थे । यो कुरा थाहा पाएर दाङका राजा दानसिंह दनुवर छिल्ली पुगेर मेघराज शाहलाई सबै बेलिविस्तार गरे । "चल्ल" शब्दबाट अपभ्रंश हुँदै "छल्ल" बन्न गई छिल्ली हुदै पछि कोटको नाम नै छिल्लिकोट रहन गएको हो । निरन्तर रुपमा राजा रजौटाहरुको अधीनमा रहँदै कहिले फुट्ने र कहिले जुट्ने गर्दै लामो इतिहास बोकेको छिल्लिकोटको महत्व रहेको छ ।

## दरबारको भौगोलिक अवस्थीति

छिल्लिकोट दरबार घोराही-तुल्सीपुर सडक खण्डको दुधरासबाट १६ किलोमिटर दूरीमा पर्दछ । भौगोलिक हिसाबले उपत्यकाको समथर भूभाग र मौसमका हिसाबले तातो गर्मी छलेर सित्तल र उच्च दृश्य प्रदान गर्दछ। अग्लो भागमा रहेकाले दाङ उपत्यकासगैं हिमाल र मधेशको भाग देख्न सकिन्छ। समुद्र सतहदेखि १४१८ मीटर उचाईको टाकुरामा अवस्थित छिल्लीकोटको करिब १.५ किलोमिटर दूरीमा पूर्वमा मालिका र पश्चिममा कालिका मन्दिर उपस्थित छन् र कालिका मन्दिर नजिक दरबार रहेको प्रमाणहरु भेटिन्छन् ।

## दरबारको वास्तुकला

छिल्लिकोटमा दरबारका भग्नाबशेषका इँटा र झिंगटीको टुक्राहरु रहेका छन्। प्राचीन दरबारको भग्नावशेष भन्दा पनि कालिकादेवी मन्दिरको पुनर्निर्माण र अन्य संरचनाहरु निर्माण भइरहेको छ। दरबार भग्नाबशेष भए पनि कालिकादेवी मन्दिरको पुरानो गारोको भाग देखिन्छ। कालिकादेवी मन्दिरमा सिंहवाहिनी देवी मूर्ति, गणेश मूर्ति रहेका छन्। दरबारको वरिपरि ढुङ्गाको पर्खाल लगाईएको छ ।

## दरबार सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

राज्य सञ्चालनका समयमा निर्माण भएको कालिकादेवीको मन्दिरमा रहेको मूर्ति अन्य स्थानका देवीको मूर्तिभन्दा फरक आकृतिमा रहेको छ। यस मन्दिरमा नित्य पूजाको प्रबन्ध छ। वडा दशै र चैतेदशैमा वली सहित पूजा गर्ने प्रचलन छ । छिल्लिकोटमा मल्लगिरी अर्थात मालागेडीको वन समेत रहेको छ । श्रीस्वस्थानी वत्र कथामा उल्लेख गरे अनुसार सतीदेवीको बायाँ कुम पतन भएको स्थान मल्लागिरि भएको छिल्लिकोटको धार्मिक महत्व समेत रहेको छ। हरेक वर्ष मंसिर महिनामा पूजा गर्ने चलन छ।

## दरबार संरक्षण तथा योजना

संस्कृति र पर्यटन मन्त्रालयबाट २०६३ सालमा छिल्लिकोटलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरुयोजना निर्माण गरिएको छ । पर्यटन कार्यालय भैरहवाको १० लाख र संस्कृति, पर्यटन मन्त्रालयको १ लाख गरी ११ लाख रकममा आर्थिक वर्ष २०७४/७५ मा यात्री निवास निर्माण गरिएको छ । महेन्द्र संस्कृत विश्वविद्यालय अन्तगर्तको जनता विद्यापिठ र जनता सांस्कृतिक माध्यमिक विद्यालयबाट मन्दिरहरुमा पूजाआजा र संरक्षणका लागि समयसमयमा चन्दा संकलन गरी सहयोग गर्ने गरेको बताइएको छ। उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयको सहयोगमा कालिका र मालिका मन्दिरसम्म पुग्ने २०० मिटर भागमा रेलिङ्गसहितका सिंढीहरु निर्माण गरिएको छ। भ्यूटावर निर्माणको कार्य साथै खानेपानी पुऱ्याउन लिफ्ट खानेपानी योजना निर्माणको क्रममा रहेको छ।

## ५. थारु राजा दङ्गी शरणको दरबार अवशेष



*Photograph 16 : थारु राजा दङ्गिशरण को दरबार रहेको क्षेत्रमा निमाणा भइरहेको भ्यू-टावर*

### परिचय

दाङ जिल्लाको तुल्सीपुर उपमहानगरपालिका वडा नं. ११, सुकौरामा थारुराजा दङ्गिशरणको दरबार अवस्थित छ। बाइसे चौवीसे राज्य हुँदा दाङको सुकौरामा दङ्गिशरण नामका चौधरी राजाले राज्य गरेका थिए। पुरानो इतिहासका अनुसार दाङ जिल्लाको नाम, राजा दङ्गिशरण थारु पछि राखिएको विश्वास गरिन्छ। यो दरबारको कुल क्षेत्रफल करिब साढे २ विगाहा जमिन रहेको छ।

### ऐतिहासिकता

दाङ जिल्लालाई थारु समुदायको उत्पतिस्थानको रुपमा मानिन्छ।  दाङका आवाद दङौरा थारु जाति स्थायी रुपले एक ठाउँमा नबसी दाङदेखि बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्म ओहोरदोहर गरिरहन्थे। केही कालपछि तिनै दङैरा थारु जातिले आधाआधी जंङ्गल फँडानी गरेर खेतिपाति र पशुपालन तर्फ लाग्नथाले। एकराज्य स्थापना गरी सभ्यताको विकास गर्न दङैरा थारु जातिहरुले महत्वपूर्ण भूमिका खेलेका थिए।  सिंजामा खस शासन कायम रहँदासम्म दाङ देउखुरीका थारु सिंजा राज्य भित्र पर्दथे। भैसकुर्माका राउ सुकैरामा उनीहरु कै सामन्त भएर बसेका थिए। खस साम्राज्य ढलेपछि दाङका सामन्त दाङ राज्यको स्वतन्त्र राजा भए। ती दाङी राजाको प्राचीन किल्ला सुकौरागढमा थियो। थारुहरुको आवादी बढ्दै गएको बेलामा सुकौराका दनुवार थारु सामन्तले भैसकुर्माका राउ कमजोर भएको मौका छोपी आफूलाई

दाङको राजा घोषित गरेका थिए । भैस कुर्माका राउ सुकौराकै अधिनस्थ सामन्त भएर बसे र दङ्गिशरण पहिलो राजा भए ।

## दरबारको भौगोलिक अवस्थीति

दङ्गिशरण दरबार पुग्न तुल्सीपुर बजारबाट दक्षिणतर्फको वडा कार्यलय भएर हुँदै पुगिने दुई तर्फि पहुँच रहेको छ । दङ्गिशरण गाउँपालिका तर्फबाट पनि दरबार सम्म पुग्न सकिन्छ । यातायातको व्यवस्थाका कारण दङ्गिशरण सम्मको पुहँचलाई सहज बनाएको छ ।

## दरबारको वास्तुकला

हाल जंगल र झाडीले घेरिएको केहि उच्च भूभागमा प्राचीन दरबारका केहि भग्नावशेष प्रमाण बाँकी रहेका छन् । दरबारको तलपटिट् सुक्लेश्वरी देवीको मन्दिर, भगवती देवीको मन्दिर र रानी तलाउ रहेका छन् । थारु समुदायले यहाँ घोडाका मूर्तिहरु स्थापना गरेर विशेष पूजा गर्ने गरिन्छ । करीब ७ वर्ष अगाडि दरबारभन्दा ५०० मीटर पश्चिमतर्फ वस्तीमा सङग्रहालय निर्माण गर्नाका लागि स्थानीयको खल्यान प्रयोग गरी पर्खाल निर्माण गरिएको छ । यहाँ सम्पदालाई लक्षित गरे। भ्यू टावर निर्माण कार्य शुरु गरिएको तर सम्पन्न भएको छैन ।

## दरबार संरक्षण तथा योजना

थारुराजा दङ्गिशरणसँग जोडिएर थारु समुदायले आ समुदायले आफ्नो संस्कृति, परम्परा जोगाउनका लागि सङग्रहालय बनाएर इतिहासलाई जोगाउन खोजेको देखिन्छ । दरबार परिसर वन क्षेत्रका रुपमा परिणत गरिएको छ । दरबार क्षेत्रको उत्खनन् गर्ने क्रममा तामाका पैसा, थारु समुदायले प्रयोग गर्ने माटाका भाँडाकुडा, पुरानो दरबारका इँट्टाका टुका र दरबारको जग फेला पारेको बताइएको छ । सुक्लेश्वरी देवीको मन्दिर १५ वर्ष अघि पुनर्निर्माण भएको थियो । थारु समुदायको पहिचान झल्कने संग्रहालय निर्माणका लागि जग्गाको कम्पाउण्ड वाल निर्माण गरिएको छ ।

## ६. रामजानकी मन्दिर



*Photograph 17 : राम जानकी मन्दिर*

### परिचय

ऐतिहासिक समयमा मिथिलामा रहेको जानकी मन्दिरबाट प्रेरित भएर दाङमा पनि रामजानकी मन्दिरको निर्माण गरीएको भन्ने विश्वाष स्थानीयमा छ ।

### भौगोलिक अवस्थीति

दाङ जिल्लाको गोढवा गाउँपालिका वडा नं ८, कोइलाबासमा रहेको यस रामजानकी मन्दिर सदरमुकाम घोराहिबाट करिब १०० किलोमिटर दुरीमा रहेको छ । वरीपरी चुरेपहाडको हरियाली दृश्य रहेको यस मन्दिर नेपाल-भारतको सिमानामा रहेको छ । हाल लामहि-गोढवा सडकको पन निर्माण पछि सजिलै संग यात्रा गर्न सकिन्छ ।

### ऐतिहासिकता

कुनै बेला पश्चिम नेपालको व्यापारको केन्द्रका रुपमा रहेको यस कोईलाबाट सिमा क्षेत्रमा रामजानकी मन्दिरको निर्माण वि.स १८८५ मा भएको हो भन्ने भनाई छ । यस मन्दिरमा चढाईएका सिक्का पनि करिब १०० वर्ष पुराना मिति (सन् १९१६, १९३२) रहेका छन् । यसका आधारमा पनि मन्दिरको ऐतिहासिकता अनुमान गर्न सकिन्छ । पुजारीका अनुसार यस मन्दिरको निर्माण स्थानीय समुदायको दान रकम जम्मा परि गरिएको थियो जस्मा हिन्दु,मुसल्मान, मारवाडी, पहाडी सबैले आर्थिक सहयोग गरेका थिए ।

### मन्दिर वास्तुकला

यस रामजानकी मन्दिरमा मुगल तथा हिन्दु दुबै किसिमका वास्तुकला देख्न सकिन्छ । करिब ८-१० कठ्ठा क्षेत्रफलमा फैलिएको यस मन्दिर हेर्दा भव्य देखिन्छ । यहाँ मन्दिर प्रवेश द्वार, वरिपरी सत्तल, मुख्य मन्दिर अगाडी सांस्कृतिक कार्यक्रमका लागी फराकिलो मार्वल बिछ्याइएको छ । सेतो र रातो रंगले सजाईएको यस मन्दिरको गर्भगृहमा राम, सिता, लक्ष्मण, राधा, कृष्ण को प्रतिमा राखिएको छ । मन्दिर परिसरमा शिखरशैलिबाट निर्माण गरीएको शिव मन्दिर पनि रहेको छ । यसका साथै यहाँ हनुमान मन्दिर र सन्तोषिमाता मन्दिर पनि रहेको जस्को निमार्ण भने मुख्य मन्दिर भन्दा पछि गरीएको हो । मन्दिरको वरपर प्राचिन समयका भवन, कुवा तथा पर्खाल पनि देख्न सकिन्छ ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा रामनवमी, कृष्ण जन्माष्ठमी, होलि, दिपावली, वसन्त पञ्चमी, सरद पूर्णिमा लगायत कोजाग्रत पूर्णिमाका दिन विशेष पूजा हुने गर्दछ। उत्त दिन भारत तथा नेपालबाट आएका भक्तजनहरुका लागी दर्शन गरी भण्डारा लगाउने पनि गरीन्छ ।

## मन्दिर संरक्षण तथा योजना

पूर्व-पश्चिम राजमार्गको निर्माण पछि व्यापारका लागी लमही, घोराही, तुलसीपूर जस्ता क्षेत्रमा बसाईसराई भएका कारण यस स्थानमा हाल बसोबास गर्ने मानिसको संख्या निकै कम छ। यसकारण मन्दिरमा आई पूजा गर्ने भत्तरजनको पनि उपस्थिती निकै कम छ । मन्दिरको भौतिक संरचना हाल राम्रो अवस्थामा रहेता पनि मन्दिरको अमूर्त सम्पदा जोगाउन भण्डारा लगाउने गर्दछन् । यस मन्दिरको व्यवस्थापन, योजना तथा संरक्षणको जिम्मा रामजानकी मन्दिर व्यवस्थापन समितिले लिएको छ ।

## ७. बगार बाबा धार्मिक स्थल



*Photograph 18 : बगार बाबा  धार्मिक स्थल*

### परिचय

ऐतिहासिक समयमा बाँगड बेलहरी नामले चिनिने यस स्थानलाई हाल बगारबाबा धार्मिक स्थल भनेर चिनिन्छ। परीपरी घना जंगल तथा कुण्ड रहेकाले यस स्थानमा प्राचिन समय ठूलाठूला महात्माहरुले तपोभूमिका रुपमा तपस्या गर्दथे भन्ने ईतिहासकारहरुको भनाइ पाईन्छ।

### भैगोलिक अवस्थीति

दाङ जिल्लाको लमहि नगरपालिका वडा नं ८, रिहारमा रहेको यस धार्मिक क्षेत्र वरीपरी धना जंगल, चुरे पहाडको हरियालि दृश्य तथा कुण्ड अवलोकन गर्न सकिन्छ। लमहि बजार देखि करिब २१ किलोमिटर पशिचिमा रहेको यस स्थानमा पूर्व-पश्चिम राजमार्गबाट सजिलै पुग्न सकिन्छ।

### ऐतिहासिकता

यस क्षेत्रका बारेमा प्राचिन लोककाव्य "चनैनी" तथा अवधि भाषामा लेखिएको रिहार महात्म्यमा किंवदन्तीहरु पाइन्छन्। उक्त किंवदन्तीमा यस क्षेत्रलाई "बाँगड बेलहरी" भनि द्वापर यूग संग जोडिएको छ। प्राचिन समयमा शिवले सौंरीलाई स्नानका लागी बद्रिनारायणको तातोपानी यस तप्तकुण्डमा झारीदिएको भन्ने आख्यान पनि सुन्नमा आएका छन्। पछि बराह, बगारबाबा तथा तप्तकुण्डको व्यवस्थापन गर्न मन्दिरहरु बनाईएका छन्।

### मन्दिर वास्तुकला

करिब २० देखि २५ विगाहा जग्गमा फैलिएको यस धार्मिक क्षेत्र रिहार पूर्व पश्चिम राजमार्ग सडको उत्तर दक्षिण दुबै पट्टि फैलिएको छ । यस क्षेत्रमा बगारबाबा मन्दिर, शिव मन्दिर, कालि मन्दिर, बराह मन्दिर, झाँक्रि थान, सूर्यकुण्ड, दूधकुण्ड र पार्क रहेका छन् । बगारबाबा मन्दिर एक तल्लको फराकिलो स्थनीय वास्तुकलामा निर्माण गरीएको छ । वरीपरी पूजा गरीएका शिला र बस्नका लागी कुर्सि राखिएको यस मन्दिरमा पून निर्माण पछि जस्ताको छानो र पर्खाल लगाइएको छ भने प्रदक्षिणपथ पनि रहेको छ । मन्दिर पछाडी शिलाको बसाहाको प्रतिमा पनि रहेको छ ।यस बाहेक यहाँ रहेका शिव मन्दिर, कालि मन्दिर, गणेश मन्दिर र अन्य सबै संरचनाहरुको पुन निर्माण भइरहेको छ जस्मा आधुनिक निर्माण सामाग्र प्रयोग गरीएको छ। शिव मन्दिरलाई भने विशेष आकर्षक बनाउन शिखर शेलिमा निर्माण गरी गर्भगृहमा शिवलिङ्ग स्थापना गरीएको छ।

## मन्दिर सम्बन्धी सांस्कृतिक तथा धार्मिक क्रियाकलाप

यस धार्मिक क्षेत्रमा माघे संक्रान्तिको अवसरमा पौष मसान्त देखि माघ १ गते सम्म ठूलो मेला लाग्ने गर्दछ। उक्त अवसरमा नेपाल र भारतको उत्तरप्रदेशबाट ठूलो संख्यामा श्रद्धालुको घुइँचो लाग्ने गर्दछ। यस बाहेक देउखुरी क्षेत्रमा बस्ने यादव समुदायका मानिसहरु जेष्ठमहिनाको प्रथम हप्तामा बगारबाबा, मामी सौंरी, भैने परशु र शिवको पूजा गरी आफ्ना पूर्वजहरुको स्मृतिमा सामुहिक भोज खाने प्रचन पनि छ। यस बाहेक यस क्षेत्रमा बराह, शिव तथा कालिको पनि पूजा गरीन्छ। यस क्षेत्रमा आई कुनै निसन्तान व्यत्तिले पूजा गरी सन्तान प्राप्तीको इच्छा राखेमा उसलाई सन्तान प्राप्त हुने जनविश्वास पनि छ।

## मन्दिर क्षेत्र संरक्षण तथा योजना

हाल यस मन्दिरको संरक्षण तथा विकासका लागी मन्दिर परिसरमा रहेका संरचनाहरुको पुन निर्माण गर्ने कार्य भइरहेको छ । यस कार्यमा स्थानीय तथा मन्दिर संरक्षण समितिले मुख्य भूमिका निर्वाह गरेको छ । भविश्यमा यस क्षेत्रलाई सांस्कृतिक पर्यटनको मुख्य गन्तव्यको रुपमा विकास गर्ने योजना पनि रहेको समितिको भनाइ छ ।

# कपिलवस्तु जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा क्षेत्र

## १. सोनवागढी



*Photograph 19 : सोनवा गढमा रहेका ढुङ्गाका अवशेष*

### परिचय

सोनवा गढी पुरातात्विक दृष्टिले विशेष महत्वपूर्ण स्थान हो । ऐतिहासिक समयमा यस क्षेत्रमा गढ धन, सुन गडेको र त्यस सुन खन्न धेरै लुटेरा आउने गरेको कथा स्थानीय बाट सुन्न सकिन्छ ।

### ऐतिहासिकता

यस क्षेत्रमा ढिस्का तथा ईट्टाका अवशेषहरु प्रसस्त देख्न सकिन्छ । जंगल वरपर यत्रतत्र छरीएका ढुङ्गाका भग्नावशेषको अध्ययन गर्ने हो भने यस क्षेत्र सैनामैना, कन्यामाई, बैरिमाइ जस्ता पुरातात्विक स्थान संग गहिरो सम्बन्ध राख्ने देखिन्छ ।

### मन्दिरको भौगोलिक अवस्थीति

महेन्द्रराजमार्गको खरेनपुरदेखि करिब ८ कलोमिटर भित्तरीया गाउँको उत्तरपट्टि सुखवेल नदीको किनारमा घना जंगलको बीचमा सोना गढी अवस्थित छ। बेल तथा सुखबेल नदीको बिचमा अवस्थित यस स्थानमा यातायातको सहज व्यवस्था नहुँदा निकै कम मनिसहरु पुग्ने गर्दछन् ।

## वास्तुकला

प्राचीन खण्डहरुको बीच भागमा निर्माण गरिएको आधुनिक मन्दिरको गर्भगृहमा चामुण्डको ललितासनको मूर्ति प्रतिष्ठापित छ । यहाँ भोटे बाबाको प्रतिक गोलो प्रस्तर र बछिल्ला दुईवटा प्रस्तर उपकरणहरु समेत राखिएका छन् । यस स्थानको अन्वेषण गर्दा माटाका माला, बहुमूल्य पत्थरका बाला, तीनवटा गोलाकारका तामाका मुद्रा, पञ्चमार्क मुद्रा, माटाका भाँडावर्तनका टुक्राहरु आदि फेला पारेका थिए। गर्भगृहकी १ मी २९.५ से.मी. अग्लो दसभुजा चामुण्डाका माथिल्ला दुईवटा हातहरुले हात्तीको छाला आढेको देखाइएको छ। अन्य हातहरुमा त्रिशुल, तरबार, डमरु आदि आयुधहरु पक्रेको देखाइएको र बायाँपट्टि श्यालको आकृति बनाइएको छ। पाल-सेन कला शैलीबाट प्रेरित यो मूर्ति नवौं शताब्दीको मानिन्छ। हावादारी शैली र प्रविधिमा आधारित यस प्रतिमाका लक्षणहरु सहज र स्वभाविक ढङ्गले प्रस्तुत गरिएका छन् ।

## सम्बन्धी धार्मिक तथा स ांस्कृतिक कृयाकलाप

यहाँ मार्ग शुक्ल पूर्णिमा तथा रामनवमीको दिनमा विशेष मेला लाग्ने गर्दछ ।

## संरक्षण तथा योजना

यसको संचालनार्थ गुठी वा अन्य स्थायी स्रोतको व्यवस्था नभएको अवस्था छ ।

## २. विकुलिको पुरातात्विक ढिस्को



*Photograph 20 : विकुलिको पुरातात्विक अवशेष रहेको क्षेत्र*

परिचय

विकुली नेपालको कपिलवस्तु जिल्लाको सानो गाँउ हो। तौलिहवा बजारदेखि करिब १२ कि.मी. उत्तर- पूर्वमा अवस्थित बिकुली गाउँमा रहेको प्राचीन ढिस्को पुरातात्विक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण छ।

ऐतिहासिकता

प्रचिन कपिलवस्तुमा शाक्यहरुको संहार भएका बेला कुनै समुह यस ठाउँमा आई बास बसेको र हातहतियार नजिकैको दहमा पखालेको भन्ने स्थानीयको भनाई छ। यस क्षेत्रमा पनि कुनै संरचनाका रुपमा चार पाटे ईट्टाका आकार देख्न सकिन्छ जुन गुप्तकालिन समयको हो भन्ने अनुमान गरीएको छ
।

भौगोलिक अवस्थीति

वरीपरी स्थानीयको खेत रहोको यस ठाउँ रमणिय वातावरण मा रहेको छ। सडक बाट
सजिलै पुग्न सकिन्छ।

वास्तुकला

खिइँदै गएको क्षेत्रमा तिनवटा ढिस्का र सानो नालाको उत्तर-पूर्वपट्टि इनार छन् । ठूलो ढिस्कोको उत्तरपट्टि रहेको आधुनिक सानो शक्तिपीठको वरिपरि विभिन्न प्रस्तरमूर्तिका टुक्राहरु छरिएर रहेका छन् । यी ढिस्काहरुमा माटाका भाँडावर्तनका टुक्रा, पुराना ईटाका खण्ड तथा अन्य पुरावशेषहरु छरिएर रहेका छन् ।

धार्मिक तथा सांस्कृतिक कृयाकलाप

यहाँ दुर्गाको मन्दिर रहेको छ ।

संरक्षण तथा योजना

मानवीय खेति जग्गाको रुपमा अतिक्रमण र प्राकृतिक प्रकियाहरुबाट यस स्थानको अस्तित्व संकटमा छ ।

## ३. सिसनियाकोट



*Photograph 21 : सिसनियाकोट*

### परिचय

लुम्बिनीदेखि करिब ७ किलो मिटर उत्तरपश्चिम कोठी नदीको किनारमा घना जङ्गलको बिचमा बडी सिसनिया र यसको पश्चिम तर्फ छोटी सिसनिया अवस्थीत छ। यस स्थानलाई सिसनियाकोटको नामले पनि चिनिन्छ।

### ऐतिहासिकता

सन् १९८५ मा इटालिका पुरातत्व विध जियोभन्नी भर्डी द्वारा गरीएको उत्खनन् तथा अनुशन्धान बाट यस क्षेत्रमा मनव वस्तीको अस्तीत्व ९ औ शताब्दी देखि रहेको जानकारी प्रकासमा ल्याइयो। यस जानकारीलाई आधार मान्ने हो भने यस पुरातात्विक तथा धार्मिक महत्वको क्षेत्रको ऐतिहासिकता करिब १,२०० वर्ष पुरानो भन्न सकिन्छ।

### कोटको भौगोलिक अवस्थीति

तिलौराकोट बाट १८ किलोमिटरको दुरीमा रहेको यस सिसनियाकोट लुम्बीनि कपिल्वस्तु सडक हुलाकी राजमार्ग बाट सजिलै पुग्न सकिन्छ। यस क्षेत्रमा समाईमाईको मन्दिर, छोटी सिसनिया पुरातात्विक क्षेत्र र वरीपरी स्थानीयको खेति गरेको जमिन रहेका छन्।

### कोटको वास्तुकला

बडि सिसनिया कोटमा ढिस्कोमा टुटेफुटेका प्रस्तरका मूर्तिका टुक्राहरु, इँटाका खण्ड, माटाका भाँडावर्तनका टुक्रा, मूर्ति आदि फेला परेका छन्। दुर्गादेवीको प्रतिमाको माथिल्लो भाग कलात्मक तथा आकर्षक छ। यसको प्रभामण्डलमा मध्यकालीन लक्षणहरु देखिन्छ। अन्य मूर्तिहरु खिइँएकाले स्पष्ट छैन्। यसको दक्षिणमा पर्ने मटिनिया गाउँमा पनि

पुरानापुराना ढिस्काहरु छन् । ती मध्ये एउटा ढिस्कोमाथि शिवालय स्थापना गरिएको छ । शिवलिङ्ग लगायत विभिन्न कलावस्तुहरु यहाँ उपस्थित छन् । छोटी सिसनिया कोटमा भने रातो रङ्गका माटाका भाँडावर्तनका टुक्रा, पोलिएको इँटा, इँटाका टुक्रा, बुट्टा भएका ढुङ्गाका खण्डहरु आदि पुरावशेष देखिन्छ । सतिया माईको थान वरिपरिमा माटाका पशुपंक्षीका मूर्तिहरु छरिएको अवस्थामा रहेका छन् । त्यसै गरि ब्रहृमाको मन्दिर वरिपरिमा पनि विभिन्न कलावस्तुहरु छरिएको एवं छोपिएको अवस्थामा रहेका छन् ।

## कोट सम्बन्धी धार्मिक तथा सांस्कृति क्रियाकलाप

देवि समाईमाईको थान तथा मन्दिर भएका कारण यस क्षेत्रलाई स्थानीयले धेरै महत्व दिने गरेका छन् । यस मन्दिरमा विजया दशमीको नवरात्र, पूर्णिमा तथा शनिवारका दिन विशेष पूजा हुने गर्द छ । देखि करिब १६ मिटर पूर्वपट्टि सृष्टिका देवता ब्रहृमाको मन्दिर छ ।

## कोट संरक्षण तथा योजना

यस धार्मिक तथा पुरातात्विक महत्व रहेको क्षेत्रमा सम्पदा क्षेत्र अध्ययन-अनुशन्धान तथा संरक्षणका कार्यहरु भइरहेका छन् । यस कार्यमा कपिलवस्तुमा रहेको लुम्बिनी विकासकोष, नपाल पुरातात्व विभाग तथा स्थानीयहरुले सहकार्य गर्दै संरक्षण तथा व्यवस्थापन गर्दै आएका छन् ।

## ४. हर्देवा पुरातात्विक क्षेत्र



*Photograph 22 : हर्देवा कोट*

परिचय

प्राचिन कपिलवस्तु समकालिन मनिएको यस हर्देवा पुरातात्विक क्षेत्रमा प्राचिन समयको स्तुपाको संरचना रहेको पुरातत्व विधहरुको भनाइ छ।

ऐतिहासिकता

शाक्य राज्यको महत्वपूर्ण अवशेष रहेको क्षेत्र।

क्षेत्रको भौगोलिक अवस्थीति

तौलिहवा बजारदेखि ६ किलोमिटर दक्षिणपश्चिम खुनुवा जाने सडकको पूर्वपट्टि हर्देवा गाउँ रहेको छ। यो गाउँमा दुईवटा पुराना ढिस्का, एउटा इनार र एउटा शिवालय छ। गाउँको पूर्वपट्टि १० मिटर व्यास र २ मिटर उचाइ भएको बृत्ताकारको ढिस्को छ।

क्षेत्रको वास्तुकला

यहाँ रहेको ढिस्कोमा रातो र क्रिमसन रङ्गले पोतिएका माटाका भाँडावर्तनहरु, माटाका माला, बाला, मानव तथा पशुपंक्षीका मूर्तीका टुटेका भागहरु रहेका छन् । धुसुवा नामले चिनिने यस ढिस्कोमा घाँस, गोबरका गोइँठा र फोहोर मैलाले पुरिएको छ । यसको गर्भमा स्मारक तथा कलावस्तुहरु रहेको प्रतीत हुन्छ । उत्तरपट्टि आयाताकारको अर्को पुरानो ढिस्को रहेको र पुरानो पुरिएको इनारमा पङ्तिबद्ध इँटाहरु देखिन्छ ।  माथिल्लोपट्टि कोटही माईको थान पनि रहेको छ जहाँ माईको प्रतीक स्वरुप माटाको धुम बनाइएको छ । यसको वरिपरि विभिन्न पशुपंक्षीका माटाका मूर्तिहरु छरिएको अवस्थामा रहेका छन् । कोटही देवीको पश्चिमपट्टि पुरानो पोखरी छ । यस पोखरीमा विभिन्न कलावस्तुहरु फेला पारिएका थिए । पोखरीको किनारमा पुराना इँटाका टुका, फुटेका प्रस्तरका कलात्मक भाग आदि पनि रहेका छन् । पोखरीको पश्चिममा शिवालय छ, जसको गर्भमा ढुङ्गाको शिवलिङ्ग र अर्घपट्ट रहेको छ । यसको बाहिरी भागमा पुरानो शिवलिङ्ग लगायत निर्दिष्ट आकारका प्रस्तरका टुकाहरु छरिएको अवस्थामा छन् र साथै चक्के इनार पनि देखिन्छ । सन् १९६२ मा अन्वेषण गर्दा यस स्थानमा माटोको कचौरा, बेसिन, थाली, लिड, पकाउने हण्डी, मानव तथा पशुपंक्षीका मूर्तिहरु फेला पारिएका थिए । यहाँका कलावस्तुहरु कुदान, तिलौराकोट र पिपरहवामा पाइएका सरह कलात्मक र पुराना मानिन्छन् ।

## क्षेत्र संरक्षण तथा योजना

यि पुराना ढिस्कोका संरक्षणका लागि स्थानीयहरुले आँप, केरा, अम्बा, कागती, अमिलो आदिको रमणीय बगैचा बनाइएको छ । यसका साथै नेपाल सरकार को पुरातत्व विभाग र लुम्बिनी विकास कोस द्वार यस क्षेत्रको संरक्षण र अध्ययन कार्य भइरहेको छ ।

## ५. लम्तियाकोट



*Photograph 23: लम्तिया कोट*

परिचय

लम्तिया गाउँ, तौलिहवा बजारदेखि ३ किलोमिटर दक्षिणपश्चिम खुनुवा सडकको पूर्वपट्टि अवस्थित छ।

ऐतिहासिकता

यस कोट तथा मन्दिर क्षेत्रको ऐतिहासिकता पनि गुप्त राज्यकाल संग जोडीएको छ।

कोटको भौगोलिक अवस्थीति

लम्तिया र मोहरिया गाउँको लम्तियाकोटमा रहेको समाईमाई मन्दिर बीचमा पूर्वपश्चिम १०० मिटर र उत्तरदक्षिण ६३ मिटर फैलिएको पुरानो ढिस्को छ। लगभग २.४ मिटर उचाइ भएको आयताकारको ढिस्कोको पूर्वपट्टि स्थानीय देवी समयमाईको थान रहेको छ।

कोटको वास्तुकला

पलासको रुखमुनि माईको प्रतिक स्वरुप बनाइएको माटोको थुम्कोको आसपासमा माटाका हात्ती, घोडा, बाखा, सुंगुर आदिका मूर्तिहरु यत्रतत्र छरिएर रहेको अवस्थामा पाइन्छ । माटोका रातो रङ्का भाँडावर्तनका टुका, मूर्तिका टुटेका कलात्मक टुका आदि सामग्रीहरु यहाँ पाइन्छ । यहाँका भाँडावतर्नको प्रविधि, प्रकार र परम्परा भारतको हस्तिनापुरको चौथो चरण, तिलौराकोटको पहिलो चरण, सिंहखोर, हर्देवा, दलदला, दोहनी, विजुवा, चनघाट, पत्थरकोट, पट्खहवा, पिपरहवा तथा बबनीको पछिल्लो चरणसँग मिल्दाजुल्दा छन् ।

## कोट संरक्षण तथा योजना

हाल यस क्षेत्रको संरक्षण स्थानीय, पुरातत्व विभाग तथा लुम्बिनी विकास कोसले गरीरहेको छ ।

# रुपन्देही जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा

## १. मणिमुकुन्द सेन दरबार अवशेष



*Photograph 24 : मणिमुन्द राजाको दरबार अवशेष*

परिचय

मणिमुकुन्द पार्क भित्र अवस्थीत सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेको मणिमुकुन्द सेन दरबार अवशेषलाई स्थानीय भाषामा फूलबारी दरबार पनि भनिन्छ ।

भौगालिक अवस्थीती

रुपन्देहि जिल्लामा रहेको यस दरबार अवशेष पूर्वपष्चिमा राजमार्गबाट सजिलै पुग्न सकिने यस स्थल बुटवल बजारबाट मात्र ४ किलोमिटरको दुरीमा रहेको छ । मणिमुकुन्द पार्क भित्र प्रवेश गरीसकेपछि चिडीया घर भित्र पस्ने द्वारबाट करीब ७-८ खुट्कीला अगाडी गए पछि तारबार गरीएको घेरा भित्र यस दरबार अवशेषलाई देख्न सकिन्छ । भौतिक रुपमा हाल यस दरबारको सिडी, झ्याल तथा खोपाहरु देख्न सकिन्छ । करिब १३३ फिट लम्बाई, ६५ फिट चौडा र जमिन भन्दा २५ फिट अग्लो रहेको यस दरबार पर्खालका अन्य भग्नावसेस यत्रतत्र छरिएका देख्न सकिन्छ ।

## ऐतिहासिकता

यस दरबारको निर्माण वि.स १५७५मा पाल्पाली राजा मणिमुकुन्द सेन द्वारा गरीएको थियो । उनले यस दरबारलाई सितकालिन दरबारका रुपमा प्रयोग गर्दथे भन्ने भनाई पुरातत्वविधहरुको छ । भनिन्छ यस स्थानमा भारतका प्रख्यात स्वामि नारायण ज्यू मुक्तिनाथ दर्शनका क्रममा नेपाल आउँदा बास बस्ने अवसर पाएका थिए । उनको बसाइका बेला उनले देखेको यस दरबारको व्यख्या स्वामिनारायण सम्बन्धी एक ग्रन्थमा उल्लेख रहेको पाईन्छ ।

## दरबार अवशेषको वास्तुकला

यस दरबारको पर्खालमा ४वटा खोपा, एक पट्टि सिंडी र माथिल्लो भागमा पछाडीबाट हेर्दा ईट्टालाई कलात्मक ढङ्गले राखिएको देख्न सकिन्छ । यस दरबारको निर्माण सामाग्री मा ईट्टा तथा सुर्की चुनको प्रयोग भएको छ । यस दरबारको बाकि रहेको भागलाई हेर्दा कुनै बेला भव्य दरबार रहेको हुन सक्ने अनुमान पनि गर्न सकिन्छ ।

## दरबार क्षेत्र संरक्षण तथा व्यवस्थापन

यस दरबारको अवशेष को स्वामीत्व नेपाल सरकार पुरातत्व विभागले लिएको छ जस्ले गर्दा पार्कका व यवस्थापन समितिको भुमिका संरक्षणमा मात्रै देखिन्छ ।

## २. बञ्जराहि पुरातात्विक स्थल



*Photograph 25 : बञ्जराहि क्षेत्रमा रहेको पुरातात्विक अवशेष*

परिचय

रुपन्देहि जिल्लमा अवस्थीत यस पुरातात्विक स्थल बञ्जराहि नामले चिनिन्छ ।

भैगोलिक अवस्थीति

दानु नदिको किनारमा अवस्थीत यस स्थलमा विभिन्न ढिस्काहरु वरीपरी प्रसस्त मात्रामा भेटिन्छन् । पुरातत्व विभागले महत्वपूर्ण स्थानका रुपमा यस क्षेत्रको संरक्षण गरेको भएता पनि बिस्तृत अध्ययन भने बाँकि छ । दानु नदिका कारण यस क्षेत्र दिन प्रतिदिन कटान हुँदै गइरहेको छ ।

ऐतिहासिकता

यस पुरातात्विक क्षेत्रमा सन् १९६४ मा इण्डियन कोअपरेशन मिसन र पुरातत्व विभागको संयुक्त प्रयासमा भएको उत्खननमा ई.पु ७औं/६औं शताब्दीदेखिका ६वढा सांस्कृतिक तहहरु फेला परे संग यस क्षेत्र निकै महत्वपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।

महत्वपूर्ण वस्तुहरु

यस क्षेत्रमा उत्खननका क्रममा प्राचिन संरचना, माटाका भाँडाका टुक्राहरु, P.G ware, N.P.B ware र रेड वेयर भेटिएका छन् ।

## व्यवस्थापन

यस क्षेत्रमा रहेका संपदा र संरचनाहरुको संरक्षण तथा व्यवस्थापन लुम्बिनि विकास कोषले गरी राखेको छ ।

## ३. सैनामैना पुरातात्विक क्षेत्र




Photograph 27: *रानी कुवा*



Photograph 26 : *प्राचिन अवशेषहरु*

परिचय

प्रचिन लुम्बिनी क्षेत्रमा अर्को सांस्कृतिक तथा पुरातात्विक महत्व बाकेको क्षेत्रका रुपमा सैनामैना लाई चिनिन्छ ।

भौगोलिक अवस्थीति

रुपन्देहि जिल्लाको सैनामैना नगरपालिका वडा नं १मा रहेको राजाकुवा तथा त्यसकै पाँच मिनेट दुरीमा रहेको रानि कुवा हाल नगरपालिकाले संरक्षित अवस्थामा राखेको पाइन्छ । प्राचिन इनार तथा मन्दिरका प्रस्थर अवशेषलाई राजा कुवा र रानी कुवामा देख्न सकिन्छ ।

ऐतिहासिकता

यस क्षेत्रमा फैलिएर रहेको रुपमा विभिन्न देवि देवताको प्रतिमा, मन्दिर का आमलक, लोकेश्वर प्रतिमा, बुट्टादार ढुङ्गाका संरचनाहरु हेरेर स्थानियले यस क्षेत्रलाई बौद्धकालिन रहेको अनुमान गरेका छन् । यस क्षेत्रमा पाईएका बुट्टादार ईट्टा कन्यामाई, बैरीमाई तथा कुदान संग मेल खाने भएकाले यस पुरातात्विक स्थल लाई ७औं सताब्दीमा स्थापना भएको क्षेत्र भन्न सकिन्छ तर यस बारे बिस्तृत अनुशन्धान भने हुन बाकि छ ।

## वास्तुकला

राजा कुवा मा एक ऐतिहासिक ईनार रहेको छ जुन ढुङ्गाले बानाएको छ । यसलाई संरक्षण गर्न वरपर फलामे पर्खाल तथा गेट राखिएको छ । यहाँ देवि, लोकेश्वरको प्रतिमा, मन्दिरका टुक्रिएको भाग तथा अन्य ढुङ्गे अवशेष पाइन्छ । यस संगै रानी कुवामा भने आयाताकार ढुङ्गाले बनाएको सिंडी ओर्लन मिल्ने कुवा छ जस्मा हाल सम्म पनि सुकेको छैन । यस वरपर बुट्टेदार तथा कुँदिएका ईट्टा तथा ढुङ्गा पाइन्छन् ।

## संरक्षण तथा योजना

यस क्षेत्रमा छरीएर रहेका पुरातात्विक संरचनाहरुलाई संरक्षण गर्न सैनामैना नगरपालिकाले व्यवस्थापन गर्दै आएको छ । यस कार्यमा संग्रहालयको निर्माणका लागी जगा छुट्टाइएको छ । संग्रहालय भवनको निर्माण कार्य भने अबको आर्थिक वर्षमा आरम्भ हुने भनिएको छ ।

## ४. मदारथान



*Photograph 28 : मदारस्थान*

परिचय

स्थानीय भाषामा मदार थान भनेर चिनिने यस स्थानको महत्व तथा निर्माणको महत्वका बारे जानकारी कम मात्रै पाइन्छ । मणिमुकुन्दको दरबार अवशेषबाट केहि परमात्र भएता पनि यसको अस्तीत्वको बारे धेरैमा जानकारी भएको देखिदैन ।

भैगोलिक अवस्थीति

मणिमुकुन्द पार्क भित्र रहेको यस संरचना मुकुन्द सेनको दरबार अवशेष देखि १ किलोमिटर उत्तर जंगलको अग्लो सतहमा अवस्थीत छ ।

वास्तुकला

गोम्बजको छाना भएको यस संरचना चुनढुङ्गा बाट निर्माण भएको छ । झट्ट हेर्दा मुगल बास्तुकला द्वारा निर्मित यस थानको ७ वटा ढोका रहेका छन् जस मध्य २ वटा भित्रजान र आउन प्रयोग गरीन्छ सजावटका लागी पात फूल तथा अन्य बुट्टा कुँदिएको छ । यसको तल्लो भागमा पनि पात जस्तो बुट्टा कुँदेर वरीपरी सजाइएको छ । सक्तकोणाकारमा निर्माण भएको छाना करिब ७ मिटर अग्लो छ जस्को अगाडी जिर्ण प्रवेश द्वार छ । यसमा प्रयोग भएको इँट्टाको नाप भने ३६८२२८१२ सेन्टीमिटर छ ।

## सांस्कृतिक क्रियाकलाप

यस स्थानमा हिन्दु तथा मुसल्मान धर्मावलम्बीहरु आई मनले चिताएको वर माग्ने गर्दछन् । परासिमा र मादरबाबा ले पनि यस स्थानमा आई बास बसेर गएको भन्ने उनिहरुको भनाईका कारण यस स्थानमा आई मन्नत माग्नाले ईच्छा पूर्ण हुने विश्वास छ ।

## मादरथान क्षेत्रको संरक्षण तथा योजना

हाल यस स्थानमा वरिपरी पर्खाल लगाउने कार्य भैरहेको छ । बुटवल नगरपालिका को स्वामित्व रहेको यस स्थानमा पुरातात्विक अध्ययन गर्न सकियो भने यसको संरक्षण तथा संबर्धनका लागी नया योजना अपनाउन सकिने देखिन्छ ।

## ५. कुमारवर्तिमाई



*Photograph 29 : कुमारवर्ति माता मन्दिर (द्वितिय श्रोत)*

### परिचय

सिद्धार्थ गौतमको मावलीका भनिएको देवदह पुरातात्विक क्षेत्रको एक महत्वपूर्ण स्थलका रुपमा यस देवि मन्दिरलाई चिनिन्छ । यस मन्दिर क्षेत्रलाई सिद्धार्थ गोतमकी माता मायादेवि तथा प्रजापति गोतमीको जिवन संग जोडीएको छ ।

### भौगोलिक अवस्थीति

रोहिणि नदिको नजिकै रहेको मकराहर गाउँमा अवस्थीत यस मन्दिर लुम्बिनी बाट करिब ६० किलोमिटर पूर्वमा अवस्थीत छ । प्राचिन कोलिय राज्यका अन्य पुरातात्वीक स्थलको बाटोमा पर्ने यस मन्दिर वरपर खेत तथा नदिको मनोरम दृश्य देख्न सकिन्छ ।

### ऐतिहासिकता

यस मन्दिर रहेको स्थानमा सिद्धार्थ गौतम तथा प्रजापति गौतमिले माईती देवदह जानेक्रममा रात विताएको भन्ने जन विश्वास पाइन्छ । यहाँ पुरातात्व विभागबाट गरीएको अध्ययनले दुई देवि प्रतिमा फेला परेको छ जुन मायादेवि र

गोतमीको हो भन्ने अर्को विश्वास पनि रहेको छ । यसै तथ्यलाई आधार मान्ने हो भने यस धार्मिक तथा पुरातात्वीक क्षेत्र को ऐतिहासिकता करिब २५०० वर्ष पुरानो भन्न सकिन्छ ।

## मन्दिर वास्तुकला

यस मन्दिरमा स्थानीय समुदायमा प्रचलित काला तथा वास्तुकलाको नमुना देख्न सकिन्छ । ऐक तल्ले झिंगटीको छाना भएको यस मन्दिरमा वरपरी प्रदक्षिण पथ तथा गर्भगृहमा देविको प्रतिमा राखिएको छ । मन्दिर वरपर छरिएर रहेका रुपमा प्राचिन कलाकृतिहरु पनि प्रसस्त देखन सकिन्छ ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

देवि मन्दिर भएकाले यस क्षेत्रमा दशैंको नवरात्र, पूर्णिमा तथा अष्ठमीका दिन विशेष पूजा हुने गर्दछ । यसका साथै स्थानीयहरुले देवि लाई माई (माता)का रुपमा दिनहु पूजा गर्ने गर्दछन् ।

## मन्दिर संरक्षण तथा योजना

मन्दिरको संरक्षणका लागी हाल स्थानीय गाउँपालिका, लुम्बिनी विकास कोष र स्थानीय यूवा समुहहरुले सहकार्य गर्दै आइरहेका छन् ।

## नवलपरासी पश्चिमका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. मदारबाबा



*Photograph 30 : मदारबाबा क्षेत्रमा रहेका संरचना*

परिचय

मदारबाबा चुरे पहाडको वडा नं. २ को सुस्ता गाउँपालिमा अवस्थित मुस्लिमहरुको धार्मिक स्थल हो ।

ऐतिहासिकता

मदारबाबा धार्मिक स्थल सुफी सन्त बदीउद्घीन अहमदका लागि ध्यान गर्ने स्थान थियो भन्ने मानिन्छ । सुफी सन्त बदीउद्घीन अहमदलाइ पछि मदार शाह बाबा भनेर चिनिन्थ्यो । केही साहित्यका अनुसार उनको जन्म ८१६/८५७ ई.स.को समयमा सिरियाको हलाद सहरमा इदको दिन भएको थियो । उनी ६१४ वर्षको उमेर सम्म बाँचेको छ भन्ने विश्वास गरिन्छ । उन आफ्नो जीवनकालमा इस्लामिक विश्वास फैलाउन धेरै ठाउँहरुको यात्रा गरे भन्ने विश्वास गरिन्छ । इतिहासको अनुसार यस ठाउँमा मदर शाह बाबाले ४० दिनसम्म ध्यान बसेर दुस्टआत्मालाई नियन्त्रमा राखेका थिए । उनको मृत्युको सही मिति अज्ञात भएतापनि, उनी १४३२ देखि १४५२ ई.स.को बीचमा, ५९५ अथवा ६१४ वर्षको उमेर हुँदा बित्नुभएको विश्वास गरिन्छ ।

## भौगोलिक अवस्थीति

यो चुर महलबारी गाँउबाट ९ किलोमिटर, गण्डकी बाँध नजिकै तराईमा अवस्थीत छ। प्रतापपुर हुँदै बार्दाघाटमा पूर्व-पश्चिम राजमार्ग सडक भएर महलबारी पुग्न सकिन्छ। त्यहाँ पुग्न कठिनाई भोग्नुपरे पनि धेरै व्यक्तिहरू आफ्नो इच्छा पूरा हुन्छ भन्ने विश्वासका साथ यस ठाउँको भ्रमण गर्छन्। बस, अटो रिक्शा, जीप जस्तै यातायात महलबारी पुग्नका लागि उपलब्ध छन् तर त्यहाँबाट गन्तव्यमा पुग्न आफै पैदल हिंड्नु पर्ने हुन्छ।

## वास्तुकला

यस क्षेत्र हिन्दुतथा मुसल्मान दुबैका लागी महत्वपूर्ण भएकाले यहाँ दुबै थरीका वास्तुकला देखन पाइन्छ।

## धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

महा शिवरात्रिको अवसरमा नेपाल र भारतबाट हजारौं तीर्थयात्रीहरु यस ठाउँको भ्रमण गर्छन्। यो अवसरमा यहाँ ८ दिनको ठूलो मेला लाग्दछ। यस स्थानमा मुस्लिम आगन्तुकहरुको ठूलो प्रभुत्व रहेको थियो तर वर्तमानमा सबै धर्मका मानिसहरु यहाँ दर्शन गर्न आउँदछन्। यो ठाउँको भ्रमण गरे पछि विशेष गरी महिला बाझोपनलाई निको पार्ने विश्वास गरिन्छ।

## संरक्षण तथा योजना

प्रदेश सरकार तथा मन्त्रालयबाट यस क्षेत्रको पर्यटन गुरु योजना बनाइएको छ।

## २. बाबा बर्दगोरीया



*Photograph 31 : बाबा बर्दयोरीया मन्दिर क्षेत्र*

परिचय

बाबा बर्दगोरियाका प्राचिन स्थल रामनगर गाउँ मा अवस्थीत छ ।

ऐतिहासिकता

यस क्षेत्रमा भएका अवशेषहरु कुन समयका हुन् भन्ने बारेमा विस्तृत अध्ययन नभएको हुनाले यकिनरूपमा भन्न सकिने अवस्था छैन । सम्भवतः ८/९ औं शताब्दीतिर पुनः आवाद भयो र पुर्वमध्यकालको प्रारम्भतिर देखि १२/१३ औं शताब्दीतिरसम्म यो आवादी कायमै रह्यो । साथै यहाँबाट प्राप्त एउटा ताम्रपत्रबाट पनि यही कुरालाई समर्थन मिलेको छ । यसबाट यहाँ भएका प्राचीन अवशेषहरु ९औं देखि १२औं शताब्दी बीचको अवधिका हुन भन्ने चिनिन्छ ।

भौगोलिक अवस्थीति

महेन्द्र राजमार्गबाट ३ किलोमीटर उत्तरपश्चिम भुमहीखोलाको पूर्वी किनारामा अवस्थित बर्दगोरियामा पाषाणका प्राचीन कलात्मक वस्तुअवशेषहरु रहेका छन् ।

## वास्तुकला

विभिन्न मुर्तिहरु र मन्दिरवस्तुकलामा प्रयोग भएका शिलपट्टहरुको साथै शिवलिङ्गहरु पनि यहाँ पाइएका छन् । कमलो बलौती ढुंङ्गाबाट बनेका हुनाले यी प्राचीन मुर्ति एवं वस्तुखान्दहरु खिइएर अस्पष्ट अवस्थामा पुगेका छन् । साथै २०५१ सालमा निर्मित दूर्गा मन्दिर, शिवबाबा मन्दिरहरु नै मुख्य कला र वास्तुकलाका नमूनाहरु हुन् । यहाँ प्राचीन अवशेषहरुको साथै केही वर्ष पहिलो निर्मित मन्दिर र बाबाको कुटी पनि रहेको छ । केही दशक पहिले बनेको बाबाको कुटी पनि जीर्ण देखिन्छ ।

## सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

एस प्राचीन भाग्नावासेश रहेको ठाउँमा बसाहाको मूर्ति भेटेपछि ५०/६० वर्ष पहिले सानो खरको मन्दिर बनाई पूजाआजा शुरु भएको थियो । साथै बाबा बस्ने कुटी पनि बनेको थियो । हाल उक्त मन्दिरको ठाउँमा गुम्बज शैलीको मन्दिर निर्माण भएको छ । नजिकैको पोखरीबाट जल ल्याएर सो मन्दिरमा चढाएमा आफ्ना भाकल पुरा हुने विश्वास गरिन्छ । प्रतेक सोमबार मन्दिरमा स्थानीय बासिन्दाहरुबाट विशेष पूजाआजा गर्ने चलन छ । यस बाहेक तीज र शिवरात्रीका दिनहरुमा ठूलो मेला लाग्दछ । ठूलो संख्यामा भक्तजनहरु भेला भएर पूजाआजा गर्ने प्रचलन छ ।

## संरक्षण तथा योजना

बर्दगोरिया व्यवस्थापन समितिले पूजाआजा लगायतको व्यवस्था मिलाउने कामहरु गर्दछ । यो व्यवस्थापन समिति यस क्षेत्र र मन्दिरको आवश्यक व्यवस्थापन कार्यमा संलगन छ ।

## ३. शिवपुरगढी




*Photograph 32 : शिवपुर गढी*

परिचय

शिवपुरगढी, त्रिवेणी सुस्ता गाउँ पालिका ७ मा अवस्थीत पुरातात्विक अवलोकनको र धार्मिक स्थल हो ।

ऐतिहासिकता

यस शिवपुरगढीमा रहेको प्राचीन भग्नावशेषहरुको निर्माण कसले र कुन समयमा भएको भन्ने जानकारी छैन । अवशेषमा रहेका पाषाण वास्तुखण्डहरु, शिलापट्टहरु लगायतका कलात्मक वस्तुहरुको शैली र निर्माण प्रविधिको अध्ययन गर्दा मध्यकालिन कलाकौशल हुन भन्ने अनुभूति हुन्छ । मध्यकालमा यो क्षेत्र पाल्पाको सेन राज्य अन्तर्गत पर्दथ्यो । यो गढी सेन राजाहरुको दक्षिणी सीमामा बनाइएको थियो भन्ने विश्वास गरिन्छ । यस दृष्टिबाट हेर्दा १७औं, १८औं शताब्दीतिरको किल्ला वास्तुकलाको अवशेषका रुपमा मान्न सकिन्छ ।

भौगोलिक अवस्थीति

यो किल्ला डेढ विघा जग्गामा १०.७० मिटर लम्बाई र ८.०० मिटर चौडाईमा फैलेको छ ।

## वास्तुकला

विभिन्न पाषाण मूर्ति र आकृतिहरु, पाषाण वास्तुअंगहरु, ह.खासगरी ढोका, थाम, मेठका साथै सिंढी र पर्खालका अवशेषहरु नै यहाँका कलात्मक वस्तुहरु हुन् । यो किल्लाको गारोको अवशेषहरु बढीमा ३.५० मिटर अग्ला सम्म छन् । चुना सुर्कीको जोडाईमा लगाइएको ढुङ्गाको गारोको चौडाई ७०/८० से.मि. को छ । यहाँ ३.५० मिटर व्यासको ६ मिटर गहिरो ईनार पनि रहेको छ । इँटाबाट निर्मित यो ईनार पनि यस गढीको एउटा महत्वपूर्ण वास्तु अवशेष हो । गढीको पर्खालका केही भाग र मौलामा आधुनिक निर्माण सामग्री प्रयोग गरी मर्मत सुधार गरिएकोले अवशेषको मौलिक स्वरुपमा केहि विकृति आएको छ ।

## धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

दुर्गा भवानीको नयाँ मन्दिर यस गढीमा स्थापना भएको छ । यस मन्दिरमा वडादशैं लगायत विशेष पर्वहरुमा वलि सहित पूजाआजा गर्ने प्रचलन छ ।

## संरक्षण तथा योजना

यस गढीमा रहेका संरचनाको संरक्षणका लागी धेरै कार्य गर्नुपर्ने देखिन्छ । यस ऐतिहासिक वरपर नयाँ मन्दिरहरुको निर्माण कार्य भइरहेको भएता पनि स्थनीयको चासो नदेखिएकाले सम्पदा मासिदै जाने क्रममा छ ।

## ४. पण्डितपुर पुरातात्विक स्थल



*Photograph 33 : पण्डितपुरमा अवस्थीत प्राचिन अवशेष मथिको स्थानीयको खेत*

### परिचय

परासी जिल्लमा रहेको महत्वपूर्ण पुरातात्वीक तथा धार्मिक क्षेत्र। महत्वपुर्ण पुरातात्विक स्थलको रूपमा पहिचान भएको

### ऐतिहासिकता

यहाँ रहेको पुरातात्विक अवशेषहरु कुन समय र संस्कृतिसँग सम्बन्धित हुन् भन्ने अझै अनुत्तरित छ। विस्तृत उत्खनन् र प्राप्त अवाशेषहरुको प्रयोगशाला परीक्षण गरी काल निर्धारण गर्ने काम नभएकाले यकिन रुपमा येही समयको भन्न सकिने स्थिति छैन । तर पनि उत्खनन कार्यमा प्राप्त सामग्रीहरुको तुलनात्मक अध्ययन गरि एशापुर्व ६/५औं सताबदितिराका मानिएको छ। साथै पण्डितपुरको पुरातात्विक अवाशेषलाई भगवान बुद्धकी आमा मायादेवीको माइती तथा प्राचीन रामग्रामनगरको अवाशेषको रूपमा उल्लेखिएको छ।

### भौगोलिक अवस्थीति

अहिले खेती र बगैंचा।

### वास्तुकला

उत्खनन्का रूपमा यहाँ केही बहुमुल्य पत्थरका प्वाल (beads), विभिन्न समयका विभिन्न किस्सिमका माताका भादवार्तन खासगरी Grey ware एवं NBPW का अवशेषहरु र प्राचीन ईनारका अवशेषहरु भेटिएका छन् ।

विस्तृत उत्खनन् नभएकोले भविष्यमा थप उत्खनन्बाट अरु महत्वपूर्ण कलात्मक एवं वास्तुकलात्मक वस्तुका अवशेषहरु प्राप्त हुन सकिने छ ।

## सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

प्राचीन अवशेषहरु माथि खेती लगाइनुका साथै रुखहरु भएकाले यहाँ कुनै परम्परागत पूजाआजा र परम्पराको चलन छैन ।

## संरक्षण तथा योजना

पुरातात्वीक अध्ययन गरीने ।

## ५. कन्यामाई मन्दिर



*Photograph 34 : कन्यामाइ मन्दिर क्षेत्र*

देवदह नगरपालिका बाट १ किलोमिटर दक्षिणमा रहेको कन्यामाई मन्दिर पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पक्षले महत्वपूर्ण क्षेत्र हो ।

शाक्य कुलका राजा शुद्धोधन की दोस्री पन्ति प्रजापति गौतमिको सम्झनामा बनाइएको भनिने यस मन्दिरको गर्भगृहमा देविको प्रतिमा रहेको छ । प्राचिनकाल देखिनै यस क्षेत्रमा पूजा गरीएको अनुमान गर्न सकिन्छ ।

१९औं शताब्दि तिर गरीएको उत्खनन् बाट यहाँ लोकेश्वरको हातमा पुष्प सहितको उभिएको प्रतिमा, माटाका भाडा, खेलौना तथा प्रस्थरका कलात्मक प्रतिमाहरु धेरैमात्रामा प्राप्त भएका छन् । हाल लुम्बिनी विकास कोष तथा पुरातत्व विभागको संरक्षण तथा व्यवस्थापनमा रहेको यस क्षत्रमा उत्खनन् तथन गहिरो अध्ययन गर्ने यनेजना पनि रहेको छ ।

## ६. बैरीमाई मन्दिर



*Photograph 35 : बैरीमाई मन्दिर क्षेत्र*

देवदह र सितलनगरको दोबाटो बाट करिब २ किलामिटर दक्षिणमा रहेको यस मन्दिर देवदह नगरवालिकाको वडा नं ८मा पर्दछ ।

स्थानीयका अनुसार शाक्यमुनि बुद्ध कि माता मायादेविको नाममा यस मन्दिरको निर्माण भएको थियो । प्राचिनकालमा बढिमाई भन्ने शब्दबाट बैरीमाई रहन गएको भनिएको यस मन्दिरमा पनि देविको पूजा गरीन्छ ।

यस क्षेत्रको उत्खननन्का क्रममा पनि प्रस्थरका थुप्रै कालाकृति, माटाका भाडा, देविका प्रतिमाहरु प्राप्त गरीएका छन् ।

हाल पुरातत्व विभाग तथा लुमबिनी विकासकोसले यस क्षेत्रको व्यवस्थापन, संरक्षण तथा विकास गदै आएको छ ।

## पाल्पा जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. अमरनारायाण मन्दिर



*Photograph 36 : मुख्य मन्दिर अमरनारायण*



*Photograph 37 : मन्दिर परिसरको एक पाटि*

परिचय

नेपाल एकीकरणको क्रममा पाल्पामा सेन वंशको पतन पछि पहिलो मुख्तीयार (गभर्नर) काजी अमर सिंह थापाले वि.सं. १८६३ मा मन्दिर स्थापना गरेका थिए। यो मन्दिर तानसेन नगरपालिका वडा नं. २, नारायण टोलमा पर्दछ।

## ऐतिहासिकता

वि.सं. १८६३ मा जनरल अमरसिंह थापाद्वारा तीनतले नेपाली शैलीको नारायण मन्दिर बनाएकोले यसको नाम अमरनारायण रहन गएको हो । तत्कालीन समयमा अमरसिंह थापाले काठमाडौंबाट कालीगढ ल्याएर यो मन्दिर बनाउन लगाएका थिए ।

## भौगालिक अवस्थीति

पाल्पा जिल्लको ऐतिहासिक बजार तानसेनमा रहेको यस मन्दिर बसपार्कबाट १०० मिटरको दुरीमा रहेको छ ।

## वास्तुकला

नेपाली वहुछाने शैलीमा, अढाइफिटका दुई तहका फेटीमाथि प्रदक्षिणापथ सहित वर्गाकार स्वरुपमा यो मन्दिर बनेको छ । तेलीया इटामा वज्रसुर्किनीको जोडाइ र अग्राख सालको काठबाट बनाइएको छ । तीन तले यो मन्दीर दुई तलाको छाना झिगटी र माथी एक तला पित्तलको छानामा सुनको जलप र सुनको गजुर छ । काष्टकला साथै कामकिडाको चित्र तथा टुडालहरुमा कुदिएका अष्टमातृका र अष्टभैरवका चित्रहरु वेदपुराण सम्मत छन् जसको गहिरो अर्थ छ । गर्भ गृहमा चर्तुमुख मुद्रामा (शंख,चक्र,गदा,पद्म) कमलमा उभिएको लक्ष्मी सहित नारायणको धातु मूर्ति छ । दायाबाँया गणेश बालगोपाल र हनुमानको मूर्ति छ । सबै मूर्तिहरु सुनजलप लगाइएका छन् ।

## धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यहाँका पुजारी षोडशोपचार विधिबाट दैनिक पूजा हुने गर्दछ । कृष्णाष्टमी रामनवमी, शिवरात्री, वामन द्वादशी, कार्तिक पूर्णिमाका दिनहरुमा विशेष पूजा हुन्छ । भाद्रमा रोहिणो नक्षेत्र नारायण जात्रा हुन्छ ।

## संरक्षण तथा योजना

चारै तिर ढुंगाको पर्खाल, बगैंचा, नजिककै ठूलो पानीको मूल र त्यसको संरक्षणका लागि उपयूक्त रुख विरुवाहरु र ढुंगाबाटै निर्मित दुइ वटा पानी पोखरी । देववाणी संस्कृत मा.वि मन्दिर परिषर भित्र छ । मन्दिरको पेटी भजन किर्तन भवनबाट अध्यापन सुरु गरिएकाल यो विद्यालयको मन्दिर (गुठी) सस्थापक संस्था हो । श्री ५ गीर्बाण युद्ध विक्रम शाहदेवबाट लालमोहर गरी मन्दिर सञ्चालनार्थ ५००० (पाचँ हजार) रोपनी खेत त्यसको दुगुना पाखो बारीको गुठीको व्यवस्था गरिएको ।

## २. रानी महल



*Photograph 38 : रानी महल*

ऐतिहासिकता

राणा शासनकालका तत्कालीन श्री ३ वीर शमसेरले वि.सं १९४५ मा खड्ग शमसेरलाई धपाइएको २ वर्षपछि पाल्पाका वडाहाकिम भएर आएका पाल्पाका वडाहाकिम भएको समयमा आफ्नी रानी तेजकुमारीको सम्झनामा कालीगण्डकी उत्तरवाहिनी भएको स्थानमा वि.सं १९५० मा शुरु गरी १९५४ मा भव्य दरबार निर्माण गराए जसलाई रानी दरबार भनिन्छ। उक्त दरबार बनाउन उनले भारतीय वास्तुकलाविद् ल्याएका थिए भनिन्छ । यो दरबारको माथिल्लो भागमा श्री परब्रहा कुमारी देवी शरण भनेर लेखिएको छ। दरबार निर्माण गर्दा प्रगोग गरिएको प्रत्येक इँटामा खड्ग शमसेर लेखिएको छ। दरबार निर्माणको केही वर्षपछि खड्ग शमसेर पाल्पाबाट पलायन हुनुपर्‍यो। त्यसपछिका दिनमा दरबारमा भएका वहुमूल्य सामग्रीहरु त्यहाबाट हटाइए र दरबार खण्डहरुको रुपमा परिणत हुन गयो। वि.सं २०५५ सालपछिका दिनमा पुरातत्व विभागबाट केही संरक्षको कार्य भएको जानकारी पाईन्छ। त्यसपछि क्रमशस् भवन विभाग र पाल्पा नगरपालिकाले पनि दरबार जानकारी पाईन्छ।

दरबार क्षेत्रको भौगोलि अवस्थीति

यो पाल्पाको रानीघाट, बौधागुम्बा गा.पा. मा अवस्थीति छ।

## दरबारको कला तथा वास्तकला

रानी दरबार कालीगण्डकी उत्तरवाहिनी स्थानमा निर्माण गरिएको छ। भनिन्ट यो दरबार ठूलो चट्टानमाथि बनेको छ । त्यसैले आजसम्म पनि नदीले कटान गर्न सकेको छैन। दरबार मुख्यतया तीन खण्डमा विभाजित छ। पहिलो खण्डमा दरबार परिसरको मूल प्रवेशद्धार रहेको छ। यस खण्डको प्रवेशद्धाराको दायाँवायाँतर्फ घोडा तवेला रहेको छ भने दायाँतर्फ तल्लो खण्डमा ४ वटा खोपा रहेको छ जसलाई सुरक्षा पोष्ट मानिएको छ र त्यसको वायाँतर्फ अर्को सानो खोपा पनि रहेको छ। घोडा तवेलाबाट माथि चढेपछि दायाँतर्फ शिवालयरहेको छ। ३ वटा आधारपेटीमा निमार्ण गरिएको यो शिवालय पूर्वाभिमुख रहेको छ। चुना सुर्कीको जोडाईमा इँटाको गारो लागाई निमार्ण गरिएको मन्दिरको प्रवेशदवार् कलात्मक प्रस्तरको चौकोस बनाइएको छ। मन्दिरको नाप १८ हात १ औँला लम्बाई र ६हात १ औँला चौडाई रहेको छ। मन्दिर रहेको खण्डको वायाँतर्फ सुरक्षा गार्डको आवासगृह रहेको छ। यसको दायाँतर्फको छेउको कोठामा ढिकी राख्ने प्रयोजनको लागि बनाइएको छ। मन्दिरको पछाडि भक्तिनीहरुका लागि बनाइएको ३ बटा दवार् भएको खुल्ला कोठा रहेको छ। सबैभन्दा माथिल्लो खण्डमा दरबार रहेको छ जसलाई रानी दरबार भनिन्छ। दरबार चुनासुर्कीकोजोडाईमा इँटाको छ। उत्तरतर्फ मूलप्रवेशदवा् र रहेको दरबार भित्र प्रवेश गरेपछि दायाँवायाँ ठूला ठूला २ वटा कोठाहरु रहेका छन्। दुईवटा कोठाको विचमा काठको भरयाङ्गबाट माथि चढेपछि ३ वटा खुल्ला कोठा र पश्चिमतर्फ र उत्तरतर्फ २ वटा वरण्डा निकालिएको छ। पश्चिमतर्पलको वरण्डा कालीगण्डकी तीर नजिक देखिन्छ भने यहाँबाट पनि माथि जाने काठको भर्याङ्ग छ। माथि गएपछि खुल्ला कोठा जस्तै वुइँगल रहेको छ।

## दरबार सम्बन्धी धार्मिक क्रियाकलाप

यस दरबार परिशरमा शिवालय तथा मन्दिर रहेका छन्। जसमा धार्मिक क्रियाकलाप हुने गरेको जानकारी भने पाइएको छैन।

## दरबार संरक्षण तथा योजना

हाल दरबारको संरक्षणका लागी स्थानीय तथा केन्द्रिय सरकार बाट सजावट तथा पुननिर्माण कार्य भइरहेको छ।

## ३. भैरवस्थान



*Photograph 39: भैरव स्थान मन्दिरको दृश्य*

परिचय

पाल्पा जिल्लामा अवस्थीत यस मन्दिर धामिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रका रुपमा परिचत छ ।

ऐतिहासिकता

दुई किसिमको भनाइ छ । एकथरीको भनाइ अनुसार एक सेन राजाले कासीबाट मूर्ति ल्याएर स्थापना गरेका थिए भने अर्काथरीको भनाइ अनुसार मणिमुकुन्द सेनले काठमाडौं आक्रमण्म गरी मत्स्येन्दे नाथको  अथाडि  राखेको  भैरवलाई पाल्पा लगेका हुन् । वि.सं. १८५१ म प्रताप समसेरले माथिल्लो छाना र गजुर राखेको कुरा अभिलेखबाट थाहा हुन्छ । विभिन्न घन्टहरु पनि चढाइएका पाइन्छ । मौलामा वि.सं. १९३४ र वि.सं. १९०८ को घन्ट छ ।

मन्दिर तथा क्षेत्रको भौगोलि अवस्थीति

यो मन्दिर पाल्पाको भैरव गा.पा. को वडा नं ५ को भैरवस्थान टोलमा अवस्थीत छ ।

मन्दिरको कला तथा वास्तकला

दुईतले नेपाली बहुछाने शैलीमा १४ फिट वर्गाकारमा बनेको मन्दिर र त्यसैसँग जोडिएको मुकुन्द सेनको दरबारको लम्बाइ ४७ फिट चौडाई १४ फिट छ। मन्दिरमा बटुकभैरवको मूर्ति छ। ठूलो त्रिशुल र ८ घन्टहरु छन्।


## मन्दिर सम्बन्धी धार्मिक क्रियाकलाप

बिहान ४ बजे भित्र नित्य पूजा गरिन्छ। भैरव र गणहरु समेतको पूजा गरिन्छ। ३ वटा रोट चढाउने चलन छ। नाथ योगीबाट पुजा हुने परम्परा छ। हाल जितनाथ योगी र भिमनाथ योगी पूजारी छन्। दशैं र कृष्णाष्टमीका समयमा जात्रा पर्व लाग्छ। वलि प्रथा रहेको छ। ३ जना कार्यालय सहायक पनि रहेका छन्। ४२ रोपनी जग्गा गुठी छ।

## मन्दिर संरक्षण तथा योजना

यस मन्दिरको व्यवस्थापनको काम १४ जनाको समितिले गरेको छ। नियुक्ति गुठी संस्थाबाट हुन्छ।

## ४. ऋषिकेशव मन्दिर



*Photograph 40 : मुख्य मन्दिर*

परिचय

रिडी तथा कालिगण्डकी नदिको दोभानमा अवस्थीत यस मन्दिर हिन्दु तथा वैश्णव धर्मावलम्बीहरु का  लागी निकै महत्व भएको स्थान हो ।

ऐतिहासिकता

पुराणहरुमा उल्लेख गरिए अनुसार तपस्वीनी रुरुकन्या मृगद्धारा पालिएकी कन्या)का शिथिल इन्दि्यहरुलाई चेतना प्रदान गरी नियमन गरेर पत्यक्ष भएका चतुर्वाहुनारायणलाई “ऋिषिकेशव” भनिएको र यो उनै ऋिषिकेशनारायणको मन्दिर हो । यस मन्दिरमा रहेको शालीग्राम शिलाको मूर्ति

कालीगण्डकीमा लोप भइरहेकोमा सोह्रौँ शताब्दीतिर पाल्पाको राजा मुकुन्दसेनले सपनामा पाएको संकेत हनुसार मूर्तिलाई पानीबाट बाहिर ल्याएर मन्दिर बनाई मूर्ति स्थापना गरेको भन्ने भनाइ छ । यस भनाई अनुसार यो मन्दिरको स्थापना पाल्पाका राजा मणिमुकुन्दसेन (वि.सं १५७-१६२५) को समयमा भएको बुझिन्छ । मन्दिरको वर्तमान स्वरुप भने वि.सं १८१९ मा रणदल पाण्डेले बनाएका हो । त्यसपछि यस मन्दिरमा समय समयमा रङ्गरोगन हुँदै आएको छ । वि.सं १९९१-९२ सालमा रिडीका साहु कृष्णलालले पनि मर्मत गराएका थिए ।

## मन्दिर तथा क्षेत्रको भौगोलि अवस्थीति

यो मन्दिर पाल्पाको रिडीको अर्घली वडा नं ९ मा कालिगण्डकी नदिको किनारमा अवस्थीत छ ।

## मन्दिरको कला तथा वास्तकला

यस मन्दिर घोप्टो परेको कमलको फूल आकारको छ । यहाँ रहेका पौवाहरु र अन्य मन्दिरहरु छाने शैलीका छन् । यहाँ कृष्णशिलाको ऋिषिकेशवनारायणको ३ फिट ९ इन्चको मूर्ति रहेको छ । नया, विजयाका धातु मूर्ति र घण्टहरु पनि छन् ।

## मन्दिर सम्बन्धी धार्मिक क्रियाकलाप

हलको पूजारी जगदीश्वर भट्टराईद्धारा दैनिक बिहान बेलुकी पूजा हुने र विशेष जात्रामा माघ संक्रान्ति ठूलो एकादशी, हरि बोधनाी एकादशी आदि पर्दछ । भेटी र गुठीबाट आएको आय पुजारीले पाउने गर्दछन् ।

## मन्दिर संरक्षण तथा योजना

दुर्गादत्त रेग्मी अध्यक्ष र पदमप्रसाद भट्टराईको सचिव भएको ११ जनाको समिति/५०० रोपनी जति गुठी भएको कुरा थाहा हुन्छ ।

## ५. रम्भादेवि/रमापानी



*Photograph 41 : रम्भा देवि मन्दिर क्षेत्र*

### परिचय

पाल्पा जिल्लामा रहेको यस रम्भादेवि क्षेत्र धार्मिक तथा पौराणीक हिसाबले निकै महत्वपूर्ण क्षेत्र हो ।

### भौगोलिक अवस्था

पाल्पा जिल्लाको तानसेन नगरपालिका बाट २८ किलोमिटर टाढा ताहुँ बजार बाट १५ मिनेटको दुरीमा रहेको छ । हाल यस मन्दिर परिसरमा आधुनिक सामाग्री द्वारा मन्दिर निर्माण गरीएको छ भने मन्दिर संरक्षिता अवस्था मा देख्न सकिन्छ । समुद्रि सतहबाट करिब ४,३०० फिट उचाईमा रहेको यस धार्मिक क्षेत्र सामुदायिक वन पनि रहेको छ ।

### ऐतिहासिकता

यस मन्दिरको ऐतिहासिकता राम तथा सिता संग जोडीएको छ भन्ने स्थानीय भनाई छ । द्वापर यूगमा श्री रामले सिताको पानीको प्यस मेटाउन वाड हानेर पानीको कुण्ड बनाइदिएका ले यस क्षेत्रलाई रमापानी पनि भन्ने गर्दछन् । यस मन्दिर मा वि.स १९५८ मा रम्भा देविको मुकुट चढाईएको थियो । पछि वि.स १९९९ मा तत्कालिक पाल्पाका कमान्डर ईन् चिफ रुद्र शमसेर द्वारा देविलाई गहना र मुकुट चढाईयो ।

## मन्दिर वास्तुकला

यस रम्भा देवि धार्मिक क्षेत्रमा देविको मन्दिर संगै एक नागले बेरीएको फडाँ सहितको शिवलिङ्ग पनि छ। देविको मुख्य मन्दिर एक तल्ले शिरमा ढलौटको गजुर भएको छ। हेदा सानो देखिने यस मन्दिर पुन निर्माण गर्न ईट्टा, बालुवा, सिमेन्ट तथा फलामे छड प्रयोग गरीएको छ । वरपर आधुनिक सत्तल तथा भवन निमाण भएको क्षेत्रमा मन्दिरको सुरक्षाका लागी फलामे पर्खाल लर्गाइउको छ। यस मन्दिरको गर्भ गृहमा भने शिव, दवि, गणेश को पनि प्रतिमा देख्न सकिन्छ। रम्भा देविको भने घाँटी सम्म मात्र भएको सुनको जलपलगाएको प्रतिमा रहेको छ।

## मन्दिर सम्बन्धी संस्कृतिक क्रियाकलाप

यस रम्भा देवि मन्दिरमा शिव रात्री, रामनवमी, कृष्णजन्माष्ठमीका बेला विशेष पूजा तथा मेला लाग्ने गर्दछ । यस बाहेक भक्तजनहरु औंसी, तिज, बैशाख पूर्णिमा तथा अन्य दिन पनि पूजा आराधानाका आगी यस क्षेत्रमा आउने गर्दछन् । यस धार्मिक क्षेत्रमा पनि चिताएको बर मागे देविको आशिर्वाद ले इच्छा पूर्ण हुने विश्वास छ।

## मन्दिर संरक्षण तथा योजना

हाल यस मन्दिरको व्यवस्थापन स्थानीय गाउँ पालिका तथा रम्भा देवि वन संरक्षण समितिले गर्दै आएको छ ।

## रोल्पा जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. त्रिपुरेश्वरी देवि मन्दिर क्षेत्र




*Photograph 42 : त्रिपुरेश्वरी मुख्य मन्दिर*

परिचय

रोल्पा जिल्लको शत्तिपिठका रुपमा प्रसिद्ध यस त्रिपुरेश्वरी देवि मन्दिर क्षेत्रको सांस्कृतिक तथा धार्मिक महत्व धेरै छ ।

भैगोलिक अवस्थीति

माडीचौर खुङ्गी गाँउमा, भालुवाङ्ग देखि रोलपा जादाँ सडकको दाहिने पट्टि रहेको यस धार्मिक स्थल सजिलै पुग्न सकिन्छ । करिब दुई बिगाह मा फैलिएको यस मन्दिर क्षेत्रद समुद्रि सतहबाट ६७० मिटर उचाइमा रहेको यस मन्दिर वरपर हरिया पहाडका मनोरम दृश्य देख्न सकिन्छ। मन्दिर परिसरमा रहेको त्रिपुरेश्वरी देवि मन्दिर संरक्षण समितिले यस स्थलमा संरक्षण, सरसफाइ, खानेपनी तथा आराम गर्ने स्थल उबलभ्द गराएको छ ।

## ऐतिहासिकता

स्कनद पुराण अन्तर्गत श्री स्वस्थानी व्रत कथा मा सतिदेविको अङ्ग पतन भएका नेपालका अन्य पिठ मध्य कण्डौाला पतन भएको ४९औं शक्ति पिठका रुपमा यस मन्दिर क्षेत्रलाई चिनिन्छ। त्रिपुरा देविको यस स्वरुपको पूजा तथा कल्पना मात्र गर्दा पनि भक्तजनको मनोकांक्ष पूर्णहुने विश्वास यहाँ पाइन्छ।

## मन्दिरको वास्तुकला

त्रिपुरेश्वरी देविको मुख्य मन्दिर एक तल्लाको चारपाटे रहेको छ  जस्को गजुर पनि ईट्टा तथा माटोले ब नाइएको छ। मन्दिर परिसरमा विष्णु लगायत गाणेश, शिव, सूर्य जस्ता देवताका अन्य मन्दिरहरु पनि छन् । यसका साथै यहाँ यज्ञशाला, बलि दिने स्थल, पुजारी निवास, बैठक कक्ष तथा मन्दिर व्यवस्थापन समितिको कक्ष पनि रहेको छ।

## मन्दिर संग सम्बन्धीत सांस्कृतिक क्रियाकलाप

यस देवि मन्दिर चैते दसै, वडा दसैं, स्वस्थानी पुर्णिमाका बेला विशेष मेल तथा पूजा गरीन्छ। यस बाहेक मंगलबार तथा शनिवारका दिन वैदिक रुपमा पूजा हुन्छ। भाकल पूर्ण भएपछि भने यस मन्दिरमा एकमाना गहुँको पिठो बाट बनाएको रोट, काँचो नरीवल तथा पञ्चबलि दिइन्छ।

## मन्दिर संरक्षण तथा योजना

हाल मन्दिरको संरक्षया तथा व्यवस्थापन कार्य त्रिपुरेश्वरी देवि मन्दिर संरक्षण समिति द्वारा हुँदै आएको छ। यसमा स्थानीय गाँउ पालिका तथा दाताहरुको दान बाट संकलन भएको रकमले मुल मन्दिरको निर्माण गर्ने योजना बनेको छ ।

## २. गजुलकोट



*Photograph 43: गजुलकोट (द्वितिय श्रोत)*

### परीचय

रोल्पा जिल्लामा रहेको यस कोटको नेपालको ईतिहासमा निकै महत्व छ ।

### भैगोलिक अवस्थीति

सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोटमा रहेको गजुलकोट २८ डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ७१ मीनेट पूर्वी देशान्तरमा रहेको छ । गजुलकोटको दरबार रहेको स्थान समुद्री सतहबाट १३३५ मीटर उचाईमा अवस्थित छ ।

### ऐतिहासिकता

मध्यकालीन बाइसे राज्यभित्रका अन्य राज्य जस्तो शक्तिशाली र ठूलो नभएता पनि यो राज्य महत्वपूर्ण अस्तित्वमा रहेको थियो । गजुलकोटमा काठमा लेखिएको वि.सं. १७०३ को अभिलेख पाइएबाट त्यहाँ राजदरवार रहेको प्रमाणित हुन्छ । सेन राजा गजुलमा सुरुदेखि नै बसेको भने पाइदैन । जाजरकोट जक्तिपुरबाट आएका तुथासेनलाई गजुलका थपालाहरुले राजा बनाएका थिए । गजुल राज्यमा १६ जना राजाहरुले राज्य गरेको पाइन्छ । गजुल राज्य अन्तर्गत गजुल, खुंग्री,

खुमेल, रेउघा, धाङ्सी, लिबाङ, धबाङ, ह्वामा, मिभ्किङ, हरिगाउँ, महेन्द्री, जेदबाङ, खेवासे, मन्घा, क्वालीगाउँ, फगाम, हिले र नुवाकोट गरी १८ गाउँ थिए। तुथा सेन राजा भइसकेपछि राजगुरुको आवश्यकता देखेपछि प्यूठानको सेपुङबाट सुवेदी थरको ब्राह्मण ल्याइ राखेको इतिहास छ। अभ्कैपनि गजुलमा सुवेदी, सेन र थापाहरुको बस्ती रहेको छ।

## कोट वास्तुकला

गजुलकोट पुग्न रोल्पा सदरमुकाम लिबाङबाट पूर्व घन्टा पैदल दुरी हिड्नुपर्छ भने अहिले लिबाङबाट मिभ्किङसम्म २३ किलोमीटर कालोपत्रे र त्यहाँबाट उत्तरतिर ११ किलोमिटर कच्ची सडकमा मोटरबाट पुग्न सकिन्छ। यसैगरी सुलिचौर बजारबाट पनि मोटरबाट १ घन्टामा गजुलकोट पुग्न सकिन्छ। बिजुली, पानी यातायात आदिले सुविधा पुगेको गजुलकोटको दरबार क्षेत्र भने जीर्ण छ। यहाँ दरबार रहेको ठाउँमा एउटा घर छ। पुरातत्व विभागले पुरानो दरबारको ढाँचा बमोजिम घर बनाउने योजना रहेको छ।

## कोट संरक्षण तथा योजना

यसको विकासका लागि कालोपत्रे आवश्यकता पर्दछ भने। लिबाङबाट थामलेक र थामलेकबाट गजुलकोटमा केबुलकार बनाउनसके यसको महत्व बढ्न सक्ने देखिन्छ।

## ३. पारीङ्ग मारिङ्ग भैरव मन्दिर



*Photograph 44 : पारिङ्गमारिङ्ग क्षेत्रमा रहेको मन्दिर (द्वितिय श्रोत)*

साविकको कुरेली गाविस वडा नं. ५ हाल परिवर्तन गाउँपालिका वडा नं. १ कुरेली रहेको यो पारिङमारिङ दह धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण ठाउँ हो । यसलाई बाह्र भाइ बराह मध्ये कान्छा कैलु बराहको पूजा गरिन्छ । रक्षाबन्धनको दिन पूजा लाग्ने र भव्य मेला हुने गर्दछ । जेठ पूर्णिमाका दिन धुप धुवार गर्ने गरिन्छ । बाह्रै महिना पानी हुने दहलाई पारिङ र वर्षाको पानी पनि नजम्ने लाई मारिङ भनिन्छ । मगर खाम भाषामा री भनेको पानी हो । पा भनेको भएको मा भनेको नभएको बुझिन्छ । त्यहाँको पुजारी रोकामगर जातका हुन्छन् । तर पूजा गर्न भने सबै जाति जाने गर्छन । बराहलाई साँढो र बजुलाई भेडो चढाएर भोग दिने चलन छ । अहिले शिवपार्वतीको मन्दिर पनि निर्माण भएको स्थानीय योगेन्द्र रोकामगरले बताए । किंवदन्ती अनुसार गाउँघरमा पानी परेन भने त्यहाँ गएर जेठ महिनामा पानी माग्ने चलन थियो । यसगरी लेकमा सिकार खेल्दै गर्दा एकजना मानिसलाई राक्षसले लखेट्दै जाँदा हाल बराहको मन्दिर भएको ठाउँमा ठूलै रुख रहेछ त्यही रुकमा चढ्दा देउताले उसलाई अलप बनाई राक्षसबाट जोगाएछन् । देउताले राक्षससंग बच्नका लागि हरेक वर्ष रक्षाबन्धनका दिन पूजा गर्नु भनेको हुँदा त्यसबेलादेखि पूजा गरिदै आएको जनश्रुति छ ।

## ४. रुन्टी स्वर्गद्वारी महाप्रभुको जन्मस्थल



*Photograph 45 : रुन्टी क्षेत्र (द्वितिय श्रोत)*

परिचय

स्वर्गद्वारी महाप्रभुको जन्म स्थलका रुपमा परिचत यस रुन्टी धार्मिक क्षेत्रको वैदिक धर्मका अनुयायिका लागी प्रमुख तिर्थस्थलमध्य एक हो। बाल तपस्वी प्रभु हंसानन्दले आफनो बाल्यकाल र युवाअवस्था बिताइ सन्यासी जिवनको अनुभव गरेको केन्द्रका रुपमा यस स्थलमा विशेष पूजा गरीने गरीन्छ।

भैगोलिक अवस्थीति

रोल्पा जिल्लको रुन्टी गाउँपालिका अन्तर्गत, सखी गाउँमा अवस्थीत यस धार्मिक क्षेत्र दाङ घोराहि देखि २५ किलोमिटर उत्तरमा पर्दछ। यस स्थान समुद्रि सतहबाट करिब २,१२२ मिटरको उचाईमा रहेकाले वरीपरी हरिया पहाडका दृश्य अवलोकन गर्न सकिन्छ। ऐतिहासिकता प्रभु हंसानन्दल को जन्म वि.स १९१६ सालमा भएको हो त्यसकारण यस क्षेत्रको ऐतिहासिकता लाई उक्त समय संग जोड्न सकिन्छ। भन्छि त्यस समयमा नवजात हंसानन्दको दर्शन गर्न विभिन्न देवि देवताहरु आई आशिर्वाद समेत दिएका थिए। जब हंसानन्दले ज्ञान प्राप्त गरी प्रभु महाराजका रुपमा यज्ञ तथा तप गर्दै स्वर्गद्वारी क्षेत्रमा बस्नलागे उनका चेला तथा अनुयायीहरुले यस क्षेत्रलाई पनि उत्तिकै महत्व दिन लागे।

## मन्दिरको वास्तुकला

यस पवित्र भूमिमा जहाँ प्रभुको जन्म भएको थियो त्यस स्थानमा सानो मन्दिर बनाई, मन्दिर भित्र खराउ राखिएको छ। उत्त खराउ महाप्रभुले प्रयोग गर्नु भएको हो भन्ने स्थानीयहरुको विश्वास रहेको छ। त्यसतै मनिदर भने ईट्टा, ढुङ्गा, काठ तथा रातो माटोको प्रयोग गरी निर्माण गरीएको छ जुन यस भेगमा प्रचलित वास्तुकलामा आधारीत छ। यसका साथै मन्दिर परिसरमा , महाप्रभुको जन्मघरमा प्रयोग भएको कलात्मक झ्याललाई संरक्षण गरीराखिएको छ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस धार्मिक क्षेत्रमा गुरुपूर्णिमा, दशैं, तिहार, कोजाग्रत पूर्णिमा का दिन विशेष पूजा गरीन्छ। यस बाहेक प्रभुलाई सम्झन चाहाना श्रद्धालुले हरेक दिन यस मन्दिर तथा धार्मिक क्षेत्रमा पूजा गर्ने गर्दछन्। यहाँ प्यूठान, रोल्पा, रुकुम, पाल्पा का भक्तजनका साथै भारतबाट पनि धेरैका संखयामा श्रद्धालु आउने गर्दछन्।

## मन्दिर संरक्षण तथा योजना

हाल पर्यटन मन्त्रालयको लगानी निर्माण भएको अर्को मन्दिर यहाँ देख्न सक्छौ। यस स्थान भन्दा करिब ६०० मिटर माथि स्वर्गद्वारी महाप्रभुले यज्ञ सुरु गर्नु भएको यज्ञस्थलका अवशेष भनिएको स्थानलाई पनि संरक्षण गर्दै पर्यटन विकासका लागी पार्क तथा पूर्वाधारहरुको निर्माण कार्य भईरहेको छ।

## प्यूठान जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. भित्रीकोट



*Photograph 46 : कोट क्षेत्रमा रहेको मन्दिर (द्वितिय श्रोत)*

परिचय

प्रदेश नं. ५ को प्यूठान नगरपालिका वडा नं. ५ मा ऐतिहासिक भित्रिकोट दरबार रहेको छ । चौबिसे राज्यकालीनको शक्तिशाली भित्रिकोट दरबार परिसरमा दरबारका पर्खाल जमीन सतहसम्म प्रष्ट देखिने गरी राखेका छन् भने दरबारवीचमा हतियार भण्डारका लागि पछि निर्माण गरिएको खड्गथान र यस्को सामुन्नेमा क्षेत्रपाल (कोट) मन्दिर रहेको छ ।

ऐतिहासिकता

नेपाल एकीकरण हुनु पहिले प्युठान चौविसी राज्य समूहमा परे तापनि यसका प्रभावमा रहेका खुंग्री, गजूल, छिल्ली, दाङ् र उदयपुर राज्यहरु वाइसी समूहमा पर्दथे । प्यूठान राज्यको स्थापना कहिले भएको थियो भन्ने पुष्ठी नभए पनि जुम्लाको खस साम्राज्यको पतन पछि नै यो राज्य अस्तित्वमा आएको बुझिन्छ । प्यूठान

राज्यको राजधानी किल्लाका रुपमा यो भित्री कोट रहेको थियो। प्युठान राज्यको स्थापनाकाल निश्चित नभएकाले यस भित्री कोटको स्थापना एवं निर्माणकाल पनि निश्चित छैन । यस राज्यको स्थापना, कोट र दरबारको निर्माण १५औं शताब्दीतिर भएको अनुमान गरिएको छ।

## दरबारको भौगोलिक अवस्थीति

प्यूठान जिल्लाको सदरमुकाम खलङ्गा गाउँपालिका पूर्वतर्फ र माण्डवी गाउँपालिका पश्चिमतर्फको बीचमा प्यूठान नगरपालिका अवस्थित छ । १५८३ मिटरको उचाइमा अवस्थित भित्रिकोट दरबार प्यूठान नगरपालिका कार्यलयबाट करिब ५ कि.मि. को दूरीमा रहेको छ। साँघुरो उकालो र कच्ची बाटो हुँदै समथर फाँट र अग्ला डाँडाको दृश्यहरु देख्न सकिन्छ।

## दरबार सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

नेपाल एकीकरण पछि यहाँको धेरैजसो परम्पराले निरन्तरता प्राप्त गर्न सकेन। वडादशैंको घटस्थापनामा यस कोटको कोतघर तथा क्षेत्रपाल मन्दिरमा फूलपाति विधिपूर्वक भित्र्याउने प्रचलन पूजारीहरुले कायमै राखेका छन् । यसै गरी नवरात्रभर पाठ पूजा गर्ने चलन कायम छ।

## दरबार संरक्षण तथा योजना

स्थानीय सरकारले स्थानीय तह भित्रका ऐतिहासिक संरचनाहरुको विकास र संरक्षणका लागि बजेट विनियोजन गरिएको छ । प्यूठान नगरपालिकाले भित्रिकोट दरबारको पर्यटकीय विकासका लागि मएच निर्माण गरेर दरबारसम्म जाने रोपवे, ऐतिहासिक स्वरुप मै दरबार लगायतका संरचना निर्माण र सुन्दर पार्क बनाउन खोजिएको छ । त्यसका साथै गार्डेन निर्माण गर्ने र होमस्टे सञ्चालनको समत परिकल्पना गरिएको छ। यहाँ कोट संरक्षण तथा व्यवस्थापन समिति सक्रिय रहेको छ। भित्रीकोट दरबार रहेको टाकुरा वरिपरि एक मिटरभन्दा बढी उचाइको पक्की पर्खाल र पर्खालमाथिबाट जाली लगाएर दरबार क्षेत्रको संरक्षण गरिएको छ । ऐतिहासिक हतियारहरुको भण्डारणका लागि खड्गथान बनाइ, दरबार परिसर प्रवेश गेट, क्षेत्रपाल मन्दिर र खड्गथान सुरक्षित गर्न तीन ठाउँमा चाँपीको व्यवस्था गरिएको छ।

## २. भिमसेन मन्दिर

परिचय

धार्मिक तथ पर्यटकीय महत्व बोकेको यस भिमसेन मन्दिर प्यूठान जिल्लामा रहेका सम्पदाहरु मध्य एक हो ।

ऐतिहासिकता

१९ आँ शताब्दीको प्रारम्भ तिर स्थानिय भुपनारायण द्धारा निर्माण गरिएको मानिन्छ । नेवारहरुले विशेष रुपमा मान्ने भिमसेन मन्दिरको स्थापनाले यहाँ नेवारहरुको वस्ति रहेको कुरा लाइ समेत संकेत गर्दछ ।

मन्दिर तथा क्षेत्रको भौगोलिक अवस्थीति

मन्दिर जिर्ण अवस्थामा रहेको छ ।

मन्दिरको कला तथा वास्तुकला

भिमसेन, गणेश र सरस्वतीको मुर्तिहरु रहेको छ । काष्ठ कला र गजुरहरु यहाँको कलात्मक वस्तु हुन् । वास्तुकलाहरु हेर्दा यो मन्दिर प्राचिन नेपाली छान` शैलीमा निर्मित देखिन्छ । माटोको जोडाइमा इट्टा प्रयोग गरि बनाइएको यस मन्दिरको आकार १० ० ६ ६ छ भने उचाइ १० फिट रहको छ । चारपाटे झिँगटीको छाना रहेको यस मन्दिरमा गजुर पनि रहेको छ ।

मन्दिर सम्बन्धी धार्मिक क्रियाकलाप

मन्दिरको नाममा १०० मुरी माटोको खेत र १००० रोपनीको पाखो जमिन गुठीको रुपमा रहेको छ । यसैको आयबाट नित्य पुजा र पर्व पुजा गर्ने गरिएको छ । पर्व पुजा फाल्गुनमा पर्ने भिमसेन द्धादशीका` दिन गरिन्छ । पर्व पुजा गर्दा स्थानिय मानिसहरु एकादशीको दिन बाटनै धुनी जगाएर द्धादशीका` दिन विशेष पुजा गरि भिमसेनको पुजा गर्ने गर्दछन् ।

मन्दिर संरक्षण तथा योजना

यहिँ मन्दिरका पुजारीद्धारा गुठको आय बाट मन्दिरको व्यवस्थापन गरिएको छ ।

## ३. तुसारकोट



*Photograph 47 : तुसारकोट मा रहेको मन्दिर (द्वितिय श्रोत)*

### ऐतिहासिकता

यस तुसारकोटको निर्माण कुन समयमा भएको थियो भनि यकिनका साथ भन्न सकिन्न । चौविसे राज्यकालमा प्युठान राज्य अन्तर्गतको एउटा सुरक्षा किल्ला को रुपमा थियो । तत्कालिन कोटहरुमा राजाको दरवार , कोतघर र किल्ला पर्खाल हुने गर्दथ्यो । यहाँ पनि यि सबै कुराहरु भएको देखिन्छ । वि.सं. १९४३मा प्युठान नेपालमा एकिकृत भए पश्चात

प्युठान अर्न्तगतका खुग्री र उदयपुर बाहेक अन्य साना राज्यहरु पनि स्वत नेपालमा एकिकृत भए। त्यसै क्रममा यस तुसारकोटको सुरक्षात्मक महत्व पनि रहेन तर केहि सांकृतिक परम्परा भने अझै कायम नै रहेको पाइन्छ।

मन्दिर तथा क्षेत्रको भौगोलि अवस्थीति

कोतघरको अवस्था राम्रो नै रहेता पनि किल्ला पर्खालको भग्नावशेष मात्र रहेको छ।

मन्दिरको कला तथा वास्तुकला

किल्ला वास्तुकलाको अवशेषहरु कोतघर र मौलो रहेको छ। सामान्य प्रकारको कोतघरमा कुनै मुर्ति रहेको छैन। २२ ६ १३ १० आकार र ११ ५ अग्लो कोत घर रहेको छ। कोतघरमा माटोको जाडाइमा ढुङ्गाका` गारो र स्लेटको छानो रहेको छ।

मन्दिर सम्बन्धी धार्मिक क्रियाकलाप

बडा दशैं र चैते दशैंमा यहाँ पुजा गरिन्छ। बोका, रागाँ, परेवाको बलि चढाइ नवमी र दशमीको दिनमा पुजा गर्ने प्रचलन रहेको छ।

मन्दिर संरक्षण तथा योजना

स्थानीयहरुको सहयोग तथा व्यवस्थापनमा कार्य भईरहेको।

## ४. स्वर्गद्वारी धार्मिक क्षेत्र



*Photograph 48 : स्वर्गद्वारी यज्ञशाला (द्वितिय श्रोत)*

परिचय

स्वर्गद्वारी नेपालको एक पवित्र भूमि हो जहाँ वैदिक सभ्यता र संस्कृतिको अवलोकन र अध्ययन समेत गर्न सकिन्छ ।

ऐतिहासिकता

वैदिककालमा रोल्पाको चतुर्भुजमा स्नान गरी ऋषिहरुको साधना गर्ने केन्द्र थियो । जहाँ पाण्डवहरुले उत्तरापन्थको यात्राका क्रममा यज्ञ गरी जीवितै स्वर्ग पुगेका थिए । यसै विश्वासका आधारमा यो स्थान स्वर्गको प्रवेशद्वार मानी स्वर्गद्वारी नामकरण गरिएको हो । तर पछिल्लो सन्दर्भ भने रोल्पाको सखी गाउँ विकास समितिमा पर्ने रुन्टी गाउँमा वि.सं. १९१६ सालमा जन्मिएका स्वर्गद्वारी महाप्रभु नामले परिचित महात्माको प्रयासबाट पुनः स्थापित बन्न गएको हो । रुन्टी गाउँका गौतम थरका वासुदेव उपाध्यायका नाति अनिरुद्र गौतम खत्री तथा स्वेताकुमारीको जेठो छोराको रुपमा जन्मिएको बालक थिए । उनको न्वारानको नाम भने नारायण थियो । आफ्नो भविष्य जान्न चाहनेहरुको भिड बढ्दैजाँदा असजिलो महसुस गरेर होला पाँचवर्षको बालक एकाएक हराए तर तीनवर्षपछि त्यहीको जङ्गलमा रहेको सानो गुफामा ध्यानमग्न अवस्थामा देखा पर्न थाले । उनको इच्छा अनुसार गाउँको शीर्ष भागमा सानो कुटी निर्माण गरी त्यहीँ राखियो र उनलाई बालतपसी भन्न थालियो । २६ वर्षको उमेरमा औपचारिक रुपमा सन्यासग्रहण गर्दा गुरुले हंसानन्द नाम

राखिदिएका थिए । आफ्नो अलौकिक शक्तिद्वारा स्थानीयहरुको चित्त बुझाई वि.सं. १९५२ वैशाख पूर्णिमादेखि अखण्ड महायज्ञ प्रारम्भ गरियो । नित्य पूजाका अतिरिक्त विभिन्न समयमा थप यज्ञ गर्दै स्वर्गद्वारीको लेकलाई स्वर्गको रुपमा रुपान्तरण गर्ने महाप्रभुले वि.सं. १९९७ साल मंसिर शुक्ल चौथीका दिन देह त्याग गर्ने पूर्व घोषणा अनुसार संसारबाट बिदा लिएका थिए ।

## भौगोलिक अवस्थीति

यो प्यूठान जिल्लाको सदरमुकाम खलङ्गादेखि २६ किलोमिटर पश्चिममा स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा समुद्री सतहदेखि २१२२ मिटर उचाइ रहेको पहाडको शिखरमा अवस्थित छ । स्वर्गद्वारी आश्रमसम्म पुग्नका लागि नजिकका गाउँ विकास समितिहरुबाट त्यहाँ पुग्ने परम्परागत पदमार्ग प्रशस्तै छन् । जिल्ला बाहिरबाट जाने भक्तहरु निम्न मार्गबाट पुग्न सकिन्छ । राजमार्गको भालुबाङबाट देवीस्थान-भिङ्ग्रीहुँदै पुग्ने ७५ किलोमिटर मोटर बाटो रहेको छ । पूर्व-पश्चिम राजमार्गको लमहीबाट घोराही-होलेरीहुँदै पुग्ने मोटर बाटो ५७ किलोमिटरको पनि छ । यसै गरि घोराही-मर्पेस बोझपोखरा २३ किलोमिटर दूरीको मोटर बाटो र त्यसपछि करिब ३ घण्टा पैदल हुँदै पुग्न्छि ।

## वास्तुकला

मूल यज्ञमण्डप यहाँको प्रमुख दर्शनीय स्थल हो । यो बाहिरबाट हेर्दा चार दिशा र चार उपदिशामा एकएक र मध्यभागमा अर्को एक गरी नौवटा मन्दिर जस्तो देखिन्छ । यथार्थमा यो अष्ठमण्डलाकार एउटै मन्दिर हो । उक्त मन्दिरको पूर्व दिशाको कोठामा देवी पाञ्चायन, दक्षिणमा सूर्य पाञ्चायन, पश्चिममा अखण्डदीपसहित विष्णु पाञ्चायन, उत्तर दिशामा अखण्डदीपसहित गणेश पाञ्चायन र शिव पाञ्चायन स्थापित छन् । त्यसैगरी चार उपदिशामध्ये आग्नेयकोणको कोठामा गणेश पाञ्चायन, वायव्यमा देवी पाञ्चायन, इशानमा शिव पाञ्चायन र नैऋत्य कोणमा सूर्य पाञ्चायनको स्थापना गरिएको छ । आश्रमका चौबीसजना याज्ञिक ब्राम्हणहरुमध्ये हरेकलाई आफ्ना स्थानमा पूज ागर्ने कार्यविभाजन गरिएको छ । मन्दिरको मध्यभागमा विशाल हवनकुण्ड छ जहाँ वैश्वानरको पूजासहित हवन र घृतधारा दिइन्छ ।

## धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

स्वर्गद्वारी आश्रम परिसरमा मूल यज्ञमण्डप प्रमुख केन्द्र हो भने त्यसका अतिरिक्त अन्य महत्वपूर्ण दर्शनीय स्थलहरु रहेका छन् । स्वर्गद्वारीमा महाप्रभुले धार्मिक अनुष्ठान प्रारम्भ गराएको मन्दिर शिवालय मन्दिरको नामले परिचित छ । शङ्करको आराधनाका लागि निर्माण गरिएको उक्त मन्दिरमा पूजा गरिन्छ । उक्त समाधिमाथि मन्दिर निर्माण गरिएकाले उक्त स्थानलाई 'गुफा मन्दिर शिवालय' भनिन्छ । यहाँ पनि नित्य रुद्राभिषेक र पूजा पाठ हुने गर्दछ ।

पूर्वाङ्ग र उत्तराङ्ग पूजाका अतिरिक्त वेद तथा पुराणहरुको पाठ गरिन्छ । मध्यान्हतिर बिहानको नित्यपूजा विसर्जन हुन्छ भने साँझमा पनि सोही विधिले सूक्ष्म पूजा हुने गर्दछ । नित्य पूजाका अतिरिक्त यज्ञ स्थापना भएको दिन बैशाख पूर्णिमा, गुरु पूर्णिमा, नागपञ्चमी, प्रभुको जन्मदिन, श्रावण शुक्ल एकादशी, जनैपूर्णिमा, तीज, दशैं, तिहार, कार्तिक शुक्ल पूर्णिमा, प्रभु ब्रह्मलीन भएको दिन मार्ग शुक्ल चतुर्थी, मार्ग शुक्ल पूर्णिमा, माघेसक्रान्ति, शिवरात्रि आदि पर्वहरु पनि मनाउने गरिन्छ ।

## संरक्षण तथा योजना

आश्रमको अस्तित्व र महत्व कायम राख्न विभिन्न नीति निर्माण गर्नका लागि कार्यसम्पादन समितिको व्यवस्था गरिएको छ। यसैगरी विभिन्न कार्यसम्पादन गर्नका लागि विभिन्न पद सिर्जना गरी कार्य विभाजन गरिएको छ। आश्रममा करिब २०० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने शिक्षक, विद्यार्थी र भक्तहरु गरी नियमित रुपमा थप दुईसय जनाको भोजन र आवासको दायित्व पनि आश्रमले व्यहोर्दै आएको छ। यी सबै खर्च गरेको जग्गा र भक्तहरुले चढाएको दानबाट व्यवस्थापन हुँदै आएको छ।

## ५. उदयपूरकोट

### परिचय

माण्डवी गाउँपालिका वडा नं ४ मा रहेको उदयपूरकोट धार्मिक तथा इतिहासिक रुपमा महत्वपूर्ण मानिन्छ । हाल यहाँको जमीन विद्यालयले प्रयोग गरेको देखिन्छ भने दशैंघर र मन्दिरहरु धार्मिक प्रयोगमा छन ।

### ऐतिहासिकता

उदयपुर राज्यको इतिहास तथा अधिकारी वंशावली" मा वि.सं. १५९०-९५ तिर यस राज्यको स्थापना भएको भन्ने उल्लेख छ । यो राज्यको स्थापना भएपछि मात्र यस कोटको निर्माण भएको बुझिन्छ । कोटमा रहेका प्राचिन दरबार राजा रुद्रमणिका समयमा आगलागी भएपछि पुनः निर्माण गरिएको भन्ने मानिन्छ । पछि राजा जागेश्वरका पालामा काठमाडौँबाट नेपाली डकर्मीहरु र सिकर्मीहरु लगी दरबार बनाइएको थियो। १९औं शताब्दी तिर काठमाडौँ उपत्यकाको वास्तुशैलीमा दरबार बनेको थियो । २०१८ सालमा राज्यरजौटा उन्मूलन भएपछि उदयपुर राज्यका राजपरिवार बर्दियातिर बसाई सर्दा यो ठाउँ विद्यालयलाई दिइएको हाल यहाँ विद्यालय र खेल मैदान बनेको छ । पुराना सम्पदाको रूपमा दशैंघर र सान्दानी मन्दिर मात्र रहेको छ ।

### भौगोलिक अवस्थीति

पुरानो दरबारलाई हटाएर विद्यालयको खेल मैदान बनाएको र यसै खेल मैदान मुनि पुरानो दरबारको जग छ भनिन्छ ।

### वास्तुकला

कोटमा दरबारको भाग्नावासेश, दशैंघर, सुन्दानी (सुन्ननी) देवता र उनका दाजुका मन्दिरहरु रहेका छ । कोट एवं दरबारको अस्तित्व मेटिसके पनि मन्दिरहरुको अवस्था राम्रै छ ।

### सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस कोटमा दरबार, प्राङ्गाण, दशैंघरहरु रहेका थिए । दशैंघर, दलान, जोगीधुनी र दशैंकोठामा विभाजित छ । दशैं कोठामा जमरा राख्ने, फूलपाति भित्र्याउने र राजाबाट दशैंको टीका थाप्ने कामहरु गरिन्थ्यो । राज्यका विभिन्न मौजाहरूबाट "सरात्र" खेल्दै टीका थाप्न आउने गर्दथे । आफ्नो पालो नआएसम्म दरबार प्राङ्गाणमा बाजागाजा सहित नाँचगान गरेर मौलोको वरिपरि घुमेर सरात्रें खेल्ने प्रचलन थियो । हाल दशैंघरमा वडादशैंका समयमा स्थानीय बासिन्दाबाट आफुखुशी पुजाआजा गर्ने प्रचलन छ । सुन्नानी देवता र उनका दाजुको मन्दिरमा भने उदयपुर राज्यले राखेको गुठी जग्गाको आम्दानीबाट पुजाआजा हुदै आएको छ ।

### संरक्षण तथा योजना

कुनै व्यवस्थापन छैन । तर अधीकारी वंशका पुस्ताहरुले सामान्य रेखदेख गरीरहेको ।

## ६. सारीकोट



*Photograph 49 : सारीकोटमा रहेको कोटघर (द्वितिय श्रोत)*

### परिचय

प्यूठान जिल्लामा रहेका विभिन्न कोटहरु मध्य सारीकोट एक ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्व बोकेको स्थान हो । ऐतिहासिक समयमा भुरे टाकुरे राजाले राज गरेका स्थानका रुपमा पनि यस क्षेत्रलाई लिन सकिन्छ ।

### भैगोलिक अवस्थीति

प्यूठान जिल्लको स्वर्गद्वारी गाउँपालिका वडा नं ५, सारी गाउँमा रहेको यस सारीकोट जिल्ला सदरमुकाम बाट लगभग ४० किलोमिटरको दुरीमा रहेको छ । प्यूठान-जसपूर सडक हुदै कच्चिबाटो बाट यात्रा तय गर्ने क्रममा, सारीको भूबनोट क्षेत्रबाट अभ्र्क आदि घण्टा मोटर यात्रा गरेपछि पुग्न सकिने यस क्षेत्र करिब १५ देखि २० रोपनीमा फैलिएको छ ।

### ऐतिहासिकता

ऐतिहासिक समयमा बाईसे-चौबिसे राज्य अन्तर्गत भूरे टाकुरे राजाहरुले राज्य गरेको राज्यका रुपमा यस राज्यलाई पनि लिइन्छ । स्थानियका अनुसार नेपाल राष्ट्रको एकिकरणका क्रममा दामोदर पाण्डेले आत्ररमण गरी यस क्षेत्रमा विजय हासिल गरेका थिए । पछि यस कोट घरमा पुजाका लागी मात्र प्रयोग गर्न थालियो ।

## वास्तुकला

यस क्षेत्रमा ग्रामिण आवास शैतिमा बनाइएको दुई वटा साना कोट घरहरु छन् । ऐतिहासिक किल्लाका अवशेष देख्न सकिने यस स्थान मा अन्य कुनै संरचना देखिदैन ।

## कोट संग जाडीएका धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस कोटमा वडादशैं, दुर्गा पूजा र पूर्णिमाका दिन विशेष पूजा गरीन्छ ।

## कोट संरक्षण तथा योजना

यस कोटको मूर्त र अमूर्त सम्पदाको स्थानीयहरु बाट संरक्षण तथा संचालन भइरहेको छ ।

## ७. बाग्दुला गैरा गुफा ऐतिहासिक तथा पर्यटकिय क्षेत्र



*Photograph 50 : बाग्दुलामा रहेको पिक्निक स्पट*

परिचय

बाग्दुला बजार संग जोडीएको यस ऐतिहासिक तथा पर्यटकीय महत्वको क्षेत्र पूरातात्विक तथा सांस्कृतिक महत्व बोकेको क्षेत्र हो ।

भौगोलिक अवस्थीति

प्यूठान नगरपालिका वडा नं ८ बागदुलाकुटीमा अवस्थीत यस ऐतिहासिक क्षेत्र प्यूठान जिल्ला सदरमुकामबाट करिब १० किलोमिटर टाढा रहेको छ । खलङ्गा-बागदुला सडकबाट सजिलै पुग्न सकिने भएकाले पर्यटनको विशेष सम्भावना बोकेको यस क्षेत्र करिब ४ रोपनि जग्गामा फैलिएको छ । यस क्षेत्रमा पर्यटकलाई आवश्यक शौचालय, पिकनिक स्पट, भ्यूस्टेसन र पानी ट्याङ्की रहेको छ ।

ऐतिहासिकता

ऐतिहासिक समयमा जब प्यूठान जिल्ला बाइसे-चौबिसे राज्य अन्तर्गत पर्दथ्यो त्यसै समयमा एक नाथ सप्रदायका योगी जो दुबनाथका नामले चिनिन्थे उनको कुटिका भित्ता तथा अवशेष यहाँ देख्न सकिन्छ । यसको आधारमा यस क्षेत्रको ऐतिहासिकता १५औं शदाब्दी पछिको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

## धार्मिक क्षेत्रको वास्तुकला

यस क्षेत्रमा दुबानाथ योगीले बनाएका चौतारी तथा कुटिको अवशेष देख्न सकिन्छ। यस स्थानबाट अलिक मथि उपल्लो कुटी पनि रहेको छ। यसका साथै दुबनाथ कुटी बाट करिब १ किलोमिटर पर रानि कम्ला भन्ने स्थान छ जहाँ भित्रीकोट की रानिले आफ्नो कम्मल छोडेर गएकी थिईन्। यस स्थानमा हाल नयाँ पर्यटकीय पूर्वाधारको निर्माण भइरहेकोछ तर प्राचिन कुटीलाई भने यथास्थीतिमा राखिएको छ जस्को कारण वास्तुकलाको नमुना भने देखिदैन।

## यस क्षेत्र संरक्षण तथा योजना

यस क्षेत्रको संरक्षण हाल बागदुला गैरा गुफा पर्यटकीय पूर्वाधार विकास संस्थाले गरेको छ। यस क्षेत्रको स्वामित्व पनि स्थानिय गाउँपालिका तथा संरक्षण समितिले लिएका छन्। यस स्थान प्राकृति, ऐतिहासिक तथा पर्यटकीय दृश्टीकोणले आकर्षणको केन्द्र बन्ने सम्भावनालाई मध्यनजर गरी आउने वर्षमा पर्यटनको प्रमुख स्थलका रुपमा विकास गर्ने योजना यस संरक्षण समितिको रहेको छ।

## ८. रानीकुवा (रानीपौवा गढी)



*Photograph 51 : रानी कुवा*

### परिचय

बाईसे चौविसे राज्यको बाहुल्यता भएका बेला प्यूठान जिल्लमा विभिन्न राजखलकले राज्य गरेका थिए । यसै सिलसिलामा यस सरुमारानी क्षेत्रमा पनि गढी तथा प्राचिन कुवा देख्न सकिन्छ ।

### भौगालिक अवस्थीती

प्यूठान जिल्लको सरुमारानी गाउँपालिका वडा नं ४ गढी मा अवस्थीत यस ऐतिहासिक क्षेत्र जिल्ला सदरमुकाम सन्धिखर्कबाट करिब २६ किलोमिटरको दुरीमा रहेको छ । सन्धिखर्क-भालुवाङ्ग सडक बाट करिब १ किलोमिटरको भित्ररहेको यस क्षेत्र पहाड तथा गढीको मनोरम दृश्य अवलोकन गर्न सकिने स्थानमा रहेको छ । करिब ६ विगहामा फैलिएको यस क्षेत्रमा प्राचिन कुवा, शौचालय, मन्दिर तथा भ्रमणका लागी खुट्किलाको निर्माण गरीएको छ ।

### ऐतिहासिकता

यस क्षेत्रमा रहेका गढी तथा कुवाको संरचना बाईसे चौबिसे राज्यका पालामा निर्माण भएको हो भन्ने भनाइलाई आधार मान्ने हो भने यस क्षेत्रको ऐतिहासिक करिब ५०० वर्ष पुरानो रहेको अनुमान गर्न सकिन्छ । यस क्षेत्रमा पूवाधारहरुको निर्माण गर्ने क्रममा प्राप्त ढुङ्गेधारा हदा यस तथ्यलाई समर्थन गर्ने प्रमाण भेटिन्छ ।

### वास्तुकला

यस ऐतिहासिक क्षेत्रमा प्राचिन संरचनाको अवशेष मात्र बाकि रहेकाले वास्तुकलाको व्यख्या गर्न सकिने नमुना देखिन्न । तर प्राचिन कुवाको पानीको स्रोत जस्तो देखिने दुइवटा कुवा भने यहा देख्न सकिन्छ । त्यसबाहेक यस स्थानमा पर्यटन विकासका लागी आधुनिक वास्तुकला निर्माण सामाग्रीले नयाँ संरचनाहरु निर्माण भएकाछन् ।

## यस क्षेत्र सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस कुवा तथा गढी क्षेत्रमा पर्यटन विकासका लागी सभाहल, पार्क, पानीट्याङ्की, चौतारी, मन्दिर, शौचालय तथा प्रतिक्षालयको निर्माण भएको छ । तर ऐतिहासिक गढी तथा रानी कुवामा रहेका बुट्टे ढुङ्गा, काठ तथा अन्य सामाग्री भने स्थानीयले व्यत्तिगत निर्माण सामाग्रीका रुपमा प्रयोग गरेका छन् । यहा निमार्ण भइरहेको पार्कमा पर्यटकका लागी सिमेन्टको बेन्चका लागी उद्दोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बाट २ लाख सहयोग भएको छ ।

# गुल्मी जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

## १. रेसुङ्गा यज्ञशाला



*Photograph 52 : रेशुङ्गा यज्ञशाला (द्वितिय श्रोत)*

ऐतिहासिकता

गुल्मी जिल्लाका महत्वपूर्ण तीर्थहरु मध्ये रेशुङ्गा पनि एक हो । जनश्रुति अनुसार त्रेता युगमा हालको रेशुङ्गामा ऋषि श्रृगाको तपोभूमि थियो

। उनै ऋषिको नामको अपभ्रश रुप रेशुङ्गा भएको भन्ने जनविश्वास रहेको छ । सम्भवत: लिच्छवीकाल देखिनै यो क्षेत्र ऋषिहरुको तपस्याको लागि महत्वपूर्ण केन्द्रको रुपमा थियो । मध्यकाल देखि या तीर्थले जनमानसमा लोकप्रियता पाउन थालेको दृखिन्छ । पछिल्लो समयमा तपोमूर्ति ससीधर स्वामीको तपोभूमि धएको यो ठाँ झन दढी लोकप्रिय हुँदै गयो । ससीधर स्वामी यस क्षेत्रमा वि.स १८६० देखि १९०६ सम्म यस क्षेत्रमा बसेको उल्लेख पाइन्छ । यही नै उनी ब्रम्हालिन भएका थिए । सम्भवत: ससीधरको समयदेखि नै यस ठाउँमा यज्ञशालाहरु, गौशालाहरु निर्माण भैसकेका थिए । ससीधर पछि लक्ष्मीनारायणले यस ठाउँको लोकप्रियता बढाए । उनले पनि यस ठाउँमा लामो समयसम्म बसी तपस्या गरेका थिए । उनी १९१० देखि १९३९ सम्म यस ठाउँमा बसे र यही ब्रम्हलीन भएको जानकारी पाइन्छ । सम्भवत:

लक्ष्मीनारायणको पालामा पनि यज्ञशाला र गौशालाहरु बनीसकेका थिए। हाल रेशुङ्गामा भएका यद्दशाला प्रभु यदुकानन्दले वि.सं. १९८४ तिर निर्माण गरेका हुन् भन्ने कुरा थाहा पाइन्छ।

## मन्दिर तथा क्षेत्रको भौगोलि अवस्थीति

यस मन्दिर गुल्मीको तमघास गाउँपालिका मा अवस्थीत छ। रिडी-तमघास सडक बाट पुग्न सकिने यस धार्मिक क्षेत्र समुद्रि सतह बाट २,३४७ मिटरको उचाईमा रहेको छ।

## यज्ञशालाको कला तथा वास्तकला

एउटा आधारपेटी माथि बनेको यो यज्ञशालाको पहिलो आधारपेटीको नाप १३७५ * १३७५ से.मि. रहेको छ भने यसमाथि बनेको यज्ञशालाको नाप १२०० * १२०० * ६३० से.मि. रहेको छ। यज्ञशालाको प्रवेशद्धार पश्चिमतिरबाट छ। भित्री भागमा ठूलो यज्ञमण्डप छ। यज्ञमण्डपको वरिपरि विभिन्न ठाउँमा शालीग्रामहरु रादिएका छन् र केही कलश र घन्टहरु पनि देख्न सकिन्छ। त्यसमध्य३ एउटा राणकालीन ठूलो घन्ट पनि मण्डपको पूर्व दक्षिण कुनामा राखिएको छ। यज्ञमण्डप वरिपरि प्रदक्षिणापथ छ। गोलाकार स्वरुपमा बनाइएको यज्ञ मण्डप पनि पश्चिमाभिमुख छ। नेपाली शैलीमा बनाइएको या यज्ञशाला तीन छाने छ भने माथिल्लो भागमा धातुको सून मोलम्बा लगाइएको गजूर छ। यज्ञ मण्डपको निर्माणको लागि काठ, इँटा, माटोको प्रयाग छ भने छाना तामाले छाइएको छ। वास्तुशैलीकोहिसावले यो यज्ञ मण्डपलाई नेपालमा भएका यज्ञजण्डप भन्दा फरक र विशिष्ट शैलीको मान्न सकिन्छ। यो मण्डपको वरिपरि विभिन्न संरचनाहरुनिर्माण गरिएका छन्। मण्डपको दक्षिणतिर भैरव मन्दिर छ। यसैको पछिल्तिर रेशुङ्गा संरक्षण समितिको कार्यालय रहेको छ। मण्डपको पश्चिमतिर पूजारी बस्ने घर देखिन्छ। यसको पछाहि हालसालै बनेको धर्मशाला छ। धर्मशाला परम्परागत साम्रगीहरु प्रयोग गरी निर्माण गरिएको छ। मन्दिरको उत्तरतिर टिनले छाएको सानो धर्मशाला छ।

## यज्ञशाला सम्बन्धी धार्मिक क्रियाकलाप

यज्ञशालामा नित्य पूजा र पर्व पूजाहरु संचालन गरिन्छ । नित्य पूजा र पर्व पूजाको साथसाथै प्रत्येक दिन हवन गरिने, गीता पाठ गरिने र सोमबारको दिन रुद्री लगाउने चलन छ। एकादशीका दिन पनि विशेष पूजा संचालन गरिन्छ र पुराण वाचन गर्ने चलन छ।

## यज्ञशाला संरक्षण तथा योजना

रेशुङ्गा संरक्षण समिति मार्फत हुने गरेको यस मन्दिरको संरक्षण भएको देखिन्छ।

## भौतिक अवस्था

यज्ञशालाको भौतिक अवस्था राम्रै रहेको देखिन्छ तर यज्ञमण्डपको प्राङ्गाण भने व्यवस्थित हेको देखिँदैन । पर्यटन विकासको नाममा यज्ञमण्डप वरिपरि नयाँ निर्माण कार्यहरु भैरहेकोले मण्डप क्षेत्र वरिपरिको भौतिक स्वरुप परिवर्तन भैरहेको देखिन्छ।

## २. रुरु क्षेत्र



*Photograph 53 : रुरु क्षेत्रमा रहेको गुफा*

### परिचय

नेपालमा रहेका चारधाम मध्य महत्वका रुपमा रहेको रुरु क्षेत्रलाई रुरुधाम पनि भनिन्छ। यस क्षेत्रमा बैष्णव, शैव, शाक्त हिन्दु धर्मावलम्बीका लागी एक तिर्थका रुपमा प्रसिद्ध छ जस्को महत्व स्वदेश तथा विदेशमा फैलिएको छ।

### भौगोलिक अवस्थीति

गुल्मी जिल्लाको रुरु गाउँपालिकामा अवस्थीत यस धार्मिक क्षेत्र पाल्पा र स्याङजा गरी तिन वटा जिल्लाको संगम स्थलका रुपमा पनि चिनिन्छ। गण्डकी र रिडी नदिको संगम स्थल भएका कारण यस क्षेत्रका धार्मिक तिर्थ स्थल र मन्दिरहरु नदिको किनारमा अवस्थीत छ। वरीपरी घना जंगल, अग्ला पहाड र प्राचिन वस्तीले घेरेको यस क्षेत्र पर्यटनको निकै सम्भावना बोकेको क्षेत्रका रुपमा चिनिन्छ। ऐतिहासिकता वैदिक ग्रन्थ वराहपुराणमा उल्लेख भए अनुसार यस क्षेत्रको ऐतिहासिकता केलाउने हो भने प्राचिनकाल देखिनै यस स्थानको उत्पत्तिका विषयमा वर्णन सुन्नमा पाइन्छ।

यसका साथै रुरुकन्या तथा देवदत्तले तपस्या गरेको स्थल भएका कारण यस क्षेत्रको महिमा अझबढ्दै गएको हो । ऐतिहासिक समयमा प्रदेश ५ मा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको अभिलेखाङ्कन

पाल्पाका सेन राजा मुकुन्दसेन प्रथमले गण्डकीमा नुहाउन जादा फेला पारेको भनिने यस विष्णुप्रतिमालाई मन्दिर बनाई स्थापन गरेका थिए । यस समयलाई आधार मान्नेहो भने यस धार्मिक क्षेत्रको महत्व कम्तिमा पनि ५०० वर्ष पुरानो हुन सक्ने तर्क छ ।

मन्दिर क्षेत्रको वास्तुकला यस क्षेत्रमा अवस्थीत मन्दिर तथा धार्मिक स्थलहरुको संरचनामा विभिन्न शासनकालमा प्रचलित कला तथा वास्तुकलाका नमुना देखन सकिन्छ । राजा मणिमुकुन्दका पालामा चलेका मुगलशैलिका डोम जस्तो देखिने मन्दिरका गजुर, मध्यकालमा प्रचलित काष्ठकलाले भरिएका मन्दिर, पौवा तथा पाटिहरु, कमलपोखरी गुफा, तथा प्रस्थरले बनाएका शिवालय र राणाकालमा चलेको ल्भय(अबिककक्ष्अर्बा ब्चअजष्तभअतगचभ पनि देख्न सकिन्छ ।

## मन्दिर संग सम्बन्धी धार्मिक तथा सांस्कृतिक कृयाकलाप

हिन्दु शास्त्रमा उल्लेख भए अनुसार गण्डकी नदिमा स्नान गरी यस क्षेत्रमा रहेको हृषिकेशव मन्दिर, शिवालय, रुरुकन्या तथा देवदत्तले तपस्या गरेको स्थलको भ्रमण गर्नाले पापबाट मुक्तभई स्वर्गमा वास पाउन सकिन्छ भन्ने जनविश्वासले गर्दा यस क्षेत्रमा स्वदेश तथा विदेशबाट पर्यटक तथा भक्तजनहरु आउने गर्दछन् । यस क्षेत्रमा हरिबोधनी एकादशी, पौषे औंसी, माघे संकान्ति, माघे संकान्ति, ग्रहणस्नान, श्राद्ध, अस्थि प्रक्षेपण, शतबीज, राम नवमी, बैशाख संक्रान्ति, दशहरा,हरिशयनी एकादशी, श्रीकृष्ण जन्माष्टमी र हृषीकेशको रथयात्रा पर्व जस्ता धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सम्पन्न हुने गर्दछन् ।

## ३. सुगन्ध विहार




*Photograph 54 : सुगन्ध विहार*

परिचय

रुरु क्षेत्रमा रहेको यस विहार बौद्ध चैत्यका रुपमा पनि परिचित छ ।

भौगोलिक अवस्थीती

गुल्मीको रुरु क्षेत्र रिडी जारमा मा रहेको यस विहार चारैतिर हरियाली तथा रमणीय वातावरणमा रहेको छ ।

ऐतिहासिकता

यस विहार चैत्यको निर्माण करिब १५० वर्ष अघि भएको हो भन्ने स्थानीयको भनाइ छ । हिन्दु देविदेवताहरुको प्रसस्त मन्दिर भएको यस धार्मिक क्षेत्रमा बौद्ध विहार हुनुमा यस क्षेत्रको महत्व अझ बढेको छ ।

वास्तुकला

प्राचिन समयमा निर्माण भएको यस विहार दुई तल्लाको छ । ईट्टा तथा माटो ले बनेको यस विहारका झ्याल तथा ढोकाहरुमा हरियो रंग लगाइएको छ भने स्थानीय स्व. साहु रघुवीर श्रेष्ठ द्वारा स्थापना गरीएका बुद्ध मूर्ति र हाल थाइल्यण्डबाट ल्याइएको पित्तलको बुद्ध मुर्ति पनि यस विहारमा स्थापना गरीएको छ ।

## विहार सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस विहारमा बैशाख पूर्णिमा का दिन विशेष पूजा तथा मेला लाग्दछ । यसका साथै अन्य बौद्ध धर्म सम्बन्धी चाडहरुमा पनि यहाँ पूजा हुन्छ ।

## विहार व्यवस्थापन

यस विहारको व्यवस्थापनको जिम्म यहाँ संलग्न स्थानीय तथा निकायको छ

## ४. शिव मन्दिर

परिचय

गुल्मी जिल्लामा रहेको यस शिव मन्दिर बुढमथोकी थर भएका स्थानीयका लागी निकै महत्वपूर्ण धार्मिक स्थल रहेको छ ।

भौगोलिक अवस्थीति

जयरखानी को वेलटारीमा रहेको यस शिव मन्दिर रमणीय वातावरण र हरीयाली सेरोफेरोमा अवस्थीत छ ।

एतिहासिकता

स्व. पूर्खा मणिराज बुढाथोकि द्वारा वि.स १८६२ मा स्थापना गरीएको यस शिव मन्दिर यहाँ बसोबास गर्ने स्थानीयको आस्थाको केन्द्र बनेको छ ।

वास्तुकला

यस शिव मन्दिर बर्गाकार पेटि माथी तल्ले शैलिमा निर्माण भएको छ जस्को अन्दाजी लम्बाई ३.२०, चोडाइ ३.२० मिटर र उचाइ ५ मिटर रहेको छ । यस मन्दिरको निर्माण कलात्मक ढुङ्गाको प्रयोग गरी निर्माण गरीएको छ । मन्दिरको दक्षिणमा धातुको बसाह, वि.स १९५२ अंकित घण्ट छ । यहाँ शिव मन्दिर, शिव लिङ्ग, शालिक्राम, धर्मशाला रहेका छन् ।

मन्दिर सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस क्षेत्रमा मन्दिर व्यवस्थापन समिति बाट चुनिएका पुजारी पूजा चलाउने गर्दछन् । यहाँ शिवरात्री, वालाचतुर्दशि र तीजमा ठूलो मेला लाग्दछ ।

मन्दिर व्यवस्थापन तथा संरक्षण

यस मन्दिरको संरक्षणका लागी शिव मन्दिर व्यवस्थापन समिति गठन गरीएको छ । यहाँ दाता मनिराज बुढाथोकीले ७रोपनी जग्गा र ३५ मुरी धान फल्ने खेत गुठिको लागी दिएका छन् ।

# अर्घाखाँचि जिल्लाका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

## १. श्री छत्र (वरुवरेक) महाराज कोट दरबार



*Photograph 55 : छत्र वरुबरेक महाराज कोट दरबार*

परिचय

छत्रगञ्ज देवालय तथा कोट घरका नामले परिचित यस क्षेत्र अर्घाखाँचि जिल्लामा रहेका महत्वपुर्ण सांस्कृतिक सम्पदा मध्य एक हो ।

भौगोलिक अवस्थीति

छत्र (वरुवरेक) महाराज अर्घाखाचि जिल्लाको छत्रगञ्ज गाँउपालिका ४ को उलुक गाँउमा अवस्थित छ । सन्धिखर्क- छत्रगञ्ज सडकबाट कारिब १५-२० मिनेट भर्याङ चडेर पुगिने यस स्थानबाट अर्घाखाँचिको रमणिय दृश्य अवलोकन गर्न सकिन्छ ।

ऐतिहासिकता

उलुकका राजा बखरे वाण बोकेर त्यहाँ पुगेको बेलामा भगवान श्रीकृष्ण सँग भेट भएको र उनको परिक्षा लिदा उनको हारजीतमा असर हुनसक्ने देखेर सुदर्शन चत्रले उनको शीर काटिदिए । राजाको शीर भएकाले त्यसलाई छत्रमहाराज भनि सम्मानजनक पूजा गर्न थालियो । यस जनधारणाको कुनै आधार छैन भने छत्र देवताको उत्पतिको प्रमाण भनघठटे भेटिएको छैन । यस बाहेक स्थानिय जनप्रतिनिधिका अनुसार भने यस दरबार को स्थापना वि.स २००५ देखि २००७ मा राजा चिरञ्जिवीको समयमा निर्माण भएको हुन सक्छ ।

## मन्दिरको वास्तुकला

यस कोट दरबार क्षेत्र भित्र गणेश, पाँचपाण्डव, कोटघर देवालय, सत्तल तथा कुवा रहेका छन् जुन करिब ८ देखि ९ कट्ठामा फैलिएको छ । यस कोट दरबारको वास्तुकला १५औं शताब्दी तिर नेपालको पहाडी क्षेत्रमा पाईने दरबारका वास्तुकला संग मेल खान्छ । मन्दिरमा माटोको भाँडोमा छत्र महराजको शीर छ भन्ने गरिन्छ । यहाँ रहेको मूर्तीको पूजारी बाहेक अरुले दर्शन गर्न मिल्दैन । पूजारीका अनुसार दुवै हातले घोप्टिएको लोटा समाएकी पखेटा भएकी देवीको मूर्ती रहेको छ । मन्दिर प्राङ्गणमा वि.सं. १९६६ मा चढाइएको घण्ट, गणेश मन्दिर, शिव मन्दिर अनी मौलाहरु रहेका छन् । मन्दिर प्राङ्गणलाई ढुङ्गाको पर्खालले घेरिएको छ । मन्दिर क्षेत्र अन्दाजी ४ रोपनी रहेको छ । मन्दिरको लम्बाई २७ फिट भने चौडाई १४ फिट र उचाई १७ फिट रहेको छ । मन्दिरको छाना झिंगटीको र ढलौटको गजूर छ । ढोकामा कर्कट पाताको पाली हालीएको छ भने टुँडालहरुमा कलात्मक बुट्टा कुँदिएका छन् ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक कृयाकलाप

प्रत्यक वर्ष वडादशैंको नवमीको दिन देवता बाहिर ल्याउने बेलामा नेवार समूदायले छाना सफा गर्ने चलन छ । यस ठाँउको पूजा संचालनका लागि १०४ मुरी खेतको व्यवस्था छ जसमा  पूजारी ब्रम्हाण, वलि सहित पूजा गर्ने मगर, बाजा बजाउने नगर्ची लगायतलाई गुठीको जग्गा व्यवस्था गरिएको छ । प्रत्येक आइतबार र पूर्णिमाका दिन शोडषोपचार विधि र तान्त्रिक विधिबाट पूजा हुने गर्दछ । यस मन्दिरमा हाँस। कुखुरा , राँगा, भेडा, परेवा आदिको बलि चढाइन्छ भने बोकाको वलि चढाईदैन । छत्र महाराजलाई दाजु र भगवती गा.वि.स. की भगवतीलाई बहिनी मानेर दुवैको रथ निलेर रथजात्रा गर्ने चलन रहिआएको छ ।

## मन्दिर संरक्षण तथा योजना

यस मन्दिरको व्यवस्थापनको लागि गुठीयाहरुले आवश्यक व्यवस्थापन गर्दछन् । सथै छत्रदेवालय मन्दिर संरक्षण समितिले यस दरबारकोट तथा यहाँ रहेका मन्दिर सम्बन्धी धार्मिक, सांस्कृतिक तथा व्यवस्थापनका कार्यक्रमहरु आयोजना गर्दै आएको छ ।  यस मन्दिर तथा कोट क्षेत्र धार्मिक प्रयोजनको लागि विशेष मानिने गर्दछ ।

## २. सुपादेउरालि मन्दिर क्षेत्र



*Photograph 56 : सुपादेउरालि मन्दिर*

### परिचय

अर्घाखाँचि जिल्लामा अवस्थीत यस सुपादेउरालि मन्दिर देविका मन्दिरका स्पमा चर्चित छ । वरीपरी पहाडको मनोरम हरियाली दृश्य अवलोकन गर्न पाइने भएकाले भक्तजनको घुइचो लाग्ने गर्दछ ।

### भौगोलिक अवस्थीति

संधिखर्क र सितगंगा गाउँपालिकाको सिमानाामा अवस्थीत यस मन्दिर गोरुसिंहे-सन्धिखर्क सडक हुदै पुग्न सकिन्छ । यस मन्दिर समुन्द्रि सतह भन्दा करिब १,५०५ मिटरको उचाईमा रहेको छ । यस क्षेत्रबाट यात्रा गर्ने प्राय सबै भक्तजनहरुले देवि सुपादेउरालीको दर्शन गरी यात्रामा अघि बड्ने गर्दछन् ।

### ऐतिहासिकता

यस मन्दिर क्षेत्रको ऐतिहासिकता बारे दुई भनाईहरु सुन्नमा आएका छन् । ऐतिहासिक समयमा जब छिल्लीकोट राज्य शक्तिशालि अवस्थामा थियो तब हाल भारतमा रहेका बलरामपुरकी राजकुमारी संग यहाँको राजाको विवाह सम्पन्न भयो।ािवहाहको दिन जन्ती नयाँ दुलहि सहित खाँचि दरबार जान यहि

बाटो हिडेका थिए भने राजकुमारी पालकीमा यात्रा गर्दै थिइन । यस क्रममा अजान पालकी बाकेका व्यक्तिहरुले पालकीबाट रगत बगीरहेका देखे । के भयो भनि हेर्दा राजकुमारीले अत्महत्या गरेको देखे पछि, राजा लगायत जन्तीहरु अबके अनिष्ट हुनेहो भन्दै हिडे । नभन्दै खाँचि राज्यमा कहिले आक्रमण हुने, कहिले रोग लाग्ने, कहिले पहिरो जाने त कहिले जंगली जनावारको सिकार भई मारिने डर व्यपक रुपमा बढ्यो । राज्यको यस्तो भयावह स्थीति देखेर राजाले आफ्ना ज्योतिषि संग परामर्श लिदा उनले राजकुमारीको रगत बगेको स्थानमा देउरालि बनाई देविको पूजा गरे यस संकटबाट मुक्त हुने बताए पछि सुपादेउरालि देवि को मन्दिर बनाई पूजा गर्न थालियो । यसरी पूजा गर्ने परम्परा हाल सम्म चलिरहेको छ । यस मन्दिर संग सम्बन्धीत अर्को कथा भने एक लाहुरे संग जोडिएको छ । स्थानीयका भनाई अनुसार एक भारतिय सेनामा अबद्ध लाहुरे लडाइमा जानु अघि देउरालिमा देविलाई भाकल गरी आफु सुरक्षित फर्कन पाए मन्दिरमा सुनको सिक्री चढाई देविको पुजा गर्ने मनोकांक्षा व्यक्त गरे । जब लाहुरे त्यस लडाइबाट बाच्न सफल भयो तर घर फर्कन क्रममा उस्ले देवि संग गरेको भाकलको बेवास्ता गरी लुकेर जान लाग्दा देविको शक्तिले उस्लाई नजिकाके चट्टानमा टाँसि दियो । यस प्रकारको शक्ति भएकी र मनको आकांक्षा पुरा गरीदिने देविका रुपमा यस मन्दिरको स्थापना करीब ५० वर्ष अघि निर्माण गरीएको हो भन्ने मान्यता छ ।

## मन्दिरको वास्तुकला

मध्यकालीन नेपालमा प्रचलीत तल्ले शैलिबाट निर्माण गरीएको यस मन्दिरमा दुई तल्लाको छानो देख्न सकिन्छ । मन्दिरको मुल द्वारमा गर्भगृहमा रहेकी देवि दुर्गाको स्वरुप अकिंत गरीएको छ भने झ्याल तथा टुँडालमा काष्ठकलाका सुन्दर देविदेवताका प्रतिमा देख्न सकिन्छ ।

## मन्दिर संग सम्बन्धीत सांस्कृतिक क्रियाकलाप

यस मन्दिरमा विशेष गरी नवरात्रीमा देविको पुजा गरीन्छ । साथै वैशाख पूर्णिमा, कृष्ण जन्माष्ठमी, बाला चतुर्दशि जस्ता तिथिमा कुल पूजा का साथै अन्य पूजा तथा मेला लाग्ने गर्दछन् । यस मन्दिरमा आई ईच्छाएको वर माग्नाले देविको आशिर्वादले मनोकांक्षा प्राप्त गरीने विश्वास स्थानीयहरुको रहेको छ ।

## मन्दिर व्यवस्थापन

यस मन्दिरको संरक्षण तथा व्यवस्थापनको कार्य सुपादेउराली मन्दिर संरक्षण समितिले गर्दै आएको छ । यस बाहेक स्थानीय गाउँपालिका तथा पर्यटनका लागी कार्य संघसंस्थाले पनि मन्दिर प्रचार प्रसारका कार्य गर्दै आईराखेका छन् ।

## ३. पर्शुरामेश्वर शिवालय



*Photograph 57: पर्शुरामेश्वर मन्दिर*

परिचय

बलकोट पाटीका नामले परिचित यस स्थानमा श्री ३ जंग बहादुर राणाको न्वारन गरीएको थियो भन्ने भनाइ पनि पाइन्छ।यस मन्दिरको निर्माण वि.सं. १९०६ मा कप्तान परशुराम खत्रीले गराएको कुरा मन्दिर अगाडिको घण्टको अभिलेखबाट थाहा हुन्छ। मन्दिर निर्माण गरी आफ्नो नामबाट परशुरामेश्वर महादेवको स्थापना गरेको बुझिन्छ। पाल्पाबाट डोटी डडेल्धुरा जाने पुरानो हुलाकी मार्गमा पर्ने भएकोले पनि पहिले यस मन्दिर र पाटीको अधिक महत्व थियो। यस शिवालयको प्रयोग धार्मिक एवं पाटीहरु यात्रीको बासका लागि धेरै हुने गर्दछ।

मन्दिरको भौगोलिक अवस्थीति

परशुरामेश्वर शिवालय अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका बलकोट गाउँमा अवस्थित छ जसको स्वामित्व सार्वजनिक रहेको छ ।

## मन्दिरको कला तथा वास्तुकला

यस मन्दिरको गर्भगृहमा शिवलिङ्ग रहेको छ । मन्दिर परिसरमा रहेका नन्दी, छत्रचण्डेश्वर र भैरवको मूर्तिहरुको साथै मन्दिरको ढोकामाथिको कीर्तिमुखहरु कलात्मक छन् । त्यसै गरी पाटीको झ्याल, ढोका लगाएत काठका सामाग्रीहरुमा तत्कालिन कष्ठकलाको नमूना देख्न सकिन्छ। ढलौटको ठूलो घण्ट अर्को कलात्मक वस्तु हो। राम्रो गुणस्तरको दचिअप्पा र कलात्मक बुट्टे ईट्टाहरु समेत प्रयोग गरि गारो लगाइएको छ । गुम्बज छाना चुनासुर्की(बज्र) ले बनेको छ । यसलाई पद्यमावली शिवालय भनेर पनि भनिन्छ। ढलौटको त्रिशुल र डमरु सहितकको गजूर रहेको छ। एउटा ठूलो र अन्य २ ससाना गरी ३ वटा पाटीहरु रहेका छन् ।

## मन्दिर सम्बन्धी सांस्कृतिक क्रियाकलाप

पाटीहरु मर्मत सुधार गर्नुपर्ने देखिन्छ भने मन्दिरको अवस्था राम्रो रहेको छ। नित्य एवं पर्व पूजाका लागि पहिलेनै निकै नै गुठी रहेकोमा अब ८० रोपनी मात्र बाँकी छ। यसै जग्गाको आयस्ताबाट स्थानीय ब्राम्हण परिवारले समेत पूजाआजा संचालन गर्दै आएका छन्। हाल पूजा व्यवस्थापन समिति समेत बनेको छ। नित्यपूजा र साँझ आरती पूजारीहरुबाट हुन्छ। श्रावण महिनाभर कृष्णजन्माष्टमी, तीज, शिवरात्री र रामनवमीमा पूजा गरिने गर्दछ। यी पर्व पूजाका समयमा मेला लाग्ने चलन पनि छ।

## मन्दिर संरक्षण तथा योजना

हाल मन्दिर पूजा र व्यवस्थापन समिति गठन भएको छ । त्यही समितिले आवश्यक व्यवस्थापनको काम गर्दछ ।

## ४. अर्घा भगवती मन्दिर



*Photograph 58 : अर्घाभगवती मन्दिर (द्वितिय श्रोत)*

परिचय

अर्घाखाचि जिल्लाको मनोरम पहाडी क्षेत्रमा अवस्थीत यस अर्घा भगवती मन्दिर धार्मिक, संस्कृतिक तथा पुरातात्विक हिसाबले निकै महत्वपूर्ण छ। अर्घाखाँचिको जिल्लाका वासिन्दाले विशेष महत्वका साथ पूज्ने भएकाले पनि यस क्षेत्रमा अर्घा भगवतीको चर्चा सुन्न पाइन्छ।

भौगोलिक अवस्थीति

संधिखर्क देखि करिब ९ किलोमिटर उत्तर मा अवस्थीत यस मन्दिर चारैतिर पाहाड देखिने स्थानमा रहेकवाो छ। संधिखर्क नगरपालीकामा रहेको यस भगवती मन्दिरमा सदरमुकाम बाट सजिलै सडक यात्रा गरी पुग्न सकिन्छ।

ऐतिहासिकता

मन्दिर वरपर रहेको संरचना तथा वास्तुकलाको अध्ययन गर्दा यस मन्दिर करिब १८औं शताब्दीमा बनेको भन्ने अनुमान गर्न सकिन्छ। तर यहाँका स्थानीयको भनाई अनुसार भने नेपालमा बाइसे- चौबिसे राज्य स्थापना गर्दा

देखि अर्घा भगवतीलाई पूजा गरीन्थ्यो । खाँची राज्यका स्थापक जिल्ला राईले सिंहबाहिनी कालि र माहाकालीका दुई वटा मुर्तिहरु ल्याएर यस मन्दिरको निर्माण गरीएको हो भन्ने विश्वास छ ।

## मन्दिरको वास्तुकला

यस मन्दिरको स्थापना गर्दा राखिएको ऐहिासिक देवि प्रतिमा हाल देख्न नसकिएता पनि सिंहको प्रतिमा भने बाँकी छ । यस धार्मिक क्षेत्रमा विशेष गरी दुई वास्तुकला देख्न सकिन्छ एक भगवती मन्दिर तथा ठाँटीघर(पाटी) रहेका छन् । भगवती मन्दिर तल्ले शैलिमा निर्माण भएको छ जस्को दुई तल्ला रहेका छन् । प्रदक्षिण पथ सहितको यस मन्दिरको आकार करिब २२*२२ फिट रहेको छ भने उचाई अन्दाजी २५ फिट रहेको छ । यस मन्दिर को निर्माण ईट्टा,सिमेन्ट तथा ईनामेल जस्ता आधुनिक सामाग्रीले पुन निर्माण गरीएको छ । यस मन्दिरमा २०३४-३५ साल तिर फुसको कर्कटको पाता राखिएको थियो भने ढलौटको सुनौला रंगको गजुर राखिएको छ ।

## मन्दिर सम्बन्धी सांस्कृतिक क्रियाकलाप

यस अर्घा भगवती मन्दिरमा दैनिक पूजा भुषाल वंशका पूजारीले गदै आएका छन् जस्मा साँझ विहान नगारा बजाई देविको पूजा गरीन्छ । विशेष गरी कोजाग्रत पूर्णिमाका बेला जात्रा निकाली भव्य पूजा यस मन्दिरमा गरीन्छ । यसको अवलोकनका लागी कपिलवस्तु, स्पन्देही, गुल्मी, पाल्पा लगाएत मुलुक भरका भक्तजन यहाँ आउने गर्दछन् ।

## मन्दिर व्यवस्थापन

यस भगवती मन्दिरको संरक्षण तथा व्यवस्थापनमा स्थानीय नगरपालीका, पूजारी तथा केन्द्रीय सरकारको सम्लग्नता पाइन्छ । सार्वजनीक स्वामित्वमा रहेका यस मन्दिरलाई स्थानीयले प्राथमीकतामा राखि व्यवस्थापन गर्दै आएका छन् ।

## ५. केरुङ्गा कालिका भगवति मन्दिर



*Photograph 59 : कालिका मन्दिर*

### परिचय

अर्घाखाँचि जिल्लकै महत्वपूर्ण धार्मिक स्थलमा गनीने यस कालिका मन्दिर एक महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वको सम्पदा हो ।

### भौगोलिक अवस्थीति

केरुङ्ग कालिका मन्दिर अर्घाखाँची जिल्लाको क्षत्रदेव गाउँपालिकाको वडा नं. ४, केरुङ्ग टोलमा पर्दछ । यस मन्दिरको कुल क्षेत्रफल लगभग ५ रोपनी रहेको छ ।

### ऐतिहासिकता

यस कालिका मन्दिरको स्थापना बारे किटान गर्ने अभिलेख हाल सम्म प्राप्त नभएता पनि मन्दिर तथा गुठिका कागज पत्रमा विर्ता सम्बन्धी जग्गा तथा वि.स १८८९ लेखिएको लाल मोहर अकिंत भएका कागजातहरु प्राप्त भएका छन् । यसकै आधारमा यस मन्दिर क्षेत्रको स्थापना वि.स १८८९ पौस महिनाको १२ गते तत्कालिन कर्नेल सनक सिंह द्वारा भएको हो भन्ने भनाई स्थानीयमा पाइन्छ ।

### मन्दिर वास्तुकला

नेपालमा प्रचलित तल्ले शैलिमा निर्माण गरिएको यो मन्दिरको लम्बाई लगभग २०० मीटर र चौडाई ७० मीटरको छ । हाल चलनमा रहेको आधुनिक निर्माण समाग्री टाइल, इट्टा, माटो र लक् टाइलबाट यो मन्दिरको पुन निर्माण तथा संरक्षण कार्य भईरहेकको छ ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस मन्दिर विजया दशमी को नव रात्र भरी विशेष पूजा तथा मेला लाग्ने गर्दछ । यस अवसरमा ऐतिहासिक समय देखि चल्दै आएको कालिका नाच, सराहा नाच (खुकुरी नाच) हर्ष र उल्लासका साथ प्रस्तुत गरीन्छ । यस बेला दशैंको नवमी का दिन बलि दिई ध्वजा र कपडाले बनाइएको देवि देवता (मेदा) को पूजा पनि गरीन्छ ।

## मन्दिर व्यवस्थापन तथा योजना

यस मन्दिरको व्यवस्थापनको जिम्मा कालिका मन्दिर गुठि द्वारा गरीदै आएको छ । यस मन्दिरका लागी भनेर छुट्टाइएको गुठिको जग्गा बाट प्राप्त आम्दानी, मन्दिरमा संकलन हुने दान रकम, स्थानीय तथा गाँउपालिका बाट प्राप्त सहयोग र दान बाट मन्दिर पुन निर्माण, संरक्षण तथा व्यवस्थापन कार्य गरीएको छ ।

## ६. बाईस खुट्टे लामपाटी तथा गोपेश्वर मन्दिर



*Photograph 60 : गापेश्वर नजिक २२ खुट्टे पाटी*

परिचय

नेपालको ऐतिहासिक वास्तुकलाको एक नमुनाको रुपमा रहेको यस बाइस खुट्टेलामपाटी सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको स्थान हो । यस क्षेत्रलाई स्थानीयले मथुराबेसी पनि भन्ने गर्दछन् ।

भौगोलिक अवस्थीति

अर्घाखााचि जिल्लाको संधिखर्क नगरपालिका वडा नं ५, मथुराबेसि गाउँमा रहेको यस बाइस खुट्टेपाटी र यसको करिब १०० मिटर माथि गोपेश्वर मन्दिर रहेको छ । यस ऐतिहासिब पाटि करिब ३ रोपनी जग्गामा फैलिएको छ । भने मन्दिर १४ देखि १५ रोपनीमा फैलिएको छ । मन्दिर प्राचिन तम्घास-सन्धिीखर्क सडक संग जोडीएको छ ।

ऐतिहासिकता

राणा परिवारका स्थापक जंग बहादुर राणाको जन्म भएको भनिने यस पाटीको आफ्नै महत्व रहेको छ । यसका साथै महाभारतका पाण्डवहरुले वनवासका बेला यस क्षेत्रमा आई स्थान गरी बास बसेको भनिने विश्वास पनि

रहेको छ। जंग बहादुरको जन्मबारे उपलब्ध जानकारीलाई आधार मान्ने हो भने पनि यस मन्दिर क्षेत्र तथा पाटीको ऐतिहासिकता करिब २०० वर्ष पुरानो रहेको अनुमान गर्न सकिन्छ।

## मन्दिर सम्बन्धी धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

यस धार्मिक क्षेत्र कृष्ण जन्माष्ठमी, शिवरात्री, हनुमान जयन्ती, कार्तिक ऐकादशी, दशैं, दिपावली, बाला चर्तुदशीका दिन विशेष पूजा हुने गर्दछ। यहाँ रहेको बाईस खुट्टे पाटी भने मृत्यू संस्कारका बेला किरीया बस्नका लागी प्रयोग गरीन्थ्यो।

## धार्मिक तथा ऐतिहासिक क्षेत्र संरक्षण तथा योजना

यस धार्मिक क्षेत्रको संरक्ष्मणका लागी गोपेशवर पिथ व्यवस्थापन समितिले कार्य गर्दै आइरहेको छ। तर आर्थिक स्रोतको कमिका कारण तयार पारिएका योजना तथा संरक्षणाका कार्यक्रमहरु अगाडी बढ्न नसकेको अवस्था छ। यस स्थानमा रहेको नेपालकै मौलिक वास्तुकलाका रुपमा रहेको पाटीको पनि संरक्षण गर्नका लागी केन्द्रीय स्तर बाटै कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

## रुकुम पूर्वमा रहेका पुरातात्विक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### १. बराहा मन्दिर



*Photograph 61 : बराह मन्दिर (द्वितिय श्रोत)*

परिचय

रुकुम जिल्लाको बाहुनठाना गाउँपालिका मा अवस्थीत यस बराह मन्दिर सांस्कृतिक एवम् धार्मिक महत्व को क्षेत्रका रुपमा गनिन्छ। यस मन्दिरको स्थापना भएको मिति एकिन नभएता पनि मन्दिर परिसरमा रहेको कल्चु मल्लले चढाएको दमाहामा अङ्कित १८९७ मितिले यस मन्दिर क्षेत्र अझ पूरानो हुन सक्ने बताउँछ।

मन्दिरको कला तथा वास्तुकला

कमल दहको पश्चिम किनारमा अवस्थीत यस मन्दिर चार तर्फ सानो पाटी उठाई, ढुङ्गा तथा माटोका गारो लगाइएको छ। मन्दिरमा काठको सामान्य प्रकारको द्वार रहेको छ भने मनिदरको गर्भगृहमा

बराहको निराकार स्वरुपको प्रस्थर मूर्ति देख्न सकिन्छ । संरक्षणको अभावले गर्दा पूरानो कराहको प्रस्थर मूर्ति हराएको यहाँको स्थानियको भनाई छ । मन्दिरको वर्तमान स्वरुप हेर्दा वास्तुकलाका उद्धारको पर्खाइमा देखिन्छन् ।

मन्दिर संग सम्बन्धीत धार्मिक क्रियाकलाप

यस मन्दिर विशेष गरी धार्मिक क्रियाकलाप, विष्णु तथा बराहको पूजा जस्ता कार्य गरीन्छ
।

मन्दिर संरक्षण तथा योजना

हाल यस मन्दिर सार्वजनि स्वामित्वमा रहेको छ। यस को संरक्षणका लागी मन्दिरमा चढाईएको भेटि संकलन गरी तथा वडा कार्यलयको सहयोगमा विभिन्न विकासका कार्यको थालनि भएको छ।

## २. रुकुमकोट दरबार

परिचय

सिस्ने गाउँपालिकाको वडा नं. ५ मा उपस्थित रुकुमकोट एक सुन्दर र रमणीय स्थान हो जहाँ ऐतिहासिक भौतिक सम्पदा रहेको छ ।

ऐतिहासिकता

यो कोट प्राचीन किल्ला भए पनि लिखित प्रमाणको अभाव रहेकोले मध्यकालीन अस्तित्व पुष्टि गर्ने कलावस्तुहरु भने उपलब्ध गरिएका छन् । सिंजा खस साम्राज्य छिन्नभिन्न भएपछि कर्णाली प्रदेशमा वि.सं. १४६१ तिर बाइसे राज्यहरुको स्थापना भयो । यसै क्रममा बडेराजा मलै बमका माइला छोरा पीताम्बरले रुकुम राज्यको स्थापना गरेका हुन् । रुकुमको मंगोलियन बोक्सेजार राजालाई मारेर राज्य स्थापना गर्ने क्रममा यिनले कर्मने बुढाथोकीको नेतृत्वमा धेरै जनाको सहयोग प्राप्त गरेका थिए । राजा पिताम्बरका केही पुस्तापछिका राजा जयत बमका सात भाइ छोरा र दुइवटी छोरी थिए । आफू नब्बे वर्षको हुँदासम्म राज्य गरेका दारेजैतमले अन्त्यमा आफ्ना सात भाइ छोरालाई अंश लगाई सात थपौलामा रुकुम राज्य बाँडिदिएका थिए ।

भौगोलिक अवस्थीति

काठमाडौँबाट दाङ-साल्यान-सोलाबाङ रुकुम र सोलाबाङबाट ४ घण्टाको जिप यात्रा पछि रुकुमकोट पुगिन्छ । काठमाडौ-मुसिकोट १ घन्टा १५ मिनेट र नेपालगन्ज-मुसिकोट २५ मिनेटको हवाईमार्ग यात्रा र सोलाबाङबाट ४ घण्टाको जिप यात्राबाट रुकुमकोट पुग्निछ । रुकुमको खारा हुँदै मुसिकोट, स्यार्पू ताल, पोखरा हुँदै ट्रेकिङ् गर्दै पनि रुकुमकोट पुग्न सकिन्छ । यसैगरी बागलुङ बुर्तिबाङ्गदेखि पश्चिम जाने मध्यपहाडी लोकमार्गबाट ४ घण्टाको सडक यात्राबाट पनि रुकुमकोट पुगिन्छ । रुकुमकोट क्षेत्रफल लगभग १५

रोपनीको रहेको छ ।

वास्तुकला

पूर्वी रुकुम जिल्लाको सदुरमुकाममा स्थित रुकुमकोटको पुरानो दरबारको इँट्टा र केही अवशेषका रुपमा पर्खाल भेटिन्छ । दरबार नजीकै बोक्से जार राजालाई गाडेको खौलामाथिको ऐतिहासिक ढुङ्गा रहेको छ । यस क्षेत्रलाई पर्खालले घेरिएको र भुईंमा ईंट्टा बिछ्याइएको छ । यस दरबार परिसरको पूर्वतिर रहेको सर्पकोट, नागको मूर्ति रहेको छ । यहि सर्पकोटबाट नै रुकुमकोट भएको भनिन्छ । त्यहाँ भेटिने मध्यकालीन कलावस्तुहरु, पुराना मन्दिरहरु, कमल दहक्षेत्रमा बराहथान, शिवजीको मन्दिर आदि रहेका छन् । मन्दिर भित्र केही हातहतियारहरु अझैसम्म रहेका छन् । मन्दिरहरुका टुडालहरु, घण्ट, दमाहा, गणेशका मूर्ति ऐतिहासिक बस्तुहरु संरक्षणको पर्खाइमा रहेका छन् ।

धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

खुडाँ, तरवार, ढाल, खड्ग, किज आदि हातहतियारहरु भगवती तथा खड्ग महाराजको प्रतीकको रुपमा राखिएका छन् । यसको नजिकै रहेको वराहथान पनि यहाँको पुरास्थल हो । पश्चिम नेपालमा वराह तथा मष्टा देवताको लोकप्रियता रहेको हुनाले यस्ता थानहरुले यस क्षेत्रको ऐतिहासिकता पुष्टि गर्न सहयोग पुराएका छन् ।

## संरक्षण तथा योजना

रुकुमकोट क्षेत्रको संरक्षण र विकासमा सिस्ने गाउँपालिकाले पहल गरिरहेको अवस्था छ। राजालाई मारेको भन्ने स्थानको संरक्षणलाई घेराबार, नागको मूर्ति निर्माण र पाञ्चायन मन्दिर निर्माण गरिएको छ। रुकुमकोटलाई निर्माणाधिन पुष्पलाल पहाडी लोकमार्गले यातायातमा सहज बनाएको छ । रुकुमकोटमा होमस्टे अथवा लजहरुको व्यवस्था भएकोले पर्यटन व्यवसाय सञ्चालनमा सहजता भएको छ । रुकुमकोटसँगै नजिकै रहेको कमलदहको व्यवस्थापन शहरी विकास तथा डिभिजन कार्यालयले दह क्षेत्रमा प्रतिक्षालय र टिकट घर लगायतका संरचनाहरु निर्माण गरेको छ। प्रदेश नं. ५ सरकार र सिस्ने गाउँपालिकाको संयुक्त पहलमा रुकुमकोट क्षेत्रमा खानेपानी लिफ्ट योजना निर्माणको चरणमा रहेको छ ।

## पुरातात्विक, ऐतिहासिक तथा धार्मिक अध्ययन गरीएका क्षेत्रमा देखिएका चुनौतिहरु

यस प्रदेश ५ मा रहेका बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देहि, परासी, पाल्पा, गुल्मी, रोल्पा जिल्लहरुमा गरीएको पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा क्षेत्रको अध्ययनमा सम्पदा क्षेत्रले भोग्न परेका चुनौतिहरु निम्न प्रकारका छन् ;

- स्थानीय निकायमा सम्पदा क्षेत्र संग सम्बन्धीत ऐनको ज्ञान नहुनाले पुरातात्विक स्थलमा भ्यूटावर, प्लास्टर गरीएको पार्क, अधुनिक भवन तथा संरचनाको निर्माण भईरहेको छ ।
- पुरातात्विक स्थलमा पर्यटकको संख्या बढाउनु मात्र मुख्य विषय नभई, भावि पुस्ताले पनि देख्न पाउन् भनेर संरक्षण कार्य गर्न जरुरी छ ।
- मन्दिर, मस्जिद तथा दर्गा जस्ता संरचना आधुनिक सामाग्री प्रयाग गर्नु भन्दा ऐतिहासिक वास्तुकलामा केन्द्रित रहि पुन निर्माण गर्न जरुरी छ ।
- सम्पदा क्षेत्रमा भएको गुठीको जग्गा अतिक्रमण हुदै गएको कुरामा ध्यान दिई अवश्यक कानुनी कारवाहि गर्न जरुरी छ ।
- सम्पदा क्षेत्रको ईतिहास तथा महत्व सम्बन्धी अध्ययन र जानकारी को स्थानीयमा कमि देखिन्छ ।
- प्राकृतिक प्रकोप र खोलाको बहावले सम्पदा क्षेत्र काट्दै गएको देखिन्छ ।
- गाड्धन खोज्ने क्रममा सम्पदा क्षेत्रमा धेरै क्षति भएको देखिन्छ ।
- प्रचिन दरबार जस्तो देखिने संरचनाहरुमा कतिपय स्थानमा देवताका नाम लेखिएको छ ।
- सम्पदा क्षेत्र वरपर मापदण्ड विपरितका निर्माण कार्य गरिएको छ ।
- सोनवा गढ र वञ्जराही जस्ता खोलाका किनारमा रहेका सम्पदा क्षेत्र समयमा संरक्षण गर्न नसके एक दिन सम्पदा स्थलनै नरहने सम्भावना पनि देखिएको छ ।
- अध्ययन गरीएका प्राय सम्पदा क्षेत्रमा नियमित सरसफाइको कमि देखिन्छ ।
- स्थानीय बासिन्दामा संरक्षण सम्बन्धि जानकारी तथा चासो नभएको कारण सम्पदा क्षेत्र ओझेलमा परेको देखिन्छ ।
- सैनामैना सम्पदा क्षेत्रमा मुर्ति तथा अभिलेखहरु असुरक्षित स्थानमा राखिएकाले हराउने समस्या देखिन्छ ।

## प्रदेशमा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको सम्भावना

यस प्रदेश ५ मा रहेका बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देहि, कपिलवस्तु, परासी, पाल्पा, गुल्मी, रोल्पा, पूर्वि रुकुम, प्यूठान, अर्घाखाँचिमा रहेको पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको सम्भावना निम्न प्रकारका छन्;

- स्पन्देहि, परासी तथा कपिलवस्तुमा रहेका सोनवागण, मादरथान, हर्देवा, लम्तियाकोट, वञ्जराहि, शिवपुर गढी, सैनामैना जस्ता क्षेत्रमा पुरातात्विक अनुशन्धान गरी नेपालकै महत्वपूर्ण पुरातात्विक क्षेत्रका रुपमा विकास गर्न सकिन्छ।

- पाल्पामा रहेको रानीमहल, अमरनारायण मन्दिर भित्र पर्यटकका लागी अकर्षणका क्रियाकलाप विकास गर्न जरुरी छ।

- सम्पदा स्थल वरीपरी खोला, ताल रहेकाले यस स्थललाई पर्यटन गन्तव्यका स्पमा विकास गर्न सकिन्छ ा

- स्थानीय गाउँहरुमा होमस्टे विकास गर्न सके रोजगारको अवसर मिल्न सक्ने देखिन्छ।

- सम्पदा क्षेत्रहरुमा पुरातात्विक अध्ययन ९भ्हअबखबतष्यल बलम न्भय उजथकष्अक कगचखभथ० को निकै सम्भावना देखिन्छ।

- सम्पदा क्षेत्र किटान गरी सम्पदा क्षेत्र घोषणा गर्ने सम्भावना १२ वटै जिल्लाहरुमा देखिन्छ।

- सांस्कृतिक सम्पदा पर्यटनको विकास गरी स्थानीयको आर्थिक स्तरको विकास गर्न सकिने सम्भावना देखिन्छ।

- स्थानीय बासिन्दालाई सम्पदासंग जोडने कार्यक्रहरु ल्याउने।

- डिजिटल मिडियाको प्रयोग गरी उत्खनन् तथा अनुशन्धान बाट प्राप्त जानकारी र तथ्याङ्को डिजिटल सूचना केन्द्र बनाउने।

- श्री गोरक्षनाथ मठ तथा अन्य सम्पदा क्षेत्रमा रहेका अभिलेख, ग्रन्थ तथा वंशावलीलाई डिजिटल रुपमा ल्याई डिजिटल पुस्तकालयका रुपामा विकास गर्न सकिन्छ।

- सम्पदा क्षेत्र किटान गरी अतिक्रमण बाट जोगाउन सकिन्छ।

- सम्पदा क्षेत्र वरपर पर्यटकका लागी आवश्यक आधारभूत सुविधा प्रदान गर्न सकिन्छ।

- सम्पदा क्षेत्र भित्र पर्न गएका खेति योग्य जमिन र बस्तिका  बासिन्दाहरुलाई प्रत्येक्ष लाभ हुने रोजगारका उपायहरु तथा स्रोत सृजना गर्न सकिन्छ ।

- स्थानीयहरु लाई संरक्षण तथा अनुशन्धान समितिमा संलग्न गराई सम्पदा क्षेत्र संग भावनात्मक सम्बन्धको विकास गर्न सकिने देखिन्छ ।

- विद्याथीहरु लाई लक्षित गरी सम्पदा क्षेत्र प्रति जिमोवार बनाउन समय समयमा जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक क्षेत्रको अवलोकन कार्यक्रम आयोजना गर्न सकिन्छ ।

- सम्पदा क्षेत्र संग जोडीएका कथा, लघुकथा तथा राजा माहाराजा संग जोडीएका पराक्रमका गाथाहरुलाई वृत्तचित्र, एनिमेशन चलचित्र तथा ऐतिहासिक चलचित्रका रुपमा विकास गरी स्वदेश र विदेशमा प्रचार गर्न सकिन्छ ।

- विद्याथी तथा वालवालीकाहरु मभm स्थानीय, संस्कृति, परम्परा, ईतिहास तथा सम्पदा क्षेत्र सम्बन्धी जनकारी प्रदान गर्न काटुन र एनिमेसन चलचित्रको निर्माण गरी ज्ञान तथा जिज्ञासा जगाउन सकिन्छ

।

- पुरातात्विक तथा ऐतिहासिक सम्पदा क्षेत्रमा आधुनिक संरचनाको निर्माणलाई नियन्त्रण गर्न सके सम्पदा धेरै समय सम्म रहन सक्छ ।

- पाल्पा, अर्घाखाँचि, पूर्वि रुकुम, रोल्पा, प्यूठान राज्यको ईतिहासबारे अझै गहिरो पुरातात्विक अध्ययन गर्न सके नेपालको ऐतिहासिकता लाई फेरी उजागर गर्न सकिन्छ ।

- डिजिटल मिडियाको प्रयोग गरी सम्पदा क्षेत्र सम्बन्धी अनलाईन त्रगष्श गरी थप जानकारी दिन सकिन्छ

।

- सम्पदा क्षेत्रको जानकारी संगलन गरी आवश्यक उत्खन्न् तथा अध्ययनका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थालाई अध्ययनको जगका रुपमा कार्य गर्न सकिन्छ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रि साहित्यकारहरु माझ ऐतिहासिक साहित्य लेखनमा जानकारी प्रदान गर्न सकिन्छ ।

- अभिलेखाङ्कन गरीएको सम्पदा क्षेत्रबारे विस्तृत अध्ययन गरी भूतकालमा संचालनमा रहेको अवस्थामा सम्पदा क्षेत्रको वास्तुकला, सेरोफेरो र समाज बारे आधुनिक माध्यम प्रयोग गरी खष्कगबष्शिबतष्यल गर्न सकिन्छ । यसरी तयार गरीएका] visualization डाटा भावि पुस्ताहरुले सम्पदा क्षेत्रको पुन निर्माणमा प्रयोग गर्न सक्छन् ।

## प्रदेश ५ मा अध्ययन गरीएका सम्पदा क्षेत्रमा तत्काल गर्न सकिने कार्यहरु

| क्र.स | पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा | सम्भावित कार्यक्रमहरु |
|---|---|---|
| १ | केरुङ्गा कालिक मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| २ | श्री छत्र (वरुवरेक) महाराज कोट दरबार | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३ | सुपादेउरालि मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ४ | बाईस खुट्टे लाम्पाटी तथा गोपेश्वर धार्मिक क्षेत्र | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, मर्मत तथा संरक्षण |
| ५ | अर्घा भगवती | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, मर्मत तथा संरक्षण |
| ६ | परशुरामेश्वर शिवालय | पर्यटन विकासका लागी प्रचार |
| ७ | बौद्ध विहार वैजनाथ | व्यवस्थापन निति तथा कार्यक्रम |
| ८ | छोटी मस्जिद | प्रचार प्रसार तथा विकास |
| ९ | हजरत् बाबा कम्मल शाह धार्मिक क्षेत्र | सांस्कृतिक पर्यटन गन्तव्यका रुपमा विकास |
| १० | बागेश्वरी मन्दिर | सांस्कृतिक पर्यटनको गन्तव्यका रुपमा प्रचार प्रसार |
| ११ | भुवंरभवानी देवि मन्दिर | सांस्कृतिक पर्यटनको पूर्वाधारको विकास |

| | | |
|---|---|---|
| १२ | ओम केदारेश्वर धाम | सांस्कृतिक पर्यटनको गन्तव्यका रुपमा प्रचार प्रसार |
| १३ | कोटही देवि मन्दिर | सांस्कृतिक पर्यटनको गन्तव्यका रुपमा प्रचार प्रसार |
| १४ | बङ्गलामुखि मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| १५ | ठाकुरद्वार धार्मिक क्षेत्र | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| १६ | सदाशिव मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, मर्मत तथा संरक्षण |
| १७ | श्री गोरक्षा पात्रदेवता सिद्धरत्ननाथ मठ | डिजिटल माध्यमबाट पुस्तकालयको संरक्षण र विकास |
| १८ | छिल्लीकोट | सांस्कृतिक पर्यटन गन्तव्यका<br>रुपमा विकास तथा<br>ऐतिहासिक एवमं पुरातात्विक अध्ययन |
| १९ | थारुराजा दङ्गी शरणको दरबार, | पुरातात्विक अध्ययन तथा अधुनिक संरचनाबाट सम्पदा<br>क्षेत्र संरक्षण |
| २० | पाण्डवेश्वर महादेव | सांस्कृतिक, पुरातात्विक अध्ययन तथा प्रचारप्रसार |
| २१ | अम्बिकेश्वरी | सांस्कृतिक, पुरातात्विक अध्ययन तथा प्रचारप्रसार |
| २२ | रामजानकी मन्दिर | सम्पदा क्षेत्र प्रचार प्रसार,<br>संरक्षण तथा पुरातात्विक अध्ययन |

| | | |
|---|---|---|
| २३ | बगारबाबा धार्मिक क्षेत्र | सम्पदा क्षेत्र प्रचार प्रसार,<br><br>संरक्षण तथा पुरातात्विक अध्ययन |
| २४ | बराह मन्दिर | सम्पदा क्षेत्र प्रचार प्रसार,<br><br>संरक्षण तथा पुरातात्विक अध्ययन |
| २५ | माई भगवती मन्दिर सिस्ने | सम्पदा क्षेत्र प्रचार प्रसार,<br><br>संरक्षण तथा पुरातात्विक अध्ययन |
| २६ | विर्गुम सामुदायिक गुम्बा | सम्पदा क्षेत्र प्रचार प्रसार |
| २७ | देवरकाजी मन्दिर | सम्पदा क्षेत्र प्रचार प्रसार,<br><br>संरक्षण तथा पुरातात्विक अध्ययन |
| २८ | रुकुमकोट | सम्पदा क्षेत्र प्रचार प्रसार, संरक्षण तथा पुरातात्विक अध्ययन र पर्यटन गन्तव्यका<br><br>रुपमा विकास |
| २९ | रुपाकोट | सम्पदा क्षेत्र प्रचार प्रसार,<br><br>संरक्षण तथा पुरातात्विक अध्ययन |
| ३० | शुगनध विहार | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३१ | रेशुङ्गा यज्ञशाला | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, सम्पदा क्षेत्र प्रचार प्रसार |
| ३२ | शिव मन्दिर वेलटारी | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, सम्पदा क्षेत्र प्रचार प्रसार |
| ३३ | खङ्गकोट | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, सम्पदा क्षेत्र प्रचार प्रसार |

| | | |
|---|---|---|
| ३४ | रुरु धार्मिक क्षेत्र | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, सम्पदा क्षेत्र प्रचार प्रसार |
| ३५ | सोनवा गढी | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३६ | विकुलिको पुरातात्विक ढिस्को | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३७ | सिसनिया कोट | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३८ | हरदेवा पुरातात्विक क्षेत्र | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ३९ | लम्तिया कोट | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ४० | मदारबाबा | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |
| ४१ | शिवपुर गढी | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |
| ४२ | पण्डितपुर पुरातात्विक स्थल | सम्पदा क्षेत्र संरक्षण,<br><br>सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ४३ | वर्दगोरिया प्राचिन स्थल | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |
| ४४ | कन्यामाई | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |

| | | |
|---|---|---|
| ४५ | बैरीमाइ | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |
| ४६ | रम्भा देवि मन्दिर | सम्पदा क्षेत्र संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन, प्रचारप्रसार |
| ४७ | रानीमहल | सम्पदा क्षेत्रभित्र अवलोकनका लागी अवश्यक कलावस्तु<br>राखि संग्रहालय वा |
| ४८ | अमरनारायण मन्दिर | अतिक्रमण बाट संरक्षण तथा<br>व्यवस्थापन |
| ४८ | भैरवस्थान मन्दिर | सास्कृतिक तथा पुरातात्विक अध्ययन र प्रचारप्रसार |
| ५० | हृषिकेशव मन्दिर | प्रचार प्रसार, सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ५१ | तुसारा कोट | संरक्ष्ण, विकास तथा सांस्कृतिक पुरातात्विक अध्ययन |
| ५२ | स्वर्गद्वारी धार्मिक क्षेत्र | संरक्षण, प्रचारप्रसार |
| ५३ | उदयपुरकोट | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ५४ | भित्रीकोट | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |

| | | |
|---|---|---|
| ५५ | भिमसेन मन्दिर | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |
| ५६ | सारीकोट | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |
| ५७ | बागदुला गुफागैरा धार्मिक तथा पर्यटकीय क्षेत्र | सांस्कृतिक तथा पुरातात्विक अध्ययन तथा पर्यटन विकास |
| ५८ | रानी कुवा (रानी पौवागढी) | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ५९ | त्रिपुरेश्वरी देवि मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ६० | पाटेश्वरी मन्दिर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ६१ | बराह क्षेत्र बडा चौर | सांस्कृतिक तथा पुरातात्विक अध्ययन, पर्यटन विकास |
| ६२ | गजुलकोट | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |
| ६३ | पारीङ्गमारीङ्ग | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |
| ६४ | रुन्टी स्वर्गद्वारी महाप्रभु जन्मस्थल | संरक्षण, सांस्कृतिक, पुरातात्विक अध्ययन तथा पर्यटन विकास |

| | | |
|---|---|---|
| ६५ | मणिमुकुन्द सेन दरबार | संरक्षण तथा दरबार वास्तुकला बारे अध्ययन |
| ६७ | बञ्जराहि पुरातात्विक स्थल | संरक्षण तथा पुरातात्विक अध्ययन |
| ६८ | सैनामैना | संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ६९ | कमावर्ति माइ | संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन |
| ७० | मदारथान | संरक्षण, सांस्कृतिक तथा पुरातात्विक अध्ययन |

## निष्कर्ष

प्रदेश ५मा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाको अभिलेखाङ्कन गर्ने कार्यको स्थलगत अध्ययनका लागी जाने क्रममा माथि उल्लेख गरीएका सम्पदा स्थलहरु मध्य बाँके र बर्दिया जिल्लामा विस्तृत रुपमा अध्ययन गरीएको छ भने दाँङ्ग जिल्लमा संक्षिप्त र बाँकि रोल्पा, पूर्वि रुकुम, पाल्पा, प्यूठान, गुल्मी तथा अर्घाखाँचिका सम्पदा स्थलमा भने पुरातत्व विभाग द्वारा प्रकाशित प्रतिवेदन लाई आधार मानि तथ्याङ्क संकलन गरीएको छ । यसरी तथ्याङ्क संकलन गर्ने क्रममा ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरुमा भईरहेका र पहिले भएका विभिन्न विकास निर्माण कार्यहरुका बारेमा पनि जानकारी प्राप्त भएको छ । यस जानकारी बाट नेपालमा सांस्कृतिक सम्पदाको संरक्षणका लागी राज्यले गरीरहेको निरन्तर प्रयासको बारेमा अड्कल गर्न सकिन्छ ।

स्थलगत अध्ययनका लागी तय गरीएका बाँके जिल्लाको बैजनाथ गाँउपालिका मा अवस्थीत बौद्ध विहार भने ऐतिहासिक रुपमा भन्दा धार्मिक महत्वको क्षेत्र रहेको देखिएको छ । साथै बर्दिया जिल्ला, बाँसगढीमा रहेको ओमकोदारेश्वर धाम पनि धैरै प्रचिन नरहेको तर यहा स्थापना गरीएको १०८ फिट अग्लो शिवलिङ्ग भने पर्यटकीय हिसाबले आकर्षणको केन्द्र रहेको देख्न सकिन्छ । यसै गरी बर्दिया जिल्लामा रहेका ठाकुर द्वार मन्दिर, सदाशिव, कोटही देवि, बङ्गलामुखि र बाँके जिल्लमा रहेका बागेश्वरी, भुँवर भवानी, छोटी मस्जिद, हजरत् बाबा कम्मल शाह जस्ता धार्मिक क्षेत्र पुरातात्विक हिसाबले निकै महत्वपूर्ण देखिन्छन् । यहाँ उल्लेख सांस्कृतिक सम्पदा क्षेत्रका संचालक समिति तथा पुजारीहरु बाट प्राप्त जानकारी अनुसार यि सम्पदाहरु करिब १००-२०० वर्ष भन्दा पहिले देखि अस्तित्वमा रहेको निष्कर्ष सजिलै निकाल्न सकिन्छ ।

प्रदेश ५ का स्थानीयका लागी सांस्कृतिको धरोहर र आस्थाको केन्द्रको रुपमा रहेका यस प्रकारका सम्पदाहारुमा हाल आधुनिकरुपले पुन निर्माण भएको देख्न सकिन्छ । यककार्यले गर्दा प्राचिन समयमा रहेको यसता सांस्कृतिक सम्पदाका कला तथा वास्तुकला भने हाल देख्न सकिन्न, जुन एक प्रकारको दुर्भाग्य पनि हो ।

निष्कर्षमा भन्ने हो भने माथि उल्लेख गरीएका सांस्कृतिक सम्पदा केवल प्रचारप्रसारका कमिले ओझलमा परेका देखिन्छन् । आधुनिकिकरण ले गर्दा यिनको प्राचिन कला देख्न नसकिने भएता पनि भौगोलिक रुपमा रमणिय स्थानमा रहेका यस प्रकारका सम्पदाहरुलाई प्रदेश तथा राष्ट्रिय स्तर बाट सांस्कृतिक पर्यटनका प्याकेजहरु निर्माण गरी भ्रमणका लागी स्वदेशी तथा विदेशी पर्यटन विकास गर्न सकिन्छ ।

## परिशिष्ट

### प्रदेश ५ का अन्य पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाका सम्भावना भएका क्षेत्र

| जिल्ला | धार्मिक, ऐतिहासिक तथा पुरातात्विक क्षेत्र |
|---|---|
| **नवलपरासी सुस्ता पश्चिम** | १. महल पोखरी<br>२. ऐतिहासिक देवदह तारागाउँली<br>३. शिव मन्दिर<br>४. जालिम शाह मजार<br>५. थाडी घाट<br>६. छेचिङ सामुदायिम निङमा गुम्बा<br>७. म्नकामना मन्दिर<br>८. पह्ली देवि मन्दिर<br>९. केवलानी देवि मन्दिर<br>१०. भत्तेश्वर<br>११. लक्ष्मी नारायण मन्दिर<br>१२. लक्ष्मी बैङ्कटेशवरी मन्दिर |
| **रुपन्देहि** | १. मनौरी अमारी<br>२. काली दह भवानी<br>३. अजय रामजानकी मन्दिर<br>४. चञ्चाई माई<br>५. मन्ठारी बाबा<br>६. कालिमाई विष्णुपुर<br>७. डोलाई शिव मन्दिर |

| | |
|---|---|
| | ८. कोटीमाई सूर्यपुर<br>९. शिव मन्दिर चिपागढ<br>१०. गणेश मन्दिर चिपागाढ<br>११. नारायाण मन्दिर<br>१२. सिद्धबाबा<br>१३. जलविनायक<br>१४. नरेश्वर महादेव<br>१५. जितगढी<br>१६. नरैनापुर धाम<br>१७. भुत कुवा<br>१८. ज्यातिरलिङ्ग शिवलिङ्ग<br>१९. पैसिया<br>२०. निप्पनीया<br>२१. पिप्रहवा<br>२२. परोहा<br>२३. प्रकटेशवर महादेव<br>२४. पर्रोहा शिवालय क्षेत्र<br>२५. लक्ष्मीपुर<br>२६. रंगामहल<br>२७. निलकण्ठ बाबा धाम<br>२८. श्वामीनारायाण मुत्तिनाथा धाम<br>२९. भैरवनाथ कोटही डाँडा<br>३०. बसडीलिया शिवालय धाम |

| | |
|---|---|
| | ३१. कालिका मन्दिर<br>३२. समाईमाई मन्दिर<br>३३. दुर्गा मन्दिर<br>३४. पशुपति मन्दिर<br>३५. श्वर्गद्वारीघाट र धर्मशाला<br>३६. कायर डाँडा<br>३७. केर्वानी देवदह<br>३८. ढलकढही<br>३९. कोठवा<br>४०. मुक्तिनाथ बराह मन्दिर<br>४१. अमाहवा<br>४२. हनुमान मन्दिर<br>४३. मेउदीहवा<br>४४. गैडहवा<br>४५. सहश्रधारा<br>४६. दुर्गा भवानी मन्दिर |
| **कपिलवस्तु** | १. तोलेश्वर मन्दिर<br>२. शिवगढी<br>३. खुसहरीया<br>४. बेडामउ<br>५. पर्शुरामपुर |

| | |
|---|---|
| | ६. अमौलि<br>७. खोपवा<br>८. सगरहवा<br>९. श्रिनगर<br>१०. बेलहोवा<br>११. कोठीकोट<br>१२. जिहादी<br>१३. अरौराकोट<br>१४. चेत्रादेहि<br>१५. लौहासोडीया<br>१६. रिहारा<br>१७. औराहि<br>१८. रामघाट<br>१९. देरावा<br>२०. पट्कहवा<br>२१. अम्नाधबाग<br>२२. मुर्चमाइ<br>२३. चन्द्रघण्टा दुर्गा मन्दिर<br>२४. मैनिहवा<br>२५. बर्दहवा<br>२६. सेमरहवा<br>२७. दङ्गी<br>२८. शंघखोर |

| | |
|---|---|
| | २९. भवानीकोट<br>३०. बोदुहवा<br>३१. विजुहवा<br>३२. मनखरीया<br>३३. बिमियाकोट<br>३४. मुधुफुटुवा<br>३५. धर्मपानिया<br>३६. कैलाश आश्रम<br>३७. दुईमुनिया<br>३८. सहसपटारीया<br>३९. बालाकुण्ठ बराजु<br>४०. खुरुरीया<br>४१. बेडामजु<br>४२. पट्वा |
| **पाल्पा जिल्ला** | १. मणिमुकुन्देश्वर<br>२. पाण्डव्य ऋषि मन्दिर<br>३. आनन्द विहार<br>४. महाचैत्य विहार<br>५. तक्सार गणेश मन्दिर<br>६. श्रिनगर गणेश मन्दिर<br>७. सिद्ध गुफा |

| | |
|---|---|
| | ८. सत्यश्वर महादेव स्थल<br>९. भिमसन स्थल<br>१०. मणिमुकुन्देश्वर स्थल<br>११. अर्घालि दरबार<br>१२. काठैगढी<br>१३. गाईघाट<br>१४. रिडीघाट<br>१५. बकुमगढी<br>१६. पुरानाकोट<br>१७. रिब्दीकोट<br>१८. बुद्धेश्वर शिवालय धाम<br>१९. दुर्गा मन्दिर<br>२०. कालिका शान्ति धाम<br>२१. नुरुल्होदा मदारशा<br>२२. ब्रम्ह देव मन्दिर<br>२३. शिवालय छिदिपानी<br>२४. चेदीया भगवती मन्दिर<br>२५. जलेश्वर<br>२६. नवदुर्गा मन्दिर |
| **अर्घाखाँचि** | १. मालिका भगवती मन्दिर |

| | |
|---|---|
| | २. शिव मन्दिर<br>३. सिद्धेश्वर शिवालय<br>४. हुसैनि इमाम बाबा |
| **गुल्मी** | १. शिवालय दरबार<br>२. छत्रमन्दिर हर्दिनेता<br>३. गणेश भैरव मन्दिर रुरु<br>४. शिव मन्दिर बामि टक्सार<br>५. त्रिपुरा सुन्दरी<br>६. रुद्र बनि<br>७. गभिरमुत्तेश्वर मन्दिर |
| **रुकुम पुर्व** | १. मञ्जुश्री र ताराको प्रतिमा<br>२. भवानी मन्दिर<br>३. चन्दननाथ<br>४. पाञ्चायन देवता मन्दिर<br>५. विष्णु, शत्ति, भैरव, अर्धनारेश्वर, वसुन्धरा देवि प्रतिमा<br>६. भद्रकालि मन्दिर<br>७. विजयश्वरी मन्दिर<br>८. बर्मा मन्दिर |
| **रोल्पा** | १. कालिका बराह<br>२. जलजला |

| | |
|---|---|
| | ३. शिवालय<br>४. देवि र खड्ग मन्दिर<br>५. बाम ओडार<br>६. गढि लेख<br>७. झाँक्रीस्थान<br>८. कोटमौला<br>९. दुर्गा भवानी मन्दिर<br>१०. पाटेश्वरी मन्दिर |
| **प्यूठान** | १. स्वर्गद्वारी आश्रम<br>२. भिङ्गी मन्दिर<br>३. खड्ग र सिद्ध देव मन्दिर<br>४. दछ क्वाडी मन्दि।<br>५. शिवालय विजयनगर<br>६. श्रि सिद्ध संसारनाथ राज गुरु मन्दिर<br>७. भूमे थान<br>८. भजानीश्वर मन्दिर<br>९. सरस्वती मन्दिर<br>१०. गौमुखि<br>११. ऐरावती |

| | |
|---|---|
| **दाङ** | १. पिपरी शिवालय<br>२. सवारीकोट<br>३. छिल्लीकोट गुफा<br>४. देविकोट<br>५. नामिसौरी मन्दिर<br>६. शिव मन्दिर र गुफा<br>७. सुईकोट |
| **बाँके** | १. मलङसा बाब मजार<br>२. बर्फेनि बाबा<br>३. गोवदर्धन बाबा<br>४. शिवसंकर पार्वती मन्दिर<br>५. सत्यराम तापसी बाबा मन्दिर<br>६. आमजादी मस्जिद<br>७. भद्रकाली भगवती मन्दिर<br>८. गंगाधाम विश्व शिव मन्दिर<br>९. हडिया बाबा धाम |

| | |
|---|---|
| **बर्दिया** | १. गणेश बाबा मन्दिर<br>२. बड्की भवानी मन्दिर<br>३. ठाकूरद्वारा नृत्य घर<br>४. शिव मन्दिर जोगी कुटी<br>५. रामेश्वर शिव मन्दिर |

## प्रदेश ५ का अध्ययन गरीएका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक सम्पदा क्षेत्रका नक्साहरु

## स्थलगत अध्ययनमा संकलन गरीएका चेकलिष्टहरु

आज मिति २०७६।१२।२८ बुधवारका दिन बाँके जिल्ला समन्वयकार्यलयका प्रमुख अजय कुमार श्रीवास्तव ज्यूको उपस्थितिमा प्रदेश नं ५ मा रहेका पुरातात्वीक, ऐतिहासिक, तथा धार्मीक सम्पदाको अभिलेखाङ्कन कार्यको लागी स्थलगत अध्ययनका लागी प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरीएको सम्पदा क्षेत्रलाई ~~अध्ययन~~ स्थलगत अध्ययन क्षेत्र~~का~~ रुपमा अध्ययन गरीने निर्णय गरीएको छ।

छल फलमा उपस्थीत

अजय कुमार श्रीवास्तव ज्यू


अञ्जना तिमल्सिना

पोषण शाहि

अनुमा शिरुशाकार

बैजन लाल गुप्ता

- अध्ययनको लागी छुट्याईका क्षेत्र।
- बौद्ध विहार बैजनाथ जैसापुर छोटी मस्जीत, कम्मर शाह धार्मिक क्षेत्र, बागेस्वरी मन्दिर, मुंगुर भवानी मन्दिर, इडिया बाबा कुटी



आज मिती २०७६/०३/१८ गते पाल्पा जिल्ला समन्वय कार्यालय का पदाधिकारी सँग बसेको छलफलमा पाल्पा जिल्लामा रहेका ऐतिहासिक पुरातात्विक तथा धार्मिक क्षेत्रको बारेमा छलफल गरी निम्न पाँच पुरातात्विक ऐतिहासिक तथा धार्मिक क्षेत्रको अध्ययन गर्ने निर्णय गरियो बारेमा जानकारी गरियो।

अध्ययनमा उपस्थीत पदाधिकारीहरु

मिरा मरासिनी

लेख नाथ ज्ञवाली

अध्ययन गरिने क्षेत्र

१) रम्भा देव मन्दिर
२) ऋषिकेशव मन्दिर
३) रानी महल
४) भैरव स्थान पाल्पा
५) अमर नारायण मन्दिर

आज मिती २०६६/०३/१० गतेका दिन स्थानीय जन प्रतिनिधि तथा अन्य पदाधिकारीको उपस्थीतिमा सतखलुवा ताल, बारबर्दिया सिमसार क्षेत्रको अवलोकन गरीयो। यस बैठकमा ताल सम्बन्धी जानकारी संरक्षण तथा विकासका योजनाहरु का बारेका पनि छलफल गरीयो।

छलफलमा उपस्थीत जनप्रतिनिधिहरु

१) फुलु थारु बारबर्दिया ३ वडा अध्यक्ष [illegible]
२) सुनिल कुमार चापागाई (सिमसार अभियन्ता) 9848017258 सुनिल
३) सिब प्रसाद अधिकारी सतखलुवा जागृती सो. च. अध्यक्ष) [illegible]
४) तिलक थापा उपभोक्ता [illegible]
५) प्रेम प्रसाद ढकाल ''
६) इश्वरी ढकाल '' [illegible] प्रेम
७) चन्द्रप्रकाश तिवारी '' चन्द्रप्रकाश
८)

आजमिति २०६६/०३/०८ जिल्ला समन्वय समीति दाङ, का
कार्यालय प्रमुख सरिता पुन थापा ज्यू संग बसेको बैठक
मा निम्न पाँच स्थलको अभिलेखाङ्कन गर्ने कार्य
निर्णय गरीयो । यस बैठकमा उपस्थीत निम्न व्यक्तिको
हस्ताक्षर सहित उक्त स्थलको अध्ययन गरीने निर्णय
गरीयो ।

सरीता पुन थापा सावित्री पुन थापा
सोनि योञ्जन तामाङ
अञ्जना तिमल्सिना

अध्ययन गरीने स्थान हरु :-

१) पाण्डवेश्वर
२) अम्बिकेश्वरी
३) सिद्धि पिठ रत्ननाथ मठ
४) त्रिपुरी शिवालय, देउखुरी } (कम महत्व भएका क्षेत्र)
५) मन्कुन्या देवी मन्दिर, देउखुरी }
६) छिल्ली कोट
७) दंगी शरणको दरवार

आज मिती २०६६/०३/१० गते का दिन स्थानीय जन प्रतिनिधि तथा
अन्य पदाधिकारी को उपस्थीतिमा सतखलुवा ताल, बारबर्दिया
सिमसार क्षेत्रको अवलोकन गरीयो। यस बैठक मा
ताल सम्बन्धी जानकारी संरक्षण तथा विकासका योजनाहरु
का बारेका पनि छलफल गरीयो।

छल फलमा उपस्थीत जनप्रतिनिधिहरु

१) फुलु थरु बारबर्दिया ६ वडा अध्यक्ष
२) सुनिल कुमार थापामगर (सिमसार अभियन्ता) 9848017258 सुनिल
३) सिब प्रसाद अधिकारी सतखलुवा जागृती सो.च.अध्यक्ष) 
४) तिलक थापा उपकोषाध्यक्ष
५) प्रेम प्रसाद पोखरेल ''
६) ईश्वरी पोखरेल '' प्रेम
७) चन्द्रप्रकाश तिवारी '' चन्द्रप्रकाश
८)

आज मिति २०६६/०३/१५ गतेका दिन लुम्बिनी विकास कोषका कार्यलय प्रमुख ~~साथ~~ माधव प्रसाद आचार्य संग बसेको छलफलमा कपिलवस्तु जिल्लामा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्वको स्थान पहिचान गरी त्यसको महत्वको बारेमा चर्चा गरीयो।

यस छलफलमा कपिलवस्तुका निम्न पाँच पुरातात्विक, ऐतिहासिक तथा धार्मिक स्थलहरु निम्न प्रकारले छन्।

१) सोनवागढ
२) सिसनिया कोट
३) विकुलिका ऐतिहासिक टिस्को
४) लम्तिया कोट
५) हर्दैवा पुरातात्विक स्थल

बैठकमा उपस्थित पदाधिकारी हरु
१) माधव प्रसाद ~~आचार्य~~ आचार्य
२) लुसन नकर्मि
३) पावण साहि
४) अञ्जना तिमलसिना
५) अस्मिता शाक्य

आजमिती २०७६/०३/१८ गते पालपा जिल्ला समन्वय कार्यलय
का पदाधिकारी सग बसेको छलफलमा पालपा जिल्लामा
रहेका ऐतिहासिक पुरातात्विक तथा धार्मिक क्षेत्रको बारेमा
छलफल गरी निम्न पाँच पुरातात्विक ऐतिहासिक तथा
धार्मिक क्षेत्रको अध्ययन गर्ने निर्णय गरियो बारेमा जानकारी गरीयो।
अध्ययनमा उपस्थीत पदाधिकारीहरु
मिरा मरासिनी
लेख नाथ ज्ञवाली

अध्ययन गरीने क्षेत्र
१) रम्भा देव मन्दिर
२) ऋषिकेशव मन्दिर
३) रानी महल
४) भैरव स्थान पालपा
५) अमर नारायण मन्दिर

आज मिती २०६६/०३/१३ गते रोल्पा जिल्ला समन्वय कार्यालयका प्रमुख अधिकारी टंक प्रसाद गौतम ज्यू संगै बसेको छलफलमा यस क्षेत्रमा रहेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक स्थलका बारेमा जानकारी प्राप्त गरियो। यस छलफलमा यस क्षेत्रमा रहेका प्रमुख पाँच पुरातात्विक, ऐतिहासिक तथा धार्मिक स्थलहरुको सूचि तयार गरी उक्त स्थानमा अध्ययन गरीने निर्णय गरीयो।

छलफलमा उपस्थीत पदाधिकारीहरु

जिल्ला समन्वय प्रमुख श्री राजबहादुर बुढा ९८४५९११४६६ (सही)

जिल्ला समन्वय अधिकारी श्री टंक प्रसाद गौतम ९८५६८५५२२२ (सही)

१) त्रिपुरेश्वरी देवि मन्दिर

२) पाटेश्वर देवि मन्दिर

३) शिवालय दहार

४) बराह मन्दिर

५) पारिङ् मारिङ्